परिवर्तन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पुत्लाचौर रोल्पा, लुम्बिनी प्रदेश

# परिवर्तन गाउँपालिकाको दोस्रो आवधिक विकास योजना

## (२०८१/८२-८५/८६)



कन्सल्टेन्टः
माडी कन्सल्टेन्सी प्रा.लि.

मिति :२०८० फाल्गुण

## विषय सूची

**परिचय........................................................................................७**

१.१. पृष्ठभुमि .............................................................................. ७

१.२ आवधिक योजना तर्जुमाको उदेश्य ................................................ ८

१.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरु .............................................. ८

१.४ आवधिक योजना तर्जुमा प्रकृया ........................................................ ९

१.४.१ दस्तावेजहरूको अध्ययन .............................................................. ९

१.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक ................................................... १०

१.४.३ योजना अभिमुखिकरण कार्यशाला................................................... १०

१.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण ....................................... १०

१.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण........ १०

१.४.६ आवधिक योजना तर्जुमा कार्यशाला ............................................... १०

१.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला ...................................................... ११

१.४.८ अन्तिम प्रतिवेदन स्वीकृत................................................................ ११

१.५ अध्ययनको सीमा ........................................................................ ११

१.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र......... ११

**परिच्छेद- २ – गाउँपालिकाको वस्तुस्थिति र उपलब्धि समीक्षा.......................................१२**

२.१ परिवर्तन गाउँपालिकाको परिचय........................................................ १२

२.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना................................ १२

२.१.२ नदीनाला तथा तालपोखरी ............................................................ १५

२.१.३ ऐतिहासिक स्थलहरू....................................................................... १६

२.१.४ वन तथा वनस्पती ........................................................................ १६

२.१.५ स्थानीय चाडपर्व तथा जात्रा र मेला .................................................. १७

२.१.६ जनसंख्या.................................................................................... १७

२.१.७ गाउँपालिकाको भू-उपयोगको स्थिति.................................................. १३

२.२ आर्थिक अवस्था ........ २०
२.२.१ कृषि, पशुपंक्षी तथा माछापालन ........ २०
२.२.२ भू-स्वामित्व ........ २१
२.२.३ सिंचाई ........ २९
२.२.४ उद्योग तथा वाणिज्य........ २१
२.२.५ मुख्य बजार केन्द्रहरु........ २३
२.२.६ पर्यटन ........ २३
२.३ सामाजिक अवस्था ........ २५
२.३.१ शिक्षा ........ २५
२.३.२ स्वाथ्य ........ २६
२.३.३ खानेपानी तथा सरसफाई ........ २६
२.३.४ लैंगिक समानता र सामाजिक समावेशीकरण........ २७
२.४ भौतिक पूर्वाधारको अवस्था ........ २८
२.४.१ सडक तथा यातयात........ २८
२.४.२ विद्युत, वैकल्पिक उर्जा तथा इन्धन ........ २९
२.४.३ संचार ........ २९
२.५ बन, वाताबरण तथा विपद् व्यवस्थापन........ २९
२.६ संस्थागत विकास र सुशासन........ ३०
२.७ बजेट विश्लेषण ........ ३०
**परिच्छेद ३-दीर्घकालीन सोच तथा अवधारणा........ ३२**
३.१ पृष्ठभूमि ........ ३२
३.२ अवसर र चुनौती........ ३२
३.३ दिगो विकासका लक्ष्यहरु सँग आवधिक योजनाको तादम्यता ........ ३३
३.४ गाउँपालिकाको दीर्घकालीन सोच ........ ३४
३.५ समष्टिगत लक्ष्य ........ ३४

३.६ विषय क्षेत्रगत उद्धेश्यहरु ........................................................................ ३४

३.७ गाउँपालिका सम्वृद्धिको आधार ................................................................ ३५

३.७.१ कृषि........................................................................................ ३५

३.७.२ पर्यटन .................................................................................... ३५

३.७.३ वन तथा वन पैदावार ................................................................... ३५

३.७.४ खानी खनिज............................................................................. ३५

३.८ परिमाणात्मक लक्ष्य ................................................................................ ३६

३.९ मुख्य रणनीति तथा मुख्य कार्यनीतिहरु.......................................................... ३७

३.१० प्रमुख कार्यक्रमहरु ................................................................................ ३९

**परिच्छेद- ४ आर्थिक विकास**................................................................................. ४२

४.१. कृषि विकास .......................................................................................... ४२

४.२ पशुपन्छी विकास....................................................................................... ४७

४.३ घरेलु तथा साना उद्योग तथा व्यापार व्यवसाय ................................................. ४९

४.४ पर्यटन विकास............................................................................................ ५३

४.५ सहकारी विकास.......................................................................................... ५६

**परिच्छेद ५- सामाजिक विकास** ............................................................................... ५९

५.१ शिक्षा ........................................................................................................ ५९

५.२. स्वास्थ्य तथा पोषण...................................................................................... ६४

५.३. महिला तथा बालबालिका ............................................................................... ६८

५.४. दलित, उत्पीडित र बर्ग उत्थान......................................................................... ७२

५.५ आदिवासी जनजाती विकास............................................................................ ७४

५.६ बाल अधिकार तथा बाल संरक्षण.................................. Error! Bookmark not defined.

५.७ युवा तथा खेलकुद ........................................................................................ ७७

५.८ खानेपानी तथा सरसफाई.................................................................................. ८०

**परिच्छेद- ६ भौतिक पूर्वाधार विकास**.................................................................... ८३

६.१ सडक तथा यातायात क्षेत्र ........ ८३

६.२ सञ्चार ........ ८६

६.३ विद्युत तथा उर्जा ........ ८८

६.४ भवन तथा वस्ति विकास ........ ९१

६.५. सिंचाई विकास ........ ९३

**परिच्छेद- ७ - वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन ........ ९६**

७.१ वन तथा वातावरण संरक्षण ........ ९६

**परिच्छेद ८ - संस्थागत विकास तथा सुशासन ........ १०१**

८.१ संस्थागत सुशासन तथा क्षमता विकास ........ १०१

**परिच्छेद ९ - वित्तिय विश्लेषण ........ १०६**

९.१ वजेट विश्लेषण र आवधिक योजना अवधिको लागि प्रक्षेपण ........ १०६

९.२ वित्तीय हस्तान्तरण ........ १०६

९.३ आय अनुमान ........ १०६

९.४ आवधिक योजनाको बजेट अनुमान ........ ११२

**परिच्छेद-१० कार्यान्वयन, अनुगमन तथा मुल्यांकन ........ ११७**

१०.१ कार्यान्वयन कार्ययोजना ........ ११७

१०.१.१ योजना कार्यान्वयन तालिका ........ ११७

१०.१.२ मध्यकालिन खर्च संरचना ........ ११७

१०.१.३ आयोजना बैंक ........ ११८

१०.२ अनुगमन तथा मूल्याङ्कन ........ ११८

१०.३ नतिजामा आधारित अनुगमन ढाँचा अनुसार वार्षिक समिक्षा ........ ११८

१०.४ मध्यावधि मूल्याङ्कन ........ ११९

१०.५ अन्तिम मूल्याङ्कन ........ ११९

अनुसूची- १: पालिका गौरबका योजनाहरु ........ १२०

अनुसूची-२ वडा स्तर वाट माग भइ आएका योजना विवरण ........ १२०

अनुसूची -३ **GIS Map** ........................................................................१४०

अनुसूची-४: कार्यक्रमका फोटोहरु ...............................................................१४२

तालिका सूची

तालिका नं. :1 गाउँपालिकामा समावेश भएका साविकका गा. वि. स. र वडाहरू............................१२

तालिका नं. :3 कृषि उत्पादनले खाधान्न आपूर्तिको आवस्था...............**Error! Bookmark not defined.**

तालिका नं. :4 गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु ................................................३६

तालिका नं. :5 कृषि विकास नतिजा खाका ........................................................................४५

तालिका नं. : 6 पशुपंक्षी विकास नतिजा खाका .................................................................४९

तालिका न.: 7 घरेलु तथा साना उद्योग विकास नतिजा खाका.................................................५२

तालिका न.: 8 पर्यटन विकास नतिजा खाका ......................................................................५५

तालिका न.: 9 सहकारी विकास नतिजा खाका.....................................................................५७

तालिका न.: 10 शिक्षा विकास नतिजा खाका......................................................................६२

तालिका न.: 11 स्वास्थ्य तथा पोषण नतिजा खाका..............................................................६६

तालिका न.: 12 महिला तथा बालबालिका विकास नतिजा खाका ...............................................७१

तालिका न.: 13 दलित, उत्पीडित र बर्ग उत्थान नतिजा खाका.................................................७४

तालिका न.: 14 आदिवासी जनजाती विकास नतिजा खाका .....................................................७६

तालिका न.: 15 बालविकास नतिजा खाका ..................................**Error! Bookmark not defined.**

तालिका न.: 16 युवा तथा खेलकुद विकास नतिजा खाका.......................................................७९

तालिका न.: 17 खानेपानी तथा सरसफाई नतिजा खाका........................................................८१

तालिका न.: 18 सडक तथा यातयात विकास नतिजा खाका....................................................८५

तालिका न.: 19 संचार विकास नतिजा खाका ........................................................................ ८८
तालिका न.: 20 विद्युत तथा उर्जा विकास नतिजा खाका ........................................................ ९०
तालिका न.: 21 भवन तथा वस्ती विकास नतिजा खाका ........................................................ ९२
तालिका न.: 22 सिंचाई विकास नतिजा खाका ....................................................................... ९५
तालिका न.: 23 वन तथा वातावरण संरक्षण नतिजा खाका .................................................. १००
तालिका न.: 24 संस्थागत सुशासन तथा क्षमता विकास नतिजा खाका ................................... १०४
तालिका न.: 25 प्रक्षेपण तालिका ...................................................................................... १०८
तालिका न.: 26 क्षेत्रगत बजेट अनुमान ............................................................................... ११२

# परिच्छेद १ - परिचय

## १.१. पृष्ठभुमि

संविधानतः स्थानीय तहको एकल तथा साझा अधिकार क्षेत्र भित्र रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिको काम कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ । योजना तर्जुमा विधि र प्रक्रियालाई सहज र स्पष्ट गर्न राष्ट्रिय योजना आयोग तथा प्रदेश योजना आयोगबाट स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनहरु जारी भएका छन । संघ, प्रदेशवाट व्यवस्था गरिएका त्यस प्रकारका प्रावधान एवं ऐन तथा कानूनी व्यवस्थाको अधिनमा रही परिभाषित विधि पद्धतिको पूर्ण अवलम्वन गर्दै परिवर्तन गाउँपालिकाले आवधिक गाउँ विकास योजना (२०८१/८२-२०८५/८६) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । राज्य शक्तिको बाँडफाँड तथा पुर्नसंचरना अनुसार गठन भएको परिवर्तन गाउँपालिकाले योजनावद्ध ढङ्गवाट गाउँपालिका क्षेत्रको विकास गर्ने उद्देश्यका साथ यो दोस्रो आवधिक योजना तर्जुमा गरिएको छ ।

मुलुकमा सङ्घीयता कार्यान्वयन सँगै गाउँपालिकाले आफ्नो आर्थिक—सामाजिक विकास मार्फत स्थानीय समृद्धि हासिल गर्न र गुणस्तरीय सार्वजनिक सेवा उपर नागरिकको पहुँच बढाउन संविधान प्रदत्त अधिकार क्षेत्रभित्रका विषयका विकास योजना तथा कार्यकमहरु निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ । विकासको मध्यमकालीन तथा दीर्घकालीन दृष्टिकोण राख्दै विकासका उद्धेश्यहरु, रणनीतिक कार्यक्रमहरु र आयोजनाहरुको छनौट, कार्यान्वयनको कार्ययोजना र अनुगमन तथा मूल्याङ्कनको सुस्पष्ट ढाँचा र कार्यविधि प्रस्तुत गरिने आवधिक योजनाबाट गाउँपालिकामा उपलब्ध सीमित स्रोत साधनको अधिकतम प्रतिफल प्राप्त हुने गरी उपलब्धिको न्यायोचित वितरणको व्यवस्था मिलाउन सघाउ पुग्दछ। आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनीय बनाउनुपर्ने हुन्छ।

संघ, प्रदेश र गाउँपालिकाको आवधिक योजना वीच अन्तरसम्बन्ध कायम गरी गाउँपालिकाले आवधिक योजना तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रिया सँग अनुकुल हुने गरी सहभागितामूलक रुपमा तर्जुमा गर्नुपर्ने हुन्छ । यसो गर्दा सुशासन, वातावरण, बालमैत्री, विपद् व्यवस्थापन, जलवायु परिवर्तन अनूकुलन र लैगिंक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित बिषयबस्तुहरुलाई सर्बोपरी मानी उत्पादनमूलक एवं छिटो प्रतिफल दिने, जीवनस्तर सुधार, लक्षित वर्गहीत, रोजगारीका अवसरहरु सिर्जना, साँस्कृतिक तथा धार्मिक परम्पराको जर्गेनाजस्ता बिषयलाई प्राथमिकता दिइ योजनाहरु तर्जुमा गरिनुपर्छ ।

यस पृष्ठभूमिमा गाउँपालिकाको स्थानीय स्रोत र साधनको समुचित उपयोग गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ। योजनाबद्ध विकासको परिपाटी अवलम्बन गर्दै स्रोत साधनको परिचालन तथा जनताको आवश्यकताको प्राथमिकीकरण गरी विकासको चाहना सम्बोधन गर्न यो आवधिक योजना एक निर्देशक दस्तावेजका रुपमा रहनेछ ।

## १.२ आवधिक योजना तर्जुमाको उदेश्य

स्थानीय तहको योजनाबद्ध विकास प्रयास र प्रक्रियालाई मार्गदर्शन गर्नु आवधिक योजनाको प्रमुख उद्देश्य रहेको छ । आवधिक योजना तर्जुमाका विशिष्ट उद्देश्यहरू देहायअनुसार रहेका छन्:

- योजनाबद्ध, नतिजामूलक, समावेशी र उत्थानशील विकासका लागि स्थानीय तहका गतिविधिलाई निर्दिष्ट लक्ष्य हासिल गर्ने दिशातर्फ निर्देशित गर्नु,
- स्थानीय विकासका सरोकारवालाहरूमा विकास प्रयास र उपलब्धिमा साझा प्रतिवद्धता र उत्तरदायित्व सिर्जना गर्नु,
- विकासको राष्ट्रिय तथा प्रादेशिक लक्ष्य र प्राथमिकतासँग स्थानीय विकासको तादात्म्य कायम गर्नु,
- सहभागितामूलक विधिका माध्यमबाट विकास प्रयासलाई मार्गदर्शन गर्ने र अपेक्षित नतिजा हासिल गर्ने गरी स्थानीय विकासको प्रारूप तयार गर्नु,
- नतिजामा आधारित स्थानीय विकासलाई प्रवर्द्धन गर्नु ।

## १.३ योजना तर्जुमाका मार्गदर्शक आधारहरु

संविधानको धारा ५७ ले स्थानीय तहको अधिकार संविधानको अनुसूची –८ मा उल्लेखित विषयमा रहने र त्यस्तो अधिकारको प्रयोग स्थानीयतहले बनाएको कानून बमोजिम हुने भनेको छ । त्यसैगरी अनुसुची ९ मा स्थानीय तह, प्रदेश र संघको १५ वटा साझा अधिकार सम्बन्धि व्यवस्था छ । जस अनुसार संघको अधिकार क्षेत्रमा सञ्चालन हुने क्रियाकलाप बाहेकका अधिकांश विषय क्षेत्रमा स्थानीय तहले ऐन, नियम तथा कार्यविधि बनाई लागू गर्ने, स्थानीय विकासका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्ने र अनुगमन तथा नियमन गर्ने अधिकार प्रदान गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा १ अनुसार गाउँपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासकालागि आवधिक, बार्षिक र विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा नगरपालिका तथा गाउँपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा देहायअनुसार गर्नुपर्ने समेत व्यवस्था गरिएको छ ।

- नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनुपर्ने ।
- योजनाका मध्यम तथा दीर्घकालिन प्रकृतिका आयोजनाहरुको सूची तयार गर्नुपर्ने ।
- योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धीजिवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाको अधिकतम सहभागिता गराउनुपर्ने ।
- योजना तर्जुमा गर्दा आयोजनाहरुको संभाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानूमान, आयोजनाको प्राथमिकता निर्धारण, योजना कार्यान्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गर्नुपर्ने ।

- गैर सरकारी संस्था, उपभोक्ता समिति, सहकारी संस्था र सामुदायिक संस्थाले स्थानीय सरकारसँग समन्वयमा रही कार्य गर्नुपर्ने र आफ्नो बार्षिक कार्यक्रम तथा बजेट स्थानीय सरकारको बार्षिक बजेट तथा कार्यक्रममा समावेश गराउनुपर्ने एवं स्थानीय तहले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउनुपर्ने ।

त्यसै गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १६ र १७ ले राजस्व बाँडफाँट, प्राकृतिक श्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, बैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु कार्यान्वयन गर्न वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने र मध्यमकालिन खर्च संरचना समेत तयार गर्नुपर्ने व्यबस्था गरेको छ । अर्को तर्फ, पन्ध्रौ योजनाले प्रदेश तथा स्थानीय तहहरू बीच अन्तरसम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिएको छ । अन्तराष्ट्रिय रुपमा प्रतिबद्धता जाहेर गरेका दिगो विकासका लक्ष्यहरु हासिल गर्न गाउँपालिकाहरुले आ—आफ्ना तहबाट सघाउनुपर्ने हुन्छ । आवधिक योजना तजुर्मा देहायका नीतिगत दस्ताबेजहरुबाट समेत निर्देशित रहेको छ ।

- दिगो विकासका लक्ष्यहरू
- सोहौं योजनाको आधारपत्र
- लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना
- लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना
- विषयगत ऐन तथा नीतिहरू
- नेपाल पक्ष भएका सन्धी सम्झौताहरु
- राष्ट्रिय योजना आयोगबाट जारी राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन निर्देशिका
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (राष्ट्रिय योजना आयोग)
- परिवर्तन गाउँपालिकाको आर्थिक र विनियोजन ऐनहरु

## १.४ आवधिक योजना तर्जुमा प्रकृया

योजना तर्जुमा गर्दा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ (५) को सहभागिता सम्बन्धी प्रावधानहरु अनुरुप स्थानीय बुद्धिजिवी, विषयविज्ञ, अनुभवी, पेशाविद, सिमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसङख्यक, अपाङ्ता भएका व्यक्ति, ज्येष्ठ नागरिक लगायतका सरोकारवालाहरूको अधिकतम सहभागितामा पाँचवटा बिषयगत समितिमा छलफल गरिएको थियो । आवधिक योजना तर्जुमा गर्दा देहाएका प्रक्रियाहरुलाई अवलम्बन गरिएको छ ।

### १.४.१ दस्तावेजहरूको अध्ययन

यस अन्तरगत योजना तर्जुमा सम्बन्धी प्रमुख दस्तावेजहरु सोह्रौ योजनाको आधारपत्र, पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको दश बर्षे रणनीतिक योजना, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना, राष्ट्रिय योजना आयोगले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, प्रदेश नीति तथा योजना आयोगले तयार गरेको प्रदेशको वस्तुस्थिति विवरण २०७५, विभिन्न मन्त्रालय तथा विभागहरुले प्रकाशन गरेका प्रतिवेदनहरुमा उल्लेखित प्रावधनहरुको अध्ययन गरिएको थियो । साथै राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेका प्रतिवेदनहरु, प्रदेश सम्बन्धी सूचनाहरु तथा परिवर्तन गाउँपालिकाको पार्श्वचित्र

२०७४, स्वाथ्य क्षेत्रको पार्श्वचित्र वस्तुस्थिति विश्लेषण प्रतिवेदन २०७९/०८०,पञ्चवर्षीय कृषि विकास गुरुयोजना २०७९, राजस्व सुधार कार्ययोजना २०८०, क्षमता विकास योजना २०८०, स्थानीय ऐन नियम तथा अन्य विविध पक्षहरूको अध्ययन तथा विश्लेषण गरिएको थियो ।

### १.४.२ योजना तर्जुमा पूर्वतयारी बैठक

परिवर्तन गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, र सूचना अधिकृतसँग छलफल गरी योजना प्रक्रिया अगाडि बढाउने निर्णय गरिएको थियो। साथै निर्देशक समिति र सहजीकरण समिति गठन तथा अन्य व्यवस्थापकीय तयारी सम्बन्धी विस्तृत रूपमा छलफल गरी आवधिक योजना निर्माणको विस्तृत कार्ययोजना पेश गरिएको थियो ।यसै सिलसिलामा, मिति २०८० मंसिर ६ गते परिवर्तन गाउँपालिकाका अध्यक्षसंग अनौपचारिक छलफल गरी आवधिक योजना तर्जुमा सम्बन्धि अभिमुखीकरण कार्यशालाको मिति तय गरिएको थियो ।

गाउँपालिकाको आवधिक योजना तर्जुमा अभिमुखीकरण कार्यशालाको तयारी स्वरुप मिति २०८० मंसिर ७ गते निर्देशक समितिको गठन, सहजीकरण समितिको गठन र परामर्श दाता संस्थाले पेश गरेको आवधिक योजनाको प्रारम्भिक प्रतिवेदन छलफल गरी पास गरियो।

### १.४.३ योजना अभिमुखिकरण कार्यशाला

गाउँपालिकाको आवधिक योजना तर्जुमा सम्बन्धी अभिमुखीकरण कार्यशाला २०८० मंसिर ९ गते संचालन गरीएको थियो । उक्त कार्यशालामा आवधिक योजना निर्माणको मुख्य उद्देश्य र यसले समग्र गाउँपालिकाको विकासमा पार्ने प्रभावको बारेमा छलफल गरिएको थियो । कार्यशालामा आवधिक योजना बनाउँदा अपनाउने प्रक्रियाहरु तथा क्रियाकलापहरूको बारेमा विस्तृत रूपमा छलफल गरिनुका साथै सूचनाहरु व्यवस्थित ढंगले संकलन गर्ने बारे छलफल गरिएको थियो ।

### १.४.४ आधार रेखा सूचना तथा तथ्याङ्क विश्लेषण

योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्याङ्क संकलनका लागि वडा समितिको पहलमा वडास्तरिय परामर्श बैठकहरु मिति २०८० मंसिर १० देखि १२ सम्म गरिएको थियो। जसमा स्थानीय जनताको प्रतिनिधिमूलक सहभागिता रहेको थियो। प्रमुख राजनीतिक दलका प्रतिनिधिहरु तथा सरोकारवालाहरुसंग परामर्श गरी गाउँपालिकाको विविध पक्षहरु जस्तै पूर्वाधार, कृषि, उद्योग, वित्तीय संस्था, जलश्रोत आदिको बारेमा सूचना संकलन गरिएको थियो। यसैगरी वडा क्षेत्रमा रहेका समस्या, चुनौती तथा अवसरहरु पहिचान गरी सम्भावना बोकेका आवश्यक क्षेत्रहरूको बारेमा सूचना तथा तथ्याङ्क संकलन गरिएको थियो। गाउँपालिकाका सबै वडाहरुबाट सहभागितामुलक ढंगबाट तथ्याङ्क संकलन गरिएको थियो।

### १.४.५ वडास्तरीय वस्तुस्थिति समस्या चुनौती तथा अवसर पहिचान तथा विश्लेषण

योजना तर्जुमाको क्रममा समग्र वस्तुस्थिति बारेको विश्लेषणका लागि SWOT विश्लेषण गरी वडातहबाट समस्या तथा सम्भावना पहिचान गरिएको थियो। सबै वडामा लक्षित समुह छलफल संचालन गरी वडाको वस्तुस्थिति समस्या, चुनौति, अवसर, क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख योजना तथा कार्यक्रमहरुका सम्बन्धमा राय तथा सुझाब संकलन गरिएको थियो ।

### १.४.६ आवधिक योजना तर्जुमा कार्यशाला

आवधिक योजना तर्जुमा कार्यशाला विषयगत क्षेत्रका सरोकारवालाहरूको सहभागितामा मिति २०८० मंसिर १३ र १४ गते आयोजना गरिएको थियो । गाउँपालिकाको प्रत्येक शाखाका कर्मचारीहरुसंग मंसिर १५ र १७ गते छुट्टाछुट्टै छलफल गरी आधार तथ्यांक संकलन र विश्लेषण गरिएको थियो। कार्यशालाबाट विषय क्षेत्रगत समस्या, अवसर, चुनौति तथा सम्भावनाहरुको वस्तुपरक विश्लेषणका आधारमा विषयगत लक्ष्य तथा परिमाण सूचक निर्धारण गरी ती लक्ष्य तथा सूचक हासिल गर्न अवलम्बन गरिनुपर्ने रणनीति तथा कार्यनीतिहरु, प्रमुख कार्यक्रमहरु र अनुमानित लागत समेटेर मस्यौदा तयार गरिएको थियो ।

### १.४.७ मस्यौदा प्रमाणीकरण कार्यशाला

आवधिक योजनाको पहिलो मस्यौदा तयार भई सकेपछि गाउँपालिकाका प्रतिनिधिहरु तथा कर्मचारीहरु र राजनीतिक दलका प्रतिनिधिहरु, विषयगत विज्ञहरु तथा सरोकारवालाहरुको सहभागितामा मस्यौदा प्रमाणीकरण कार्यशाला मिति २०८० माघ २८ गते संचालन गरिएको थियो । मस्यौदा उपर विस्तृत रूपमा समीक्षा भइ सहभागीहरुबाट प्राप्त सुझाव र सल्लाहको आधारमा मस्यौदालाई थप परिमार्जित गरिएको छ ।

### १.४.८ अन्तिम प्रतिवेदन स्वीकृत

सहभागितामूलक कार्यशालाको निष्कर्ष, मस्यौदा प्रमाणीकरण कार्यशालाबाट प्राप्त सुझाव तथा विषय विज्ञहरूसंगको परामर्श तथा छलफलका क्रममा आएका सुझावको आधारमा तयार भएको परिवर्तन गाउँपालिकाको दोस्रो पाँच वर्षे आवधिक आयोजना (२०८१/८२—२०८५/८६) को अन्तिम दस्ताबेजलाई गाउँसभावाट स्वीकृत गरिएको छ ।

## १.५ अध्ययनको सीमा

आवधिक योजना तर्जुमाको क्रममा गाउँ तहमा रहेका संस्थाहरुबाट तथ्याकं संकलन गर्दा कतिपय आवश्यक तथ्याकंहरुको अभाव रहेको देखियो। उपलब्ध तथ्याकंहरु स्रोत पिच्छै फरक पाइएको भएता पनि प्राप्त तथ्याकंलाई पुनः प्रमाणीकरण गरी योजना तर्जुमाका लागि प्रयोग गरिएको छ। योजना तर्जुमा गर्न गाउँपालिकाको प्रोफाइल, गाउँपालिका सम्बन्धी विभिन्न दस्ताबेजहरु र पूर्वाधार सम्बन्धी आयोजनाहरुबाट प्राप्त तथ्याकंको आधारलाई लिएर बिषयगत क्षेत्रहरुको लक्ष्य निर्धारण गरिएको छ। थप तथ्यांकहरुका लागि संघीय तथा प्रदेश स्तरको अध्ययन तथा अनुसन्धानका प्रतिवेदनहरुलाई आधार मानिएको छ ।

## १.६ विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र

गाउँपालिकाले प्रस्तुत आवधिक योजना तर्जुमा गर्दा निम्न पक्षलाई महत्व दिएको छ।

- योजना तर्जुमाको अवधारणात्मक विषयबस्तुको ज्ञान र सीप (conceptual clarity) ;
- तथ्याङ्क व्यवस्थापन विधि ( data management) ;र
- विकास लक्ष्य हासिल गर्न लिइने उद्देश्य, नीति र कार्यक्रम तथा लगानी चक्र।

Goal achieving cycle अनुरुप गाउँपालिकाको बस्तुस्थिति विश्लेषण र अवसर तथा चुनौतिहरुको समीक्षाका साथ गाउँपालिकाले लिएको सोचका आधारमा विषयगत लक्ष्यहरु निर्धारण गरी उद्धेश्यहरु स्थापित गरिएका छन । उद्धेश्यहरुका लागि विषयगत नतिजाहरु निर्माण गरिएको र नतिजाहरु प्राप्त गर्नका लागि कार्यक्रमहरु निर्धारण गरिएका छन् ।

# परिच्छेद- २ — गाउँपालिकाको वस्तुस्थिति र उपलब्धि समीक्षा

## २.१ परिवर्तन गाउँपालिकाको परिचय

### २.१.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

परिवर्तन गाउँपालिका रोल्पा जिल्लाको पश्चिम क्षेत्रमा अवस्थित छ जसलाई भेगीय हिसावले पश्चिम रोल्पा पनि भनिन्छ । १० वर्षे सशस्त्र युद्धको एउटा महत्वपूर्ण उद्गमस्थल मानिने परिवर्तन गाउँपालिका भौगोलिक रूपमा विकट भएपनि वन तथा जैविक विविधताले धनी रहेको छ । यो गाउँपालिकाको कुल क्षेत्रफल १६३.०१ वर्ग कि.मि. रहेको छ जसमध्ये सवैभन्दा कम क्षेत्रफल ३ नं. वडाको १२.६८ वर्ग कि. मि. र सवैभन्दा वढि वडा नं. १ को ४७.७६ वर्ग कि.मि. रहेको छ । यसरी साविकका ५ गा. वि. स. मिलेर परिवर्तन गाउँपालिका वनेको देखिन्छ ।

**तालिका १ः गाउँपालिकामा समावेश भएका साविकका गा. वि. स. र वडाहरू**

| वडा नं. | नाम | साविक | क्षेत्रफल (कि.मी.) |
|---|---|---|---|
| १ | कुरेली | कुरेली गा.वि.स.-पुरै | ४७.७६ |
| २ | राङसी | राङसी गा.वि.स -पुरै | ३२.६९ |
| ३ | थुनिकोट | इरीवाङ गा.वि.स ५-९ | १२.६८ |
| ४ | पाछावाङ | पाछावाङ गा. वि. स.-पुरै | ३१.७२ |
| ५ | राङकोट | राङकोट गा. वि. स.-पुरै | २४.९६ |
| ६ | कोल्बोट इरीवाङ | इरीवाङ गा. वि. स. १-४ | १३.२ |

स्रोतः आवधिक योजना तर्जुमा कार्यशाला २०८०

२०७४ भदौ २७ गते प्रथम गाउँ सभाले सर्वसम्मत रूपमा गाउँपालिकाको नाम परिवर्तन गर्ने निर्णय गरी दुइखोली गाउँपालिकाको नाम परिवर्तन गाउँपालिका राखिएको हो । दशवर्षे सशस्त्र युद्धका क्रममा सहादत प्राप्त गरेका नेता श्री नेपबहादुर केसी "परिवर्तन" को नामबाट परिवर्तन गाउँपालिका नामाकरण गरिएको हो ।त्यस्तै राङकोटमा रहेको केन्द्रलाई सवैको पायक पर्ने र उपयुक्त भौगोलिक वनावटको कारणले पुतलाचौरमा सारिएको छ ।

परिवर्तन मध्य पहाडी क्षेत्रमा अवस्थित उच्च डाँडाकाँडाले भरिपूर्ण गाउँपालिका हो । एक वार्डबाट अर्को वार्डमा जान घण्टौ पैदल हिड्नु पर्ने हुन्छ । गाउँपालिका केन्द्रसम्म आउन कुनै वार्डका जनतालाई आधा दिनसम्म लाग्दछ । प्राय सबै वार्डहरूसम्म जाने मोटरबाटो खनिएको छ। यस गाउँपालिकाको केही भौगोलिक तत्थ्यहरू यस प्रकार छन्ः

अक्षांसः २८°२४'N देखि २८° ३४' N  देशान्तरः ८२° २८'E देखि ८२° ३९'E

क्षेत्रफलः १६३.०१ वर्ग कि.मि.

हावापानीः उष्ण समशितोष्ण

तापक्रमः ३.६ देखि ३१.२ डिग्री सेल्सियससम्म

वर्षाः औषत १३.८८ देखि १८.३६ मिलीमिटर

Location Map of Pariwartan Rural Municipality




नक्सा १: Location Map

Slope and Elevation Map of Pariwartan Rural Municipality




नक्साः २ Slope and Elevation Map

## २.१.२ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

परिवर्तन गाउँपालिकाका प्रमुख प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु यस प्रकार रहेका छन् ।

### क) नदीनाला तथा तालपोखरी

यस गाउँपालिकामा ठूला नदीहरू छैनन् । स—साना पानीका स्रोतहरू भने प्रसस्तै छन् । परिवर्तन गाउँपालिका वडा नं ३ मा रहेका राजा पनेरा तथा वाहुन पनेरा, पाछावाङको चिन्तेपानी, केउरीको पुये बसारे मूल, कालावाङको ठारी मूल, यस गाउँपालिकाका प्रसिद्ध पानीका स्रोतहरू हुन्। यसैगरी पाछावाङमा अवस्थित रालेखोला, ढाङढुङ गाड, सानी गाड, चुनवाङ, बाफु खोला, पुतला खोला, वगाउंने खोला, त्रिवेणी खोला, धागरी खोला, राङसी खोला आदी साना नदीनालाहरू छन।

Drainage Map




नक्सा ३: Drainage Map

## ख) ऐतिहासिक स्थलहरू

यस गाउँपालिकामा धेरै परम्परागत मन्दीरहरू र हालै विकासित केही चर्चहरू समेत रहेका छन् । राङ्सीमा रहेका विभिन्न मठ मन्दीरहरू, इरिवाङ मन्दीर, पाछ्रावाङ मन्दीर, मौलाकोट मन्दिर, टिमुरवोट मन्दीर, छड्केहुरी मन्दिर, साहकवारी मन्दिर, सुकीदह मन्दीर, थुनिकोट, राग्माधुरी मन्दिर, कालिमाईदेवी मन्दिर, राङ्सीमा रहेको चर्च साथै शिवपार्वती मन्दीर, नौलोदेवी भगवती मन्दीर, वराह मन्दीर, वागमारा स्थित चर्च यहाँका प्रमुख ऐतिहासिक र धार्मिक स्थलहरू हुन्।

## ग) वन तथा वनस्पती

यहाँको हावापानी उच्च शितोष्ण खालको भएको हुनाले सल्ला प्रजातिका कोणधारी वनस्पतिहरू वढि पाईन्छन्। उचाईअनुसार पाइने मुख्य वनस्पतीहरूमा उत्तीस, पैयुं, ओखर, गुराँस, सल्ला, अंगेरु, वाँझ, खर्सुर लहरे पिपलका रुखहरु यस गाउँपालिकाका मुख्य वनस्पती हुन्। वन्यजन्तुमा राते, घोरल, खरायो, वँदेल, वाँदर, स्याल, दुम्सी, आदि पाईन्छन् । त्यस्तै यस गाउँपालिकाको जंगलहरूमा कालीज, ढुकुर, हलेसा, सुगा, परेवा, घुघुती, कुक्कु, न्याउली, च्याखुरा, तित्रा, जुरेली, फिस्टा जस्ता वन्यपंक्षीहरू पाइन्छन्। हावापानीको हिसावले यस गाउँपालिकामा करिव ४० प्रकारका विभिन्न जडिवुटीहरूको सम्भावना देखिन्छ । केही जडिवुटीहरू यस क्षेत्रवाट निर्यात पनि हुने गरेका छन् । व्यवसायिक रूपमा तेजपात, टिमुर, काउलो, अल्लो, सुगन्धवाल, चिराईतो, कुट्की जस्ता जडीवुटीको प्रचुर सम्भावना देखिन्छ ।

त्यसवाहेक पिठो जोर्नी, तारे, हताजोर, विलाजोर, तितेपाती, महझरी, ढुंगेफूल, सिस्नो जस्ता जडिवुटीहरू पनि पाईन्छन् । यस गाउँपालिकामा पालिने घरपालुवा पशुमा प्रमुख रूपमा वाख्रा, गाई, भैंसी, वंगुर, भेडा आदि छन् भने पंक्षीमा परेवा, कुखुरा र हाँस पालिन्छन्।

### घ) स्थानीय चाडपर्व तथा जात्रा र मेला

नेपालको सांस्कृतिक विविधतालाई झल्काउने प्रमुख विषय भनेको स्थानीय चाडपर्व, भाषा धर्म तथा संस्कृतिहरू हुन्। परिवर्तन पनि जातीय, भाषिक, धार्मिक रूपमा विविधता बोकेको गाउँपालिका हो । यसै कारण यहाँका स्थानीय चाडपर्व तथा संस्कृतिहरूमा पनि विविधता पाइन्छ । यस क्षेत्रमा बसोवास गर्ने जातजाति अनुसार फरक फरक चाडपर्व तथा जात्राहरू यहाँ मनाइने गर्दछन्। आम नेपालीको लागि नै साझा चाडपर्वको रूपमा मनाइने दशैं तिहार बाहेकका यहाँ क्षेत्री बाह्मणका तिज, मगर, कामी, दमाईका माघे संक्रान्ती, असार संक्रान्त, घिउ संक्रान्ती, वाह्र भदौ लगायतका यस क्षेत्रमा मनाइने महत्वपूर्ण चाडपर्व रूपमा हुन्। त्यसवाहेक मगर समुदायले मनाउने भुमे पर्व पनि यहाँको मुख्य स्थानीय चाड हो।

### २.१.३ जनसांख्यिक अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार परिवर्तन गाउँपालिकाको कुल जनसंख्या २१ हजार ६७१ रहेको छ, जसमा पुरुष ९ हजार ९८५ र महिला ११ हजार ६८६ रहेको छ। जम्मा घरधुरी संख्या ४६८२ रहेको छ। परिवर्तन गाउँपालिकाको स्वाथ्य पाश्वचित्र २०७९/०८० अनुसार यस गाउँपालिकामा कुल घरधुरी संख्या ४६२५, जनसंख्या २६२८४ छ भने जसमा पुरुष १३०३४ र महिला १३२५० रहेको छ । जातजातीको आधारमा सबै भन्दा धेरै मगर ४९.८ प्रतिशत, क्षेत्री ३७.२ प्रतिशत, दलित ११.३ प्रतिशत, ठकुरी ०.३ प्रतिशत, वादी ०.३ प्रतिशत, नेवार ०.३ प्रतिशत, दशामी ०.२ प्रतिशत, पहाडी ब्रामण ०.२ प्रतिशत र अन्य ०.३ प्रतिशत रहेका छन् । त्यस्तै सबैभन्दा बढी हिन्दुधर्म मान्ने ८०.२ प्रतिशत, प्रकृति १५.४ प्रतिशत, क्रिस्चियन २.९ प्रतिशत, १.९ बौद्ध प्रतिशत र मुस्लिम ०.०३ प्रतिशत रहेका छन् ।

आर्थिक रुपमा सक्रिय (१५-५९) उमेर समुहका जनसंख्या १२९१५ जना अर्थात ५९.५९ प्रतिशत रहेको छ । जनसंख्याको प्रवृत्ति विश्लेषणमा सहयोग हुने दृष्टिकोणले राष्ट्रिय जनगणना २०७८ अनुसारको घरधुरी तथा जनसंख्या सम्बन्धी वडागत विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका 2: वडा अनुसार घरधुरी र जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | जनसंख्या | | |
|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा |
| १ | ६७५ | १३६२ | १५७७ | २९३९ |
| २ | १०९६ | २२४६ | २६८२ | ४९२८ |
| ३ | ७४७ | १४६५ | १७६२ | ३२२७ |
| ४ | ८७९ | २००६ | २३५५ | ४३६१ |
| ५ | ८१८ | १८३७ | २११८ | ३९५५ |
| ६ | ४६७ | १०६९ | ११९२ | २२६१ |
| जम्मा | ४६८२ | ९९८५ | ११६८६ | २१६७१ |

स्रोतः जनगणना २०७८

वडागत रुपमा सबैभन्दा धेरै घरधुरी र जनसंख्या वडा नं २ मा छ भने सबैभन्दा थोरै घरधुरी  र जनसंख्या वडा नं. ६ मा रहेको छ ।

**वडा अनुसार जनघनत्व**



**आगामी १५ वर्षमा जनसंख्या वृद्धिको प्रक्षेपण**




चित्र १: जनसंख्या प्रक्षेपण

## २.१.४ गाउँपालिकाको भू-उपयोगको स्थिति




| | Waterbody | Forest | Riverbed | Built-up area | Cropland | Grassland | Other wooded land |
|---|---|---|---|---|---|---|---|
| 2020 | 5 | 100350 | 9 | 67 | 58904 | 8510 | 13135 |
| 2010 | 6 | 102919 | 9 | | 71553 | 2407 | 4186 |
| 2000 | 6 | 102107 | 9 | | 74550 | 18 | 4388 |
| 1990 | 7 | 115193 | 9 | | 61055 | 1763 | 3073 |




यस गाउँपालिकामा करिव ४९ प्रतिशत भू-भाग बनजंगलले ढाकेको छ भने झाडी बुट्यान क्षेत्र, चरन क्षेत्र पनि प्रशस्तै देखिन्छ । करिव २८ प्रतिशत भू-भाग खेतियोग्य जमिन छ ।

## २.२ आर्थिक अवस्था

### २.२.१ कृषि, पशुपंक्षी तथा माछापालन

परिवर्तन गाउँपालिकाको प्रोफाइल २०७४ तथा पाँच वर्षीय कृषि विकास गुरुयोजना २०७९ अनुसार करीव २८ प्रतिशत भू-भाग खेतियोग्ग जमीन रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा करीब ७८.२ प्रतिशत जनता परम्परागत कृषि पेशामा आवद्ध रहेका छन्। जसमा खेतिपाती तथा पशुपंक्षी पालनमा संलग्न रहेको जनसंख्या विवरणमा उल्लेख छ । कृषि जनगणना २०७८ अनुसार यस परिवर्तन गाउँपालिकामा ४३५५ कृषक परिवार रहेका छन् भने पशुपंक्षी पाल्ने कृषक परिवार संख्या ४१५७ रहेको छ

। ती मध्ये गाईगोरु पाल्ने कृषक परिवार ३५०८ र गाईगोरु संख्या ९६३४, राँगा भैंसी पाल्ने कृषक परिवार २६१७, राँगा भैंसी संख्या ५२२३, बाख्रा च्यांग्रा पाल्ने कृषक परिवार ३८३८ र बाख्रा च्यांग्रा संख्या २१५५६, भेंडाभेंडी पाल्ने कृषक परिवार ३३० र भेंडाभेंडी संख्या १२२०, सुँगुर/बंगुर पाल्ने कृषक परिवार ८८ र सुँगुर/ बंगुर संख्या १६५, कुखुरा पाल्ने कृषक परिवार संख्या ३७६१ र कुखुरा संख्या ३७०७६ रहेको छ ।

परिवर्तन गाउँपालिकाको पंचबर्षीय कृषि विकास गुरुयोजना २०७९ अनुसार खाद्यान्नवाली तर्फ मकै उत्पादन ४६३१, गहुँ उत्पादन २२१२, आलु उत्पादन ३४५४.४, केराउ उत्पादन २०८ र लसुन उत्पादन १८३.८२ मेट्रिक टन रहेको छ भने फलफुल उत्पादनमा कागती २७३.३४ र सुन्तला उत्पादन १२०.४४ मेट्रिक टन छ, भने मासु उत्पादन १३० मेट्रिक टन र अण्डा उत्पादन ५४ हजार र दुध उत्पादन दैनिक करिव १६५ लिटर रहेको छ। माछापालनको सुरुवात भएको छ भने सबै वडाहरुमा परम्परागत रुपमा मौरीपालन गरिरहेको अवस्था छ ।

यस गाउँपालिका वाट कृषि उपजको रुपमा विशेष गरी मकै, आलु, सुन्तला, कागती, सिमी, भांगो जस्ता वस्तुहरु निर्यात हुने गरेको छ । गाउँवासीको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत सीप र शैलीमा आधारित हुनुका कारण उत्पादकत्वमा खास सुधार हुन सकेको छैन । परम्परागत खेती प्रणाली दिनानुदिन घाटाको पेशा बन्दै गएको छ । कृषि पेशामा आफ्नो ज्यालाको समेत हिसाव राख्ने हो भने उत्पादनको मूल्यभन्दा लागत बढी भएको देखिन्छ ।

**तालिका 3: कृषि उत्पादनले खाधान्न आपूर्तिको आवस्था**

| समयवधि | जम्मा कृषक परिवार | प्रतिशत |
|---|---|---|
| १-३ महिना सम्म नपुग्ने | ५७२ | १३.१८ |
| ३ देखि ६ महिना सम्म नपुग्ने | १७१७ | ३९.६२ |
| ६ देखि ९ महिना सम्म नपुग्ने | ६९३ | १५.९९ |
| १२ महिना वा सो भन्दा वढी | १३५३ | ३१.२१ |
| जम्मा कृषक परिवार संख्या | ४३३५ | १०० |

स्रोतः परिवर्तन गाउँपालिकाको पाँच वर्षीय कृषि विकास गुरुयोजना २०७९

### २.२.२ भू-स्वामित्व

यस गाउँपालिकामा घरजग्गामा महिलाको स्वामित्व भएको घरधुरी संख्या १ प्रतिशत, जग्गा जमिनमा मात्र स्वामित्व भएको घरधुरी संख्या ५ प्रतिशत र जग्गा जमिनमा स्वामित्व नभएको घरधुरी संख्या ८४.२ प्रतिशत र उल्लेख नभएको १.५ प्रतिशत रहेको देखिन्छ ।

### २.२.४ उद्योग, व्यापार, व्यावसाय र आपूर्ति

गाउँ कार्यपालिकामा दर्ता भएका लघुउद्यम व्यवसायमा ५ वटा बाख्रापालन, ३ वटा सिलाई कटाई, एउटा कृषि तथा पशुपालन र एउटा अल्लो धागो तथा कपडा उद्योग रहेका छन् । परिवर्तन गाउँपालिकामा साना-उद्योग तथा ब्यवसाय २३९ रहेको छ ।ग्रील उद्योग, पानीघट्ट, होटेल, व्यपार ब्यवसाय आदीलाई अनिवार्य दर्ता गर्न पहल गर्नुपर्छ ।

कृषि तथा बनपैदावारमा आधारित उद्योगहरु जस्तैः अल्लोको कपडा उत्पादन, नेपाली कागज उत्पादनको लागि राम्रो सम्भावना छ । गाउँपालिकाको वडा नम्बर ४ सल्ली बजार, वडा नम्बर ३ र वडा नम्बर ५ को बलजुरेमा फलाम खानी रहेको, अन्य ठाउँमा सिसा तथा ढुंगा खानी रहेको हुनाले संघ र प्रदेश सरकारसंगको सहकार्यमा अन्वेषण गरी खानी खनिजको उपयोगवाट आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ ।गाउँपालिकामा रहेका व्यवसायलाई तालिकामा देखाईएको छ ।

तालिका 4: **गाउँ पालिकामा दर्ता व्यावसाय**

| क्र.स. | व्यावसायको नाम | संख्या |
|---|---|---|
| १. | किराना पसल | ७६ वाटा |
| २. | फेन्सी पसल | ११ वटा |
| ३. | मोबाईल पसल | २९ वटा |
| ४. | नास्ता पसल | २९ वटा |
| ५. | होटेल | १० वटा |
| ६. | वर्क सप | ४ वटा |
| ७. | उपचार क्लिनिक | ४ वटा |
| ८. | फ्रेस हाउस | ४ वटा |
| ९. | फोटो स्टुडियो | ३ वटा |
| १०. | पिसानी मिल | १० वटा |
| ११. | कुतिर उद्योग | १२ वटा |
| १२. | एग्रो भेट | १ वटा |
| १३. | टेलर्स | १५ |
| १४. | हाडवर्यर | ४ वटा |
| १५. | स्टेशनरी पसल | ५ वटा |
| १६. | सुनचाँदी पसल | ३ वटा |
| १७. | हेरकतिङ | १ वटा |

| | | |
|---|---|---|
| १८. | लेखापढी | १ वटा |
| १९. | कस्मेटिक पसल | ८ वटा |
| २०. | तरकारी पसल | ४ वटा |
| २१. | जुताचप्पल पसल | २ वटा |
| २२. | भाडा पसल | १ वटा |
| २३. | जडिवुटि पसल | १ वटा |
| २४ | मनि ट्रान्सफर | १ वटा |

स्रोतः परिवर्तन गाउँपालिका

यस बाहेक गाउँपालिकामा २३ वटा निर्माण व्यवसाय रहेको छ ।

### २.२.५ मुख्य बजार केन्द्रहरु

यस गाउँपालिका भित्र कुरेली बजार, पुतलाचौर, वागमारा बजार, दुईखोली बजार, आग्र खोला, कालापोखरा, भेरी खर्क, मौलाहट बजार र ओवाङ बजार आदि स्थानीय बजार केन्द्रहरु रहेका छन् । यी बजारहरुमा दैनिक उपभोग्य सामान, कपडा पसल, भाडा पसल, मेडिकल, हार्डवेयर सामानहरु आदि पाईन्छन् ।

### २.२.६ पर्यटन

परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोणले सम्भावित स्थलहरू पहिचान गरी पर्यटकीय गन्तव्य बनाउन वडा नं. ३ मा रहेको परिवर्तन पार्कलाई सुन्दर बगैचाको रूपमा चित्रण, विगतमा जनयुद्धको बेला परिवर्तन गा.पा. २ मा वर्तमान प्रधानमन्त्री प्रचण्डले सेल्टर लिएको स्थानलाई युद्ध पर्यटन, गुरिल्ला ट्रेक र थुनिकोट मन्दिरलाई धार्मिक पर्यटनको रूपमा प्रवर्द्धन गर्न सुरु गरिएको छ ।

शहिद राजमार्ग, दुइखोली—थवाङ हुँदै थवाङ, जलजला, महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा. लाई ट्रान्जिट पोइन्टको रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

### २.२.७ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस गाउँपालिकामा आम्दानीको स्रोतको रुपमा कृषि पेशा र बैदेशिक रोजगारी नै प्रमुख हुन् ।गाउँपालिकाको करिव ७८.२ प्रतिशत जनसंख्या कृषि पेशामा आवद्ध रहेको छ । गैर कृषि पेशमा करिव २२ प्रतिशत जनसंख्या संलग्न रहेका छन् यसमा व्यापार, निर्माण, यातयात र नोकरी प्रमुख हुन्। राष्ट्रिय जनगणना २०७८ अनुसार पालिकामा १० वर्ष भन्दा माथिका जनसंख्यामा साधारणतया ६६.३ प्रतिशत आर्थिक रुपमा सक्रिय रहेको देखिन्छ ।जनगणना अनुसार १० वर्ष भन्दा माथिका उमेर समूहमा जम्मा ६ प्रतिशत वेरोजगार देखिए पनि गाउँपालिकामा रोजगारीको लागि दिएको निवेदन र आवधिक योजना तर्जुमाको कार्यशालाको छलफल अनुसार करीब २० प्रतिशत वेरोजगार रहेको अनुमान छ ।

हाल सम्म पालिकामा एउटा मात्रै बाणिज्य बैंक रहेको छ ।केहि लघुवित्त रहेपनि गाउँवासीको वित्तीय सेवामा पहुँच अत्यन्तै कम्जोर रहेको छ ।

### २.२.८ सहकारी

यस पालिकामा हाल सम्म १३ वटा सहकारी दर्ता भइ संचालनमा रहेका छन्  जसमध्ये  ४ वटा कृषि सहकारी, ७ वटा बहुउदेशीय सहकारी र २ वटा वचत तथा ऋण सहकारी रहेका छन् ।

तालिका 5: **परिवर्तन गाउँपालिकामा दर्ता भएका सहकारी संस्था**

| क्र.स. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | इरिवाङ साना किसान कृषि सहकारी संस्था लि | परिवर्तन ३  रोल्पा |
| २ | पूर्णिमा कृषि सहकारी संस्था लि. | परिवर्तन ४ रोल्पा |
| ३ | महिला जनजागरण बहुउद्देश्यीय सहकारी संस्था लि. | परिवर्तन ५ रोल्पा |
| ४ | प्रोडिभी कृषि जनसहकारी संस्था लि. | परिवर्तन १ रोल्पा |
| ५ | जनआवाज बहुउद्देश्यीय सहकारी संस्था लि. | परिवर्तन ४ रोल्पा |
| ६ | दुईखोली कबुलियती वन बहुउद्देश्यीय सहकारी संस्था लि. | परिवर्तन ४ रोल्पा |
| ७ | सचेतना कृषि जन सहकारी संस्था ल. | परिवर्तन ५ रोल्पा |
| ८ | मिलिजुली बचत तथा ऋण सहकारी संस्था लि. | परिवर्तन ६ रोल्पा |
| ९ | सयपत्री बचत तथा ऋण सहकारी संस्था लि. | परिवर्तन ३ रोल्पा |
| १० | नमुना बहुउद्देशेयीय सहकारी संस्था लि. | परिवर्तन १ रोल्पा |
| ११ | समादेशी बहुउद्देशेयीय सहकारी संस्था लि. | परिवर्तन २ रोल्पा |
| १२ | मौलाबोट शिक्षक कर्मचारी बहुउद्देशेयीय सहकारी संस्था लि. | परिवर्तन ५ रोल्पा |
| १३ | चमेली बहुउद्देश्य सहकारी संस्था लि. | परिवर्तन ५ रोल्पा |

## २.३ सामाजिक अवस्था

### २.३.१ शिक्षा

परिवर्तन गाउँपालिकाले शिक्षा पार्श्वचित्र तथा गाउँ शिक्षा योजना (२०७८/०७९-२०८२/८३) निर्माण गरेको छ जस अनुसार गाउँपालिकामा जम्मा ४६ वटा विद्यालयहरु छन् त्यसमध्ये ४३ वटा सामुदायिक र ३ वटा निजी रहेका छन् । सामुदायिक तर्फ ३ वटा प्रारम्भिक बालविकास, २४ वटा प्रारम्भिक, ४ वटा आधारभूत, ९ वटा माध्यमिक, ३ वटा उच्च माध्यमिक छन् भने निजी तर्फ प्रारम्भिक २ वटा र आधारभूत १ वटा रहेका छन् । वालविकासकेन्द्र ७ वाट र सामुदयिक सिकाई केन्द्र ५ वटा रहेका छन् ।यस

गाउँपालिकाले प्राविधिक धारलाई विशेष जोड दिंदै कक्षा (९-१२) संचालित एउटा प्राविधिक विद्यालय संचालनमा रहि आएको छ। उपरोक्त विद्यालयहरुमा वालविकास केन्द्रमा छात्रतर्फ ५५१ र छात्रातर्फ ४५३ गरी कूल १००४ जना र कक्षा १ देखि १२ सम्म कूल ७२५२ जना विद्यार्थीहरु मध्ये छात्रतर्फ ३६४६ र छात्रा तर्फ ३६०६ जना अध्ययनरत रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७३.९ प्रतिशत छ जसमा पुरुष साक्षरता दर ८१.३ प्रतिशत र महिला साक्षरता दर ६७.७ रहेको छ ।सवै बालवालिकालाई आधारभूत तहसम्म शिक्षा उपलव्ध गराउने राष्ट्रिय नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ। सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि आवश्यक पर्ने पूर्वाधार विकास, सुचना प्रविधि, शैक्षिक सामग्री, विज्ञान प्रयोगशाला लगायत शिक्षकको दरबन्दी मिलान गरिएको छ। दलित बालबालिकाहरुलाई छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री तथा विद्यालय पोशाकको व्यवस्था गरिएको छ। गाउँ शैक्षिक योजना २०७८ अनुसार स्थानीय कला, संस्कृति, प्रविधि, भेषभुषा, रितिरिवाज जस्ता कुरा समेटी स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने प्रयास गरेको छ ।विद्यार्थी संख्या र भौगोलिक दुरीका आधारमा विद्यालय समायोजन गर्ने नीति लिएको देखिन्छ।

### २.३.२ स्वाथ्य तथा पोषण

यस गाउँपालिकामा आधारभूत स्वास्थ्य सेवा केन्द्र ९ वटा, स्वास्थ्य चौकी ३ वटा, सहरी स्वास्थ्यकेन्द्र १, बर्थिंग केन्द्र १ वटा तथा १ वटा अस्पताल रहेका छन् । सवै वडामा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न हुँदै गरेका छन। प्रसुती केन्द्र भएका स्वास्थ्य संस्थाहरुमा कुरेली, राङ्सी, केवरी, पाछबाङ र राङ्कोट स्वाथ्य चौकी हुन् । खानेपानी, शौचालय, विद्युत, मोटरबाटोको सुविधा भने प्राय सबै संस्थाहरुमा पुगेको छ । आफ्नै क्षेत्रमा चिकित्सकीय सेवामा पहुँच बढाउन परिवर्तन गाउँपालिका वडा नं. २ मा १५ शैयाको अस्पताल निर्माणाधीन छ ।

उपरोक्त पक्षहरुको अलवा स्वास्थ्य संस्थाहरु प्रभावकारी सञ्चालनका लागि आवश्यक भवनको अभाव,

एम्वुलेन्स सेवामा सवैको पहुँच नभएको, न्यून भोल्टेजको विद्युत सेवा, शुध्द खानेपानी, विरामीका लागि अलगै शौचालय, अपर्याप्त जनशक्ति र दक्ष एवं तालिमको अभाव जस्ता समस्याहरु देखिएका छन । वालवालिकामा

कुपोषण खासगरी उमेर अनुसार कम तौल अझै शुन्य संख्यामा आउन सकिरहेको छैन। झाडापखला, स्वासप्रस्वास जस्ता सङ्क्रामण रोगहरुवाट स्थानीयहरु प्रभावित हुँदै आएका छन। यसतर्फ स्वास्थ्य सचेतनाको आवश्यकता रहेको महसुस हुन्छ । मातृमृत्य, नवजात तथा शिशुको मृत्यु, ५ वर्ष मुनीका वालवालिका मृत्युमा उल्लेखनीय प्रगतिको खाँचो देखिन्छ । क्यान्सर, उच्च रक्तचाप, मधुमेह, मुटु, क्षयरोग जस्ता रोगहरुको निःशुल्क स्वास्थ्य परीक्षण भने पालिकावाट हुँदै आएको पाइन्छ ।

### २.३.३ खानेपानी तथा सरसफाई

गाउँपालिका भित्र पाइपधारा मार्फत् खानेपानी प्रयोग गर्ने घरधुरी संख्या ६६.१ प्रतिशत, मुलधाराको पानीको स्रोत प्रयोग प्रयोग गर्ने घरधुरी संख्या ३९.५ प्रतिशत र खोला/कुवा/झरनाको पानी प्रयोग गर्ने घरधुरी संख्या २.५ प्रतिशत रहेको छ ।

### २.३.४ लैंगिक समानता र सामाजिक समावेशीकरण

अशक्त जेष्ठ नागरिक तथा अपांगता नागरिकलाई सम्बन्धित वडा कार्यालयले समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर दैलोमा गई प्रदान गरिने कामको सुरुवात भएको छ। एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि राज्यको तर्फबाट भएको सामाजिक सुरक्षाको व्यवस्थालाई कार्यान्वयनमा उच्च प्राथमिकता दिइ यातायात, स्वास्थ्य र शिक्षा सेवा निःशुल्क गर्ने कार्यको सुरुवात गरिएको छ । एकल महिला, हिंसा तथा द्वन्द्ध पीडित महिला र पछाडि पारिएका महिलाहरुको लागि सशक्तिकरण कार्यक्रम संचालन गरिएका छन। सामाजिक सुरक्षा भत्ता बैकिङ्ग प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध गरिएको छ।

## २.४ भौतिक पूर्वाधारको अवस्था

### २.४.१ सडक तथा यातयात




परिवर्तन गाउँपालिकाको सडक यातायात गुरुयोजना अनुसार गाउँपालिका क्षेत्रभित्र जम्मा २६३.५६ कि. मि. Earthen Road छ । यस सडक यातयात गुरु योजना अनुसार थप ३१७.१२ कि.मि. सडक प्रस्ताव गरिएको छ, जम्मा १२७ वटा सडकको लम्बाई ५८०.६८ कि. मि. प्रस्ताव गरिएको छ । गाउँपालिका क्षेत्रभित्र “क” वर्गको सडक १११.९९, “ख” वर्गको सडक ८४.७८ कि.मि.,“ग” वर्गको सडक ११३.०२ कि.मि. र “घ” वर्गको सडक २७०.८९ कि.मि. प्रस्तावित रहेको छ । राजमार्गवाट मूख्य-मूख्य वस्तीहरु, वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयहरु जोड्ने सडक प्राथमिकतामा राखी स्तरउन्नति गर्नु उपयुक्त हुन्छ । यस गाउँपालिकाको आन्तरिक स्रोत न्यून रहेको, भौगोलिक बनोट र छरिएर रहेको वस्तीको कारणले पूर्वाधार निर्माण र सेवा प्रवाहको लागत महँगो भइ दिगो आर्थिक स्रोतको व्यवस्थापन गर्न कठिन देखिन्छ, एकीकृत वस्ती निर्माण गर्न सकेको खण्डमा पूर्वाधार र सेवा प्रवाहको लागत घटाई आर्थिक विकासमा लगाउन सकिन्छ ।

### २.४.२ विद्युत, वैकल्पिक उर्जा  तथा इन्धन

राष्ट्रिय जनगणना २०७८ अनुसार बिजुली प्रयोग गर्ने घरधुरी संख्या ४५२१ (९६.६ प्रतिशत), सौर्य ऊर्जा प्रयोग गर्ने घरधुरी १४१ (३.० प्रतिशत) रहेका छन् । इन्धनको रुपमा एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १४० (३.० प्रतिशत), दाउरा प्रयोग गर्ने घरधुरी ४४६५ (९५.३ प्रतिशत) र  गोबरग्याँस प्रयोग गर्ने घरधुरी संख्या ६० (१.३ प्रतिशत) रहेका छन् ।

### २.४.३ सूचना, संचार तथा प्रविधि

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरधुरी मध्ये मोबाइल सुविधा भएको घरसंख्या ८५.५ प्रतिशत, इन्टरनेट सुविधा भएको घरसंख्या ९८ (२.१ प्रतिशत) रहेको छ ।

त्यस मध्ये पनि ७२.७ प्रतिशतले स्मार्ट मोबाइल प्रयोग गर्छन र १२.८ प्रतिशत घरधुरीले सामान्य मोबाइल प्रयोग गर्ने गरेका छन्, इन्टरनेट सुविधा भएको घरसंख्या ९८ (२.१ प्रतिशत) रहेको छ ।

### २.४.४ सिंचाई

कृषि विकास योजना २०७९ अनुसार यस गाउँपालिकामा कुल खेतियोग्ग जमिनको ७९ प्रतिशत जमिनमा आकाशे पानीको भरमा खेतीपाती हुँदै आएको छ । करिव २१ प्रतिशत खेतियोग्ग जमिनमा सिंचाई सुविधा पुगेको छ । वडा न. ३ र ५ मा पानीको राम्रो स्रोत भएको तर अन्य चार वटा वडाहरुमा पानीको स्रोत कम देखिन्छ । सबै वडाहरुमा लिफ्ट सिंचाईको माग रहेको र वडा न. ४ को केही ठाउँमा लिफ्ट गरी पानीको व्यवस्था गर्ने प्रयास भइरहेको छ ।

## २.५ बन, वाताबरण तथा विपद् व्यवस्थापन

वनले ढाकेको क्षेत्रफल  करिव ८,००० हेक्टर अर्थात ४९ प्रतिशत रहेको छ । यो राष्ट्रिय औषत भन्दा माथि हो । यस गाउँपालिका क्षेत्रमा सरकारी वन, सामुदायीक वन, कवुलियती वन र केही धार्मिक वन समेत रहेका छन्। त्यस्तै कुल जमिनको करिव २४ प्रतिशत क्षेत्र झाडी, बुट्यान, भिर—पाखा, चरन, पर्ति ऐलानी, नदिनाला, वगर आदिले ओगटेको छ । यस गाउँपालिकाको हावापानी शितोष्णखालको भएको हुनाले सल्ला प्रजातिका कोणधारी वनस्पतिहरू वढि पाईन्छन् । उचाई अनुसार यस गाउँपालिकामा पाइने मुख्य वनस्पतीमा उत्तीस, पैयुं, ओखर, सुईया, गुराँस, सल्ला, अंगेरु, वाँझ, खर्सु, लहरे पिपल आदी छन्। यस गाउँपालिकाको वनमा करिव ४० प्रकारका विभिन्न जडिवुटीहरु पाईन्छन्। ती मध्ये तेजपात, टिमुर, काउलो, अल्लो, सुगन्धवाल, चिराईतो, कुट्की जस्ता जडिवुटीहरू यस क्षेत्रवाट निर्यात हुने गरेका छन्। त्यसवाहेक पिठो जोर्नी, तारे, हताजोर, विलाजोर, तितेपाती, महझरी, ढुंगेफूल, सिस्नो जस्ता जडिवुटीहरू पनि पाईन्छन्।

यस गाउँपालिका क्षेत्रमा विपद जोखिम तथा व्यवस्थापनका दृष्टिकोणले हेर्दा जोखिमपूर्ण अवस्था रहेको पाइन्छ । यहाँ जलजन्य प्रकोप खासै छैन किनभने यस गाउँपालिकामा कुनै ठुला नदीहरू छैनन तर साना ठुला पहिरोको जोखिम उच्च देखिन्छ । मेसिनको प्रयोग गरी भिरालो जमिनमा जताततै मोटरबाटो खन्नाले यस प्रकारको जोखिम अझै बढाएको छ । यस गाउँपालिकामा निर्माण भएका विभिन्न पूर्वाधारहरू निर्माण गर्नु पुर्व वातारणीय प्रभाव अध्ययन विना गरेको पाईएकोले यसबाट वाताबरणीय लगायत अन्य जोखिमका सम्भावना बढी देखिन्छन् । साधारणतय मध्यपहाडी क्षेत्रमा जलवायु उत्पन्न विपदहरूमा प्रमुख रूपमा खडेरी, बाढी,

पहिरो, रोग किटाणु, हुरी बतास, डढेलो, असिना आदी रहेका छन् । यस मध्ये परिवर्तन गाउँपालिका क्षेत्रमा पहिरो, खडेरी र वनमा लाग्ने डढेलोको जोखिम उच्च छ ।

## २.६ संस्थागत विकास र सुशासन

आन्तरिक आयको वृद्धि तथा दिगो विकासका लागि कर प्रशासनलाई व्यवस्थित बनाइएको छ। एक लाख भन्दा माथिको कुल लागत भएका प्रत्येक योजनामा अनिवार्य रूपमा सार्वजनिक सूचनापाटीमा राख्ने व्यवस्था गरिएको छ।

परिवर्तन गाउँपालिकाले पालिकाभित्र आवश्यक प्रसाशनिक इकाई, शाखा, उपशाखाहरुको स्पष्ट कार्य विवरण संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन २०७९ तर्जुमा गरी कार्यपालिका बाट पारित गरेको छ । गाउँपालिकामा कार्यरत कर्मचारी तथा पदाधिकारीहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन भएका छन्।त्यसै गरी विभिन्न ४० वटा स्थानीय कानूनहरुको निर्माण गरी कार्यान्वयनमा रहेको छ ।

सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न कार्यपालिका सदस्यहरूको सम्पत्ति विवरण सम्बन्धित निकायमा बुझाउने गरेको छ। जनतालाई दिइने सेवालाई चुस्त र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाई इन्टरनेटको माध्यमबाट जोडिएको छ। अनलाइन व्यक्तिगत घटना दर्ताको कार्य सबै वडाहरुमा विस्तार गरिएको छ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक वडापत्र, सुशासन हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण, अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी वनाउँदै गाउँपालिकाको वेवसाईट निरन्तर अद्यावधिक गरिएको छ ।

## २.७ बजेट विश्लेषण

परिवर्तन गाउँपालिकाले संघीय शासन प्रणालीको प्रादुर्भाव पश्चात पहिलो आ. व. २०७४।७५ को अत्यन्त संक्षिप्त बाहेक आ. व. २०७५।७६ देखि आ. व. २०८०।८१ सम्मको छवटा वार्षिक नीति तथा कार्यक्रम ल्याइ कार्यान्वयन गरेको छ । आधारभूत सेवा सुविधा उपर गाउँबासिको पहुँच बढाउन वडा कार्यालयहरुको क्षमता बढाउँदै लगेको छ ।

चालु आ.व. २०८०/०८१ का लागी संघिय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान ८ करोड ५७ लाख, शर्शत अनुदान चालु तर्फ १८ करोड ७० लाख, शशर्त अनुदान पुँजिगत तर्फ १ करोड ३० लाख, विशेष अनुदानतर्फ १ करोड १५ लाख र राजश्व बाँडफाँड बापतको ८ करोड ९० लाख २३ हजार ५ सय गरी कुल ३९ करोड १७ लाख, २३ हजार ५ सय बजेट विनियोजन भएको छ । यस्तै प्रदेश सरकारबाट समानिकरण अनुदान ५८ लाख १७ हजार, राजस्व बाँडफाँड बापत ३१ लाख ३३ हजार ३ सय ८४ रूपैयाँ, समपुरक अनुदान १ करोड, शशर्त अनुदान (पुँजिगत) ८० लाख र शशर्त अनुदान चालु १ लाख ५० हजार गरी कुल २ करोड ७१ लाख ३ सय ८४ रूपैयाँ अनुमानित बजेट प्राप्त भएको छ । यस्तै आ.व. २०८०/८१ मा गाउँपालिकाको आन्तरिक आम्दानी ३५ लाख ५० हजार हुने प्रक्षेपण गरिएको छ ।
कुल बजेट ४२ करोड २३ लाख ७३ हजार ८ सय ८४ रूपैयाँ मध्ये चालुतर्फ २८ करोड २८ लाख ५६ हजार ८ सय ८४ रूपैयाँ अर्थात ६६ प्रतिशत र पुँजिगततर्फ १३ करोड ९५ लाख १७ हजार अर्थात ३४ प्रतिशत बजेट विनियोजन भएको छ ।

गाउँपालिकालाई उल्लेख्य स्रोत नेपाल सरकार राजश्व बाँडफाँड, वित्तिय समानीकरण अनुदान लगायत अन्य अनुदान, प्रदेश सरकारबाट प्राप्त सबै प्रकारका अनुदान र शुल्कको बाँडफाँड बाट प्राप्त भएका छन्। लगानीलाई मूलरुपमा शिक्षा, स्वास्थ्य, सडक यातायात, कृषि, बन, जडिबुटी, पर्यटन र उद्योग क्षेत्रमा प्रवाह गरिएको छ। संरचनागत रुपमा स्थानीय स्रोत परिचालनमा उल्लेख्य सुधार हुन नसक्दा अधिकांश लगानी सङ्घीय तथा प्रदेश सरकारमा निर्भर रहेको छ ।

गत आ.व. २०७९/८० मा विनियोजित पुँजीगत बजेटको खर्च ९१.१६ प्रतिशत र चालुतर्फ विनियोजित बजेटको ८३.०९ प्रतिशत खर्च गरेको देखिन्छ, बजेट कार्यान्वयनको हिसाबले राम्रो देखिन्छ । तर चालु आ.व. मा कुल बजेटमा चालु खर्चको अंश ६६ प्रतिशतको हाराहारीमा छ ।कुल बजेटमा चालु खर्चको हिस्सा बढ्दै जानु समस्याको रुपमा रहेको छ। वडास्तरीय सेवाहरु वडाहरुबाट प्राप्त भएपनि खर्च सम्बन्धी कामहरु कार्यपालिका कार्यालयबाट भई आएको छ । लेखा व्यवस्थित गर्न लेखा प्रणाली सुत्र प्रयोग गरिएको छ । संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु आर्थिक वर्ष संगै खासै वृद्धि भएको छैन ।

# परिच्छेद ३-दीर्घकालीन सोच तथा अवधारणा

## ३.१ पृष्ठभूमि

नेपालको संविधानले तिनै तहका सरकारहरूको अधिकारलाई सूचीकृत गरेको छ। यस्तो अधिकारको प्रयोग गर्दा तीन तहका सरकार वीच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नु पर्ने संवैधानिक व्यवस्था रहेको छ। संघ, प्रदेश र स्थानीय तहबीच कार्य जिम्मेवारीको बाँडफाँडका आधारमा नै आवश्यक श्रोतको समेत व्यवस्था गरेको छ।योजनाबद्ध ढंगले विकासका कार्ययोजना अगाडी बढाई गाउँपालिकालाई समृद्ध बनाउने लक्ष्यहरु स्थानीय नीतिहरुमा प्राथमिकता साथ उल्लेख गरिएको छ । आर्थिक रणनीतिहरुको माध्यमले उच्चतम आर्थिक वृद्धिदर हासिल गर्दै अन्तरस्थानीय तहस्तरको प्रतिस्पर्धामा अगाडी बढ्न सार्वजनिक खर्चलाई प्राथमिकीकरणको सिद्धान्त अनुरुप पारदर्शी, जवाफदेहीपूर्ण तथा विश्वसनीय बनाइ अगाडी बढ्नु पर्ने आवश्यकता गाउँपालिकाले महशुस गरेको छ। यसै सन्दर्भमा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले (२०७६/७७-२०८०/८१) आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम, बजेट निर्माण र कार्यान्वयन चरणमा एकरुपता तथा समन्वय कायम गर्ने नीति लिएको छ । त्यसै गरी पन्ध्रौं योजनाको (२०७६/७७ - २०८०/८१) राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी स्थानीय तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्ने पृष्ठभूमिमा गाउँपालिकाले उपलब्ध साधन श्रोतको उपयोग र योजना अनुशासन कायम गर्दै दिगो विकासका लक्ष्य हासिल गर्नका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा लैजानु अपरिहार्य भएको छ ।

## ३.२ अवसर र चुनौती

अवसर

स्थानीय बासिन्दाको चाहनालाई सम्बोधन गर्न, आर्थिक सामाजिक विकास हासिल गर्न देहायका मूख्यमूख्य अवसरहरु उपलब्ध छन। विषयक्षेत्रगत अवसरहरु विस्तृतमा सम्बन्धित अध्यायमा उल्लेख गरिएका छन ।

- कुल क्षेत्रफलको करिव २८ प्रतिशत खेतीयोग्य जमिन रहेको हुँदा कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषिक्षेत्रको आधुनिकीकरण र व्यवसायिकरण गर्न सकिने सम्भावना छ।
- ४८.८ प्रतिशत भन्दा बढी बन क्षेत्र रहेकाले बन पैदावार सम्बन्धी उद्योगको प्रसस्त सम्भावना भएको।
- कृषि र वनमा आधारित उद्योगहरु मार्फत रोजगारी वृद्धि तथा उत्पादित सामानको निर्यात गरी आर्थिक लाभ लिन सकिने ।
- गाउँ क्षेत्रको जनसङ्ख्या बनौट मिश्रित र समावेशी रहेको छ ।
- खानी खनिजको उत्खनन गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न सकिने सम्भावना छ ।
- सांस्कृतिक पर्यटन तथा युद्ध पर्यटनको अवसर रहेको ।

चुनौती

गाउँपालिकाको आर्थिक समृद्धि हासिल गर्ने सिलसिलामा देहायका मुख्यमुख्य चुनौती रहेका छन । विषयक्षेत्रगत चुनौतीहरु विस्तृतमा सम्बन्धित अध्यायमा उल्लेख गरिएका छन ।

- युवाहरूलाई कृषि पेशा तर्फ आकर्षित गर्ने काम वर्तमान सामाजिक बनौट र कृषि शिक्षाको कमजोरीका कारण सरल छैन ।
- स्थानीय स्तरमा रोजागरीका अवसर सिर्जना गरी युवा पलायन रोक्नु ।
- सिमित श्रोत र साधनको प्रयोगबाट सवै खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्था तथा अन्य आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्न कठिन ।
- मानव पूँजी निर्माणका लागि शिक्षा र स्वास्थ्यको गुणस्तर सुधार गर्नको साथै आर्थिक स्रोत र जनशक्ति उपलब्ध हुन नसक्नु ।
- अन्धविश्वास, कुरीति तथा महिला हिंसा घटनाहरुमा कमी ल्याई शान्ति सुरक्षा कायम राख्नु, ।
- वर्षेनी आइपर्ने विपद्हरुसँग सामना गर्दै धनजनको नोक्सानी हुनबाट बचाउनु र यी विपद्हरुसँग सामना गर्नको निमित्त उचित संयन्त्र निर्माण गर्नु ।
- गाउँपालिकाले दिने सेवा तथा अन्य कार्यहरुलाई छिटो छरितो ढंगले सम्पन्न गरी सरकारी सेवा जनमैत्री बनाउनु तथा विकासका आयोजनाहरु समयमा नै सम्पन्न नहुने प्रवृत्तिको अन्त्य गर्नु साथै भ्रष्टाचार मुक्त गाउँपालिका बनाउनु ।
- अवैज्ञानिक तथा जथाभावी सडक विकासले वातावरणीय जोखिम बढ्दै जानु ।

## ३.३ दिगो विकासका लक्ष्यहरु सँग आवधिक योजनाको तादम्यता

दिगो विकास लक्ष्य सन् २०३० सम्ममा सबै प्रकारका गरिबीको उन्मूलन गरी न्यायपूर्ण र सुरक्षित विश्व निमार्ण गर्ने परिकल्पना हो। दिगो विकास लक्ष्यको सफल कार्यान्वयन सबै तहका सरकारको क्रियाशीलताबाट मात्रै हुन सक्दछ। यसमा पनि सेवा प्रवाह, स्थानीय पूर्वाधार विकास लगायतका कार्य स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएको र दिगो विकास लक्ष्य हासिल गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहेको छ। तीनै तहका सरकारहरूलाई संविधान र कानूनद्वारा प्रदत्त कार्य जिम्मेवारी मध्ये सेवा प्रवाह, सुशासन र स्थानीय पूर्वाधार विकास लगायतका कार्यहरू स्थानीय तहको प्रमुख कार्यक्षेत्र हुन। दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने क्रमममा सूचक लक्ष्य हरु हासिल हुने किसिमले योजना तर्जुमा र लगानी व्यवस्थापनको महत्वपूर्ण अभिभारा समेत स्थानीय तहमा रहन गएको छ ।

शुन्य गरिबी, भोकमरीको अन्त्य, सम्मानित काम तथा आर्थिक उन्नति, असमानताको न्यूनीकरण जस्ता दिगो विकासका लक्ष्यहरुलाई परिवर्तन गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्दा आन्तरिकीकरण गरी नेपालले अन्तराष्ट्रिय स्तरमा जनाएका दिगो विकास लक्ष्य सम्बन्धी प्रतिबद्धता पूरा गर्न आवधिक योजनामा निम्न कुराहरु समाहित गरिएको छ :-

- नागरिकको मौलिकहकका सम्बन्धमा स्थानीय तहमा रहेको सार्वजनिक सेवाको महत्वपूर्ण जिम्मेवारी,
- स्थानीय श्रोत साधनको अधिकतम परिचालन,
- दिगो विकास लक्ष्यलाई स्थानीय परिवेश अनुसार प्राथमिकीकरण,
- जनसहभागिताको प्रवर्द्धन,
- श्रोतको दोहोरोपनको न्यूनीकरण

## ३.४ गाउँपालिकाको दीर्घकालीन सोच

नेपाल सरकारले १५ औ योजनाको आधारपत्र मार्फत वि.सं. २१०० को लागि लिएको दीर्घकालीन सोच "समृद्ध नेपाल सुखी नेपाली" र लुम्विनी प्रदेश सरकारले लिएको दीर्घकालीन सोच "समृद्ध लुम्विनी: आत्मनिर्भर प्रदेश" रहेको छ । संघीय सरकार र प्रदेश सरकारले लिएको दीर्घकालीन सोच तथा त्यसको मर्मलाई आत्मसाथ गर्दै परिवर्तन गाउँपालिकाले आफ्नो भौगोलिक अवस्थिति, आर्थिक एवं सामाजिक अवस्था, साँस्कृतिक विविधता, प्राकृतिक श्रोत तथा सम्पदाहरु लगायत स्थानीयहरुको आशा अपेक्षालाई सम्वोधन हुने गरी दीर्घकालीन सोच निर्धारण भएको छ ।

*"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत र पूर्वाधार : समृद्ध परिवर्तनको बलियो आधार"*

परिवर्तन गाउँपालिकाको दीर्घकालिन सोच सामान्यतः आवधिक योजना अवधिभित्र प्राप्त हुने अवस्था नभई दुई तीन दशक अवधिसम्मको आदर्श कल्पनाको रुपमा तय गरिएको छ । गाउँपालिकाको यस दीर्घकालिन सोच निर्धारण गर्दा गाउँपालिकामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरु, बिषयगत शाखाका कर्मचारीहरु, नागरिक समाजका प्रतिनिधिहरु लगायत सरोकारहरुवालाको सहभागिता र आमसहमतिको आधारमा सकेसम्म गाउँपालिकाको समष्टिगत पक्षलाई झल्काउने गरी तय गरिएको छ ।

## ३.५ समष्टिगत लक्ष्य

कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, पर्यटकीय पूर्वाधार निर्माण, औद्योगिक विकास, गुणस्तरीय एवं प्राविधिक तथा व्यवसायिक शिक्षाको उपलव्धता, सर्वसुलभ र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, लक्षित वर्गलाई मूलप्रवाहीकरण गरी दिगो वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण, वातावरणीय स्वच्छता विपद जोखिम न्यूनीकरण, सुशासनको प्रत्याभूत गर्दै नागरिकहरुको जीनव स्तरमा सुधार भएको हुनेछ ।

## ३.६ विषय क्षेत्रगत उद्धेश्यहरु

**आर्थिक विकास**

**उदेश्य:** स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु

**सामाजिक विकास**

सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण गर्नु

**पूर्वाधार विकास**

पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जनजीवनमा सहजता ल्याउनु

**वन, वातावरण तथा विपद व्यवस्थापन**

विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, संवर्द्धन गर्दै दिगो उपयोग गर्नु

**सुशासन तथा संस्थागत विकास**

संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

## ३.७ गाउँपालिका सम्वृद्धिको आधार

गाउँपालिकाको सोच ***"कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, प्राकृतिक स्रोत र पूर्वाधार : समृद्ध परिवर्तनको बलियो आधार"*** अनुरुप सबै प्रकारका स्रोतको उपयोग गरी कृषि, पर्यटन र उद्योग लाई आर्थिक अवसरका रुपमा रुपान्तरण गर्ने उद्देश्य राखेर गाउँपालिकाले सोहि अनुरुप रणनीतिहरु निर्माण गर्दै लगेको छ। यस आवधिक योजना गाउँपालिकाको दीर्घकालीन सोचमा आधारित भएर निर्माण गरिएको छ । गाउँपालिकामा रहेका प्राकृतिक, सामाजिक तथा आर्थिक स्रोतको परिचालन गर्दै समृद्धिका लक्ष्यहरु हासिल गर्न निम्न आधारहरु स्थापित गरिएको छ ।

### ३.७.१ कृषि

कुल  क्षेत्रफलको करिव २८ प्रतिशत भूभाग अर्थात ४५.५७ वर्ग कि. मि. खेतीयोग्य जमिन रहेको छ । यहाँ विशेष गरी मकै, गहुँ, आलु, लसुन, केराउ, सुन्तला, कागती, सिमी/भटमास, आम्बा, केरा, भांगो, अल्लो, ओखर, वन्दा, काउली, किवी, स्याउ, रायो, आदुवा, वेसर, आलैची आदीको राम्रो उत्पादन हुने भएकोले कृषि क्षेत्रको व्यावसायिकरण नै गाउँपालिकाको समृद्धिको प्रमुख आधार हो ।

### ३.७.२ पर्यटन

परिवर्तन गा.पा. भित्र रहेको पर्यटकीय दृष्टिकोणले सम्भावित स्थलहरू पहिचान गरी पर्यटकीय गन्तव्य बनाउन वडा नं. ३ मा रहेको परिवर्तन पार्कलाई सुन्दर बगैचाको रूपमा चित्रण, विगतमा जनयुद्धको बेला परिवर्तन गा.पा.२ मा वर्तमान प्रधानमन्त्री प्रचण्डले सेल्टर लिएको स्थानलाई युद्ध पर्यटन र थुनिकोट मन्दिरलाई धार्मिक पर्यटनको रूपमा प्रवर्द्धन गर्न सकिन्छ ।

शहिद राजमार्ग, दुइखोली–थवाङ हुँदै थवाङ, जलजला, महत, तकसेरा जाने पर्यटकको लागि परिवर्तन गा.पा. लाई ट्रान्जिट पोइन्टको रूपमा विकास गर्न सकिने सम्भावना पहिचान गरिएको छ ।

### ३.७.३ वन तथा वन पैदावार

करिव ४८.८ प्रतिशत रहेको वन क्षेत्रलाई समृद्धिको आधारको रूपमा विकास गरी वनबाट आम्दानी, रोजगार सिर्जना र जीवनस्तर उकास्न जडिबुटी र जैविक विविधताको संरक्षण र सम्बर्धन गर्ने नीति लिएको, सफा, सुन्दर र हरियाली गा.पा. निर्माणका लागि हरित सडक, खोला खोल्सामा वृक्षारोपण, बाँस रोपण, रूख तथा बाँसद्वारा तटबन्धन, सामुदायिक भवनको संरक्षण, खाली ठाउँमा वृक्षारोपण कार्य सुरू गरिएको छ।

### ३.७.४ खानी खनिज

फलाम खानी सल्ले बजार वडा नम्बर ४, ३ र ५ (बल्लजुरे), खरी, ढुंगा खानी र सिसाको खानीहरु रहेकोले तिनीहरुको उत्खनन तथा प्रयोगवाट रोजगारी सिर्जना गर्दै आर्थिक समृद्धि हाँसिल गर्न सकिन्छ।

## ३.८ परिमाणात्मक लक्ष्य

आवधिक योजना अवधिमा हासिल गरिने समष्टिगत परिमाणात्मक लक्ष्य तल तालिकामा उल्लेख गरिएको छ। मानव विकास सूचकाङ्क, आर्थिक बृद्धिदर, निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या, औषत आयु, प्रतिब्यक्ति बार्षिक आय जस्ता स्थानीय तहले उपलब्धी योगदान गर्ने सूचकहरुको आधारबर्षको गाउँपालिकास्तरको तथ्याकं उपलब्ध हुनसक्ने अवस्था छैन। यस प्रदेशका १२ वटा जिल्ला र ७३ गाउँपालिकाहरु मध्ये तराइक्षेत्रका अन्य गाउँपालिकाहरुको तुलनामा परिवर्तन गाउँपालिकाको आर्थिक सामाजिक अवस्था औसत भन्दा कम रहेको अनुमान छ । यसर्थ आवधिक योजनाको अन्तिम वर्ष आ. व. २०८५/०८६ सम्मको परिवर्तन गाउँपालिकाको परिमाणात्मक लक्ष्यको प्रक्षेपण गरिएको छ ।

**तालिका 6: गाउँपालिकाका समष्टिगत परिमाणात्मक लक्ष्यहरु**

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | संघ ०७९/८० | लुम्बिनी प्रदेश ०७९/८० | परिवर्तन गा.पा. ०७९/८० सम्म आधार वर्ष | गा.पा. को योजना अन्त्यको लक्ष्य ०८५ /८६ |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक वृद्धिदर (औसत) | प्रतिशत | २.२ | २.०६ | २ | ७ |
| २ | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | प्रतिशत | २४.७ | ३०.९ | ४५ | ३२ |
| ३ | कूल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १४.१ | १५ | ५ | १५ |
| ४ | कूल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान | प्रतिशत | ६१.२ | ५४.१ | ५० | ५३ |
| ५ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय अमेरिकी डलर | अमेरिकी डलर | १४१० | ११२६ | ९०० | १४०० |
| ६ | गरिबीको रेखामुनि रहको जनसंख्या (निरपेक्ष गरिबी) | प्रतिशत | २०.२७ | २४.३५ | २६ | १५ |
| ७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १७.४ | १८.२० | २४ | १६ |
| ८ | बेरोजगारी दर | प्रतिशत | ११.२ | ११.२* | २० | ११ |

| क्र. सं. | लक्ष्य, गन्तव्य र सूचक | एकाई | संघ ०७९/८० | लुम्बिनी प्रदेश ०७९/८० | परिवर्तन गा.पा. ०७९/८० सम्म आधार वर्ष | गा.पा. को योजना अन्त्यको लक्ष्य ०८५ /८६ |
|---|---|---|---|---|---|---|
| ९ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९२.२** | ९३.७** | ९६.६ | १०० |
| १० | इन्टरनेट सेवामा पहुँच प्राप्तपरिवार | प्रतिशत | ६५.९** | ३६ | २.१ | ५० |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७१* | ७१ | ७३ |
| १२ | पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | ३३ | ३३* | ३३ | २० |
| १३ | साक्षरता दर | प्रतिशत | ७६.२** | ७८.१** | ७३.९ | ९० |
| १४ | माध्यमिक तह (९—१२) मा खुद भर्नादर | प्रतिशत | ५७.४ | ५३.५* | ५३.५ | ७५ |
| १५ | शौचालयको सुविधा भएको घरपरिवार | प्रतिशत | ९५.५** | ९४.४** | ९९.६ | १०० |
| १६ | मध्यम स्तरको खानेपानी सुविधा पुगेको जनसंख्या (धारा, पाइप वाट) | प्रतिशत | ८६.८** | ९०.२** | ९६.६ | १०० |
| १७ | लैंगिक विकास सूचकांक | सूचकांक | ०.९५२ | ०.९०१*** | ०.९०१ | ०.९६५ |
| १८ | मानव विकास सूचकांक | सूचकांक | ०.६०२ | ०.५६३*** | ०.५६३ | ०.६३५ |
| १९ | आफ्नै स्वामित्वको आवासमा बसोवास गर्ने परिवार | प्रतिशत | ८६** | ९०.८** | ९६.१ | ९९ |
| २० | कृषिमा आवद्ध जनसंख्या | प्रतिशत | ६०.४** | ५७.३ | ७८.२ | ६० |
| २१ | वन क्षेत्रले ओगटेको भूमि | प्रतिशत | ४५.३१ | ४५ | ४९ | ४९ |
| २२ | नियमित सिंचाइ भूमि | प्रतिशत | ५८ | ५१ | २१ | ५५ |

स्रोतः *** मानव विकास प्रतिवेदन २०२०, ** राष्ट्रिय जनगणना २०७८, *लुम्बिनी प्रदेशको दीर्घकालीन रणनीतिक योजना २०७९, नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०, लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१), परिवर्तन गाउँपालिकाको योजना तर्जुमा कार्यशाला २०८०

## ३.९ मुख्य रणनीति तथा मुख्य कार्यनीतिहरु

**मुख्य रणनीतिहरु**

- उद्यमशीलता विकासबाट रोजगारीको अवसर सृजना गर्ने ।
- खाद्य सुरक्षा तथा पोषण सुनिश्चित गर्ने ।
- पर्यटन व्यवसायलाई उद्योगका रूपमा विकास गर्न निजी लगानी अभिवृद्धि गर्दै व्यवसायीलाई लगानी गर्ने वातावरणको सिर्जना गर्ने ।
- आर्थिक अवस्थामा सुधार गर्न बैकिंङ क्षेत्रलाई आर्थिक विकासको एक प्रमुख साझेदारको रुपमा विकास गर्ने ।
- गुणस्तरीय प्रविधि तथा सीपमूलक उच्च शिक्षामा जोड दिने ।
- गाउँवासीलाई उपलब्ध स्वास्थ्य सेवाको गुणस्तर बढाउने ।
- युवा वर्गको क्षमता विकास गरी उनीहरुलाई सामाजिक, अर्थिक र खेलकुद गतिविधिमा संलग्न गराउने ।
- उपेक्षित, उत्पीडित, सीमान्तीकृत, अल्पसङ्ख्यक तथा अति विपन्न वर्ग र समुदायलाई सम्बोधन गर्ने गरी रोजगारमूलक तथा क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गर्ने।
- सडक संजाललाई पक्कि सडक संग जोड्ने तथा पुल निर्माण गर्ने तथा यातायात संचालन र व्यवस्थापन प्रणाली सुदृढ वनाउने ।
- एकीकृत आवास तथा वस्ती विकास योजना बनाई कार्यान्वयन गर्ने ।
- पूर्वाधारहरुको विकास गर्न सार्वजनिक निजी साझेदारी अवधारणालाई अवलम्बन गर्ने।
- सामुदायिक सहभागितामा वन पैदावारको उत्पादन, जैविक विविधता र भू तथा जलाधारको संरक्षण गर्ने ।
- फोहरमैला व्यवस्थापनमा स्थानीय समुदायसंगै निजी क्षेत्रलाई प्रोत्साहित गर्ने ।
- विपद् व्यवस्थापनको लागि संस्थागत संरचना विकास तथा विस्तार गर्ने ।
- गाउँपालिकाद्वारा प्रदान गरिने सेवा, सुविधालाई सरल तथा गुणस्तरीय वनाउँदै सेवाग्राही मैत्री एवम विद्युतिय सुशासनद्वारा सेवा प्रदान गर्नेतर्फ अग्रसर हुने ।

**मुख्य कार्यनीतिहरु**

यस आवधिक योजनाका रणनीतिहरु प्राप्तिका निमित्त मुख्य मुख्य कार्यनीतिहरु देहाय बमोजिम रहेका छन:

- कृषिको व्यवसायिकरण, कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रर्वद्धन गरिनेछ ।
- कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधारको स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ ।
- स्थानीय स्रोत साधनमा आधारित उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी उद्योगको स्थापनामा जोड दिइनेछ ।
- उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी अभिवृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ ।
- पर्यटकीय स्थानहरुको संरक्षण तथा प्रचारप्रसार गरिनेछ ।
- प्रविधिमैत्री शिक्षामा जोड दिईनेछ ।

- शिक्षाको गुणस्तर कायम गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री बितरण गरिनुका साथै बिद्यालयहरुको नियमित अनुगमन गरिनेछ ।
- अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गरिनेछ, हरेक वडामा स्वास्थ्य चौकी निर्माण गरिनेछ ।
- स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति तथा क्षमता विकासको व्यवस्था गरिनेछ ।
- महिला सीप विकास तालिम तथा महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ।
- दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ र आर्थिक सबलीकरण गरिनेछ।
- गाउँपालिका भित्र नै खेल प्रशिक्षण, तालिम तथा खेलाडीहरुलाई आवश्यक खेल सामाग्री उपलब्ध गराईनेछ।
- सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि छुट्टै संयन्त्र निर्माण गरी गाउँ सरसफाई अभियान संचालन गरिनेछ ।
- गाउँपालिका केन्द्रवाट सबै वडा कार्यालयहरु सम्मको सडकहरुको स्तरोन्नति गरिनेछ ।
- सीमान्तकृत, लोपोन्मुख, दलित र अति विपन्नका लागी एकीकृत बस्तिको अवधारणा अघि बढाइनेछ ।
- सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको श्रोत सहितको सहभागितामा, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ।
- स्थानीयहरुलाई विपद् प्रतिकार्यको लागि क्षमता अभिवृद्धि गर्न प्रशिक्षण दिइनेछ ।
- गाउँपालिका भित्र गुनासो सुनवाई कक्ष स्थापना गरिनेछ तथा सहयोग कक्षलाई परिस्कृत गरिनेछ ।
- सेवा प्रदायकको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई गरिनेछ।
- गाउँपालिकाको तथ्यांकहरु अद्यावधिक गरी वेवसाइटमा ब्यबस्थित गरिनेछ ।

## ३.१० प्रमुख कार्यक्रमहरु

- कृषि यान्त्रिकरण तथा बजारीकरण,
- कृषि चिस्यान तथा शित भण्डार केन्द्र स्थापना,
- स्थानीय सीपमा आधारित रोजगारी कार्यक्रम,
- व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम,
- युवा स्वरोजगार कार्यक्रम,
- घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम
- पर्यटन पूर्वाधार विकास,

- युद्ध पर्यटन तथा गोरिल्ला पदमार्ग प्रबर्द्धन कार्यक्रम,
- मगर संग्रालय स्थापना तथा मगर साँस्कृतिक ग्राम कार्यक्रम
- एकीकृत वस्ती विकास कार्यक्रम
- विद्यालय क्षेत्र सुधार कार्यक्रम,
- प्राविधिक शिक्षा र प्रविधिको प्रयोग,
- विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम,
- बालमैत्री विकास कार्यक्रम,
- अपाङ्ता भएका व्यक्तिका लागि विशेष कार्यक्रम,
- सुरक्षित मातृत्व कार्यक्रम,
- स्वास्थ्य चौकीहरुको निर्माण तथा स्तरोन्नती कार्यक्रम,
- गरिब तथा बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य बिमा,
- १५ शैया अस्पताल संचालन तथा व्यवस्थापन
- महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम,
- दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम,
- खेल पूर्वाधार निर्माण (खेल मैदान स्तर उन्नती, रंगशाला, कभर्ड हल)
- फोहरमैला संकलन तथा व्यवस्थापन,
- सडक कालोपत्रे, सडक स्तरोन्नति तथा नियमित सडक मर्मत संभार,
- झलुंगे पुल, पक्कि पूल र कल्भर्ट निर्माण तथा मर्मत संभार,
- सतह तथा लिफ्ट सिंचाई योजना,
- सामुदायिक बन संरक्षण कार्यक्रम,
- बजार क्षेत्र तथा खाली जमिनमा वृक्षारोपण कार्यक्रम,
- विपद् प्रतिकार्य टोली क्षमता विकास कार्यक्रम,
- वडा कार्यलयहरूको स्तरोन्नती गरी सेवा प्रवाहलाई सहज र सुलभ,
- गुनासो सुनुवाई प्रणाली विकास, सहायता कक्ष क्षमता वृद्धि
- स्थानीय सुरक्षा सुदृढीकरण कार्यक्रम,

## ३.११ गाउँपालिका गौरवका आयोजनाहरु

**तालिका गाउँपालिका गौरवका आयोजनाहरु**

| क्रस | कार्यक्रमहरू | एकाइ | योजनाको | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) |
|---|---|---|---|---|

| | | | कुल लक्ष्य | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | **पालिका गौरवका योजना** | | | | | | | | |
| १ | बहुउद्देश्यीय कर्भडहल निर्माण | संख्या | १ | ३५ | ३५ | १० | ० | ० | ८० |
| २ | १५ शैया अस्पताल संचालन | संख्या | १ | १०० | २०० | २०० | २०० | २०० | ९०० |
| ३ | युवा स्वरोजगार कार्यक्रम | संख्या | ८०० | ५० | ५० | ५० | ५० | ५० | २५० |
| ४ | पुत्लाचौर जलासय निर्माण | एकमुष्ट | १ | ४० | ८० | १०० | १०० | ५० | ३७० |
| ५ | शहिद स्मृति रंगशाला निर्माण,धमाचौर | एकमुष्ट | १ | ५० | ५० | १०० | ५० | ५० | ३०० |
| ६ | चिस्यान केन्द्र निर्माण | संख्या | १ | ३० | ५० | ५० | ७० | ५० | २५० |
| ७ | मगर साँस्कृतिक संग्रालय तथा मगर ग्राम निर्माण कार्यक्रम | एकमुष्ट | १ | ३० | १०० | १०० | १०० | १०० | ४३० |
| ८ | शहिद पार्क निर्माण | संख्या | १ | २० | ३० | २५ | २५ | ० | १०० |
| | **पालिका गौरवका योजनाको जम्मा बजेट** | | | ३५५ | ५९५ | ६३५ | ५९५ | ५०० | २६८० |

# परिच्छेद- ४ आर्थिक विकास

नेपालको संविधानमा सुनिश्चित गरिएका नागरिकको खाद्य सुरक्षा, मर्यादित रोजगारी र आयको अधिकार कार्यान्वयन गर्न संघ, प्रदेश र स्थानीय सरकारको पनि महत्वपूर्ण भूमिका रहेको छ। यी भूमिकालाई निर्वाह गर्न स्थानीय सरकारले संविधानको परिधि भित्र रहेर संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यलाई टेवा पुग्ने दीर्घकालिन सोच सहित योजनाबद्ध ढंगले अघि बढ्नुपर्ने आवश्यकता देखिन्छ। नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। यी विषयहरू दिगो विकासको लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) संग जोडिएका छन्। यसलाई मध्यनजर गरी यस गाउँपालिकाको समग्र आर्थिक विकासको अग्रणी क्षेत्रहरु कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन, प्राकृतिक श्रोत परिचालन जस्ता क्षेत्रहरुको बिद्यमान अवस्था, समस्या तथा समग्र चुनौतिको विश्लेषण गर्दै अवलम्वन गर्नु पर्ने रणनीति र प्रमुख कार्यक्रमहरू तल प्रस्तुत गरिएको छ ।

## ४.१. कृषि विकास

**बिद्यमान अवस्था**

परिवर्तन गाउँपालिकाका लगभग ७८.२ प्रतिशत जनता परम्परागत कृषि पेशामा आवद्द रहेका छन्। जसमा खेतिपाती तथा पशुपन्छी पालनमा संलग्न रहेको जनसंख्या समावेश उल्लेख छ। यसैगरी यस गाउँपालिकाका केही जनसंख्या गैरकृषि पेशामा आवद्द रहेका छन् । यस्तै व्यापार, नोकरी, वैदेशिक रोजगारी, दैनिक ज्यालादारी लगायतका गैरकृषि पेशा यहाँका बासिन्दाहरूको जीवन निर्वाहको आधार रहेको छ ।परिवर्तन गाउँपालिका कृषि क्षेत्रमा आर्थिक उन्नती उन्मुख क्षेत्रको रूपमा रहेको छ । गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमहरूमा कृषि क्षेत्रलाइ स्थानीय कृषकको जीवीकोपार्जन तथा रोजगारी सिर्जनाको मुल स्रोतको रूपमा अंगिकार गरिएको छ । माथि उल्लेखित तथ्यका आधारमा भन्नुपर्दा यस परिवर्तन गाउँपालिकाको आर्थिक विकास अन्तर्गत मुख्यतया कृषिमा व्यवसायिकरण, व्यवसायिक खेति, अन्नवालीमा मकै, गहुँ, जौ, तरकारीमा आलु, फलफुलमा सुन्तला, कागती, ओखर तथा स्याउ, नगदेवालीहरूमा अलैंची, अदुवा, बेसार, कोसेवालीमा केराउ, सिमी र वनपैदावरमा जडिबुटी उन्नतीका प्रमुख साधनका रूपमा रहेका छन् । त्यस्तैगरी व्यावसायिक पशुपालन जस्तै बाख्रा, गाइ भैसी, बंगुर तथा कुखुरापालनको प्रचुर सम्भावना रहेको छ । सम्भावनाका प्रचुर क्षेत्रहरू विद्धमान भएपनि कठिन भैगोलिक अवस्था, सिमित सडकको पहुँच, पुर्वाधारमा कमी, आवश्यक व्यावसायिक ज्ञान तथा सुचनाको अभाव, बजारसम्मको पहुँचमा कठिनाइले गर्दा घरेलु उद्योग, व्यापार व्यवसायको सृजना र विकासका गतिविधिहरू अगाडी बढ्न सकेका छैनन ।

गाउँबासिको प्रमुख पेशा कृषि भएतापनि अधिकांश कृषकहरू परम्परागत सीप र शैलीमा आधारीत हुनुका कारण उत्पादकत्वमा खास सुधार हुन सकेको छैन । परम्परागत खेती प्रणाली दिनानुदिन घाटाको पेशा बन्दै गएको छ । कृषि पेशामा आफ्नो ज्यालाको समेत हिसाब राख्ने हो भने उत्पादनको मुल्य भन्दा लागत बढी भएको देखिन्छ । यस गाउँपालिकाले खास गरी तरकारी (आलु, लसुन, केराउ) तथा फलफुलमा कागती र

सुन्तला उत्पादनमा अग्रणी स्थान ओगटेको छ । अन्य कार्यक्रमको तुलनामा कृषि तथा उत्पादन क्षेत्रमा लगानी न्युन रहेको छ ।

**अवसर**

- खाधान्न बाली अन्तर्गत मकै, गहुँ, जौ पकेट क्षेत्र भएको तथा तेलहन अन्तर्गत तोरी, शूर्यमुखी, तिल उल्लेख्य रुपमा उत्पादन हुने, दलहन अन्तरगत सिमी; नगदेबाली अन्तर्गत तोरी र फलफुल अन्तरगत सुन्तला, कागती, स्याउ प्रशस्त उत्पादन हुने ।
- हालका बर्षहरुमा कृषि आधुनिकीकरण प्रति आकर्षण बढ्दै गएकाले ब्यबसायिक कृषि खेतीमा आबद्ध किसान संख्या बढ्दै जानु ।

**चुनौती**

- रसायनिक मलको अभाव
- उन्नत बिउ लगायत नश्ल सुधारको अभाव
- प्रशोधन तथा बजारीकरणको समस्या
- अधिकांश कृषकहरु परम्परागत कृषि प्रणालीमा आबद्ध, कृषिमा आधुनिककरणको अभाव
- खेति योग्य जमिनमा जथाभावी घर बनाउने र भौतिक पूर्वाधार बनाउनाले खेतियोग्य जमिन घट्दै जानु
- कृषि क्षेत्रमा लगानीको कमी र बिउ तथा मलको अभाव
- वास्तविक किसानले कृषिमा उपलब्ध ऋण तथा अनुदान प्राप्त गर्न नसक्नु
- अधिकांश कृषकहरूमा कृषि व्यावसायीकरण, कृषि प्राविधि, व्यवस्थाकीय र बजारीकरण सम्बन्धी ज्ञान, सीप र अनुभवको कमी हुनु
- उत्पादन लागत धेरै भएकोले स्थानीय उत्पादनले बजारमा प्रतिस्पर्धा गर्न कठिन ।

**लक्ष्य**

कृषिको व्यवसायीकरण गरी सबै प्रकारका उत्पादनको वृद्धि हुनेछ ।

**उद्धेश्यहरु**

- कृषि उत्पादनमा उल्लेख्य वृद्धि गरी किसानहरुको आम्दानी बढ्नु
- सामुहिक तथा व्यावसायिक रूपमा भुगोल सुहाउँदो कृषि उत्पादन गर्ने तथा उत्पादनको बजारीकरण गर्नु
- स्थानीय स्तरमा कृषि नीति, ऐन तथा निर्देशिका निर्माण तथा कार्यान्वयन गर्नु
- निर्यातयोग्य कृषि वस्तुहरूको मुल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता विकास गर्नु
- कृषिलाई ब्यबसायीकरण गर्नु
- युवाहरुले आधुनिक कृषि पेशामा आबद्ध भइ रोजगारीका नँया अवसर सृजना गर्नु
- कृषि क्षेत्रलाई सम्मानजनक र नाफामुखि ब्यबसायको रुपमा विकास गरी रोजगारीका अवसरहरू सिर्जना गर्नु
- प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रको पहिचान गर्नु
- कृषिलाई आधुनिकीकरण, विविधीकरण र ब्यवसायिकरण गर्नु
- उत्पादनको भण्डारण प्रविधि तथा बजारीकरण गरी दिगो वजार व्यवस्थापन गर्नु

- जलवायु अनुकुल दिगो कृषि क्षेत्रको विकास र अनुसरण गर्दै स्थानीय जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| कृषिलाई ब्यबसायीकरण गरी खाद्यमा आत्म निर्भर बनाई गरिबी घटाउने | • कृषिको व्यवसायीकरण, कृषक मैत्री प्रविधि र यान्त्रिकरणलाई प्रोत्साहन तथा प्रर्वद्धन गरिनेछ<br>• खेतीयोग्य बाँझो जमिनलाई प्रयोगमा ल्याई सामुहिक खेती तथा करार खेतीको अवधारणा अघि बढाइनेछ<br>• आलु खेति तथा अन्य नगदेबालीको सम्भाव्यता अध्ययन गरी तुलनात्मक लाभका बालीहरुलाई प्रबर्द्धन गरिनेछ |
| गाउँपालिकालाई कृषि केन्द्रको रुपमा विकास गर्ने | • किसानलाई समयमै उन्नत बिउ बिजन, मल तथा अन्य प्रविधिको व्यवस्थापन गर्न बिउबिजन तथा मल भण्डारण केन्द्रको स्थापना गरिनेछ<br>• स्थानीय उत्पादनको व्यवस्थित भण्डारण, संचय, गुणस्तर वृद्धि सहित व्यवसायीकरणका लागि कृषि उत्पादन संकलन केन्द्रको स्थापना एवम् चिस्यान केन्द्र निर्माण गरिनेछ |
| जैविक खेतीको प्रबर्द्धन गर्ने | • प्रांगारिक मल उत्पादन र प्रयोगमा जोड दिने कार्यक्रम ल्याइनेछ<br>• जैविक खेतीकालागि तालिम दिइनुको साथै प्रांगारिक मल उत्पादनमा जोड दिइनेछ |
| युवालाई कृषिमा आकर्षित गर्ने | • कृषि उत्पादन वृद्धिका लागि आवश्यक कृषि पूर्वाधार स्थापना र प्राविधिक जनशक्ति तयार गरिनेछ<br>• किसानलाई ब्यबसायिक कृषिका लागि उत्पादनका आधारमा सहुलियत दरमा ऋण तथा कृषि अनुदान दिइनेछ<br>• कृषि बिमामा सबै किसानहरुको पहुँच हुनेछ<br>• युवा मैत्री कृषि कार्यक्रम, कृषिमा आधारित साना तथा लघु उद्यम विकास कार्यक्रम, युवा कृषि तालिम दिइनेछ |

## कार्यक्रम तथा आयोजना

### तालिका कृषि विकास कार्यक्रम तथा आयोजना

| क.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **कृषि विकास** | | | | | | |
| १. | कृषि यान्त्रिकरण तथा बजारीकरण | ३० | ४० | २० | २० | ५० | **१६०** |
| २. | नगदे बाली बजार प्रवर्द्धन | १० | १२ | १० | १२ | १५ | **५९** |
| ३. | कृषि उपज भण्डारण केन्द्र स्थापना | २५ | २५ | ३० | २५ | ३० | **१३५** |
| ४. | कृषि प्रयोगशाला स्थापना | २० | २५ | २५ | २० | २० | **११०** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | कृषिमा आधारित घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम | ४० | ४५ | ५२ | ५० | ६० | **२४७** |
| ६. | कृषि ज्ञान केन्द्र स्थापना | १२ | १२ | १० | १० | १० | **५४** |
| ७. | व्यावसायिक तरकारी खेति प्रवर्द्धन कार्यक्रम | २० | २० | २० | २० | २० | **१००** |
| ८. | कृषि (मकै,कोदो, गहुँ, सिमी, केराउ, सुन्तला, कागती आदि) उत्पादनमा अनुदान कार्यक्रम | ४० | ४० | ६० | ५० | ७० | **२६०** |
| ९. | वेमौसमी तरकारी विउ वितरण कार्यक्रम | १० | १२ | १० | २० | २० | **७२** |
| १०. | भांगो उत्पादन तथा प्रशोधन प्रवर्द्धन कार्यक्रम | १० | १२ | १० | १७ | १५ | **६४** |
| ११. | कृषि (आलु, सुन्तला, कागती आदि) पकेट क्षेत्र विकास कार्यक्रम | ५० | ४५ | ६० | १०० | ८० | **३३५** |
| १२. | मलखाद सहयोग, औषधि तथा कृषि विमा कार्यक्रम | १० | १२ | १० | १५ | १२ | **५९** |
| १३. | कृषक परिचयपत्र, सम्मान प्रदान तथा क्षमता अभिवृद्धि कार्यक्रम | १५ | १८ | २० | २० | २० | **९३** |
| | **कृषि विकास कार्यक्रमको बजेट जम्मा** | **२९२** | **३१८** | **३३७** | **३७९** | **४२२** | **१७४८** |

**तालिका नं. :७ कृषि विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथों वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| कृषि पेशामा आवद्ध जनसंख्या | प्रतिशत | ७८.२ | ७६ | ७० | ६५ | ६० | ५० |
| खेती योग्य जमिन | प्रतिशत | २८ | २८ | २८ | २८ | २८ | २८ |
| सिंचित क्षेत्रफल | प्रतिशत | २१ | २५ | ३० | ३५ | ४० | ४५ |
| वार्षिक धान उत्पादन | मे. टन | २० | २२ | २५ | २७ | २९ | ३० |
| वार्षिक गहुँ उत्पादन | मे. टन | २२१२ | २२५० | २४०० | २६०० | २८०० | ३००० |
| मकै उत्पादन | मे. टन | ४६३१ | ४७०० | ५००० | ५५०० | ६००० | ६५०० |
| वार्षिक आलु उत्पादन | मे. टन | ३४५४.५ | ३६०० | ४००० | ४५०० | ५००० | ५५०० |
| वार्षिक सुन्तला उत्पादन | मे. टन | १२०.४४ | १५० | २५० | ३५० | ४५० | ५५० |
| वार्षिक कागती उत्पादन | मे. टन | २७३.३४ | ३०० | ४०० | ५०० | ६०० | ७०० |
| वार्षिक केराउ उत्पादन | मे. टन | २०८ | २५० | ३५० | ४५० | | ५०० |

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथों वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| ताजा तरकारी फर्म | संख्या | १० | १२ | १५ | १८ | २० | २२ |
| कृषि उपज संकलन केन्द्र | संख्या | २ | ३ | ४ | ५ | ५ | ५ |
| बिउबिजन (नर्सरी) | संख्या | ६ | ६ | ८ | १० | १० | १० |
| मल खाद केन्द्र | संख्या | ० | १ | ३ | ५ | ५ | ५ |
| सित भण्डारण | संख्या | ० | १ | १ | १ | १ | १ |
| कृषि तथा पशु प्राविधिक | संख्या | ६० | ६२ | ६५ | ७० | ७५ | ८० |
| कृषि विशेषज्ञ | संख्या | ० | ० | १ | २ | ३ | ३ |

श्रोतः  कृषि विकास गुरुयोजना २०७९, योजना तर्जुमा कार्यशाला, २०८०

**अपेक्षित उपलब्धी**

यस गाउँपालिका खाधान्न, तरकारी र फलफुलमा आत्मनिर्भर हुनेछ ।

## ४.२ पशुपन्छी विकास

**बिद्यमान अवस्था**

गाउँपालिकामा पछिल्लो समय कृषि गतिविधिसँगै आयआर्जन र आर्थिक अवस्था उकास्नका लागि ब्यवसायिक रुपमा पशुपालन गर्ने प्रवृत्ति बढेको छ। यस गाउँपालिकालाई पशु पकेट क्षेत्रको रुपमा विकास गरिएको छ। गाई, भैंसी, बाखा, सुँगुर, कुखुरा र मौरी परिवर्तन गाउँपालिकाका प्रमुख पशुपालन क्षेत्र हुन्। हाल माछा पालन गर्ने किसानहरुको संख्या उल्लेख्य रुपमा बढ्दै गरेको देखिन्छ । यस गाउँपालिका मासु र माछा उत्पादनमा आत्मनिर्भर उन्मुख रहेको छ ।

**अवसर**

- कृषि तथा पशुपालन क्षेत्रमा ब्यबसायिक किसानको सक्रियता रहेको
- कृषि तथा पशुसेवा सम्बन्धी कार्यविधि भएको
- दुग्ध तथा मासुजन्य उत्पादनको लागि बजारको पहुँच रहेको
- माछा पालनको प्रशस्त संभावना रहेको
- पशुपालनका लागि सहज पानी आपुर्ती प्रणाली रहेको
- मौरीपालनमा प्रवल सम्भावना रहेको

**चुनौती**

- उत्पादकत्व वृद्धिका लागि उन्नत नश्ल सुधार कार्यक्रमहरु ब्यवस्थित नहुनु
- प्रविधि तथा आधारभूत प्राविधिक सेवाको कमी
- उत्पादनमा संलग्न किसानहरूको व्यवसायिक दक्षता कमी हुनु
- पशुवधशाला, पशु बिमा सम्बन्धी चेतनाको कमी,
- बास्तविक किसानहरुको अनुदानमा पहुँच नहुनु,
- उत्पादन लागत धेरै भएकोले बजारमा प्रतिस्पर्धा गर्न कठिन

**लक्ष्य**

पशुपालन व्यवसायलाई विविधिकरण तथा व्यवसायीकरण गरी आर्थिक उपार्जनको साथै सम्मानित पेशाको रूपमा विकास गर्ने ।

**उद्धेश्यहरु**

- पशुपालनलाई ब्यबसायिक र आधुनिकीकरण गर्नु
- व्यवस्थित बधशाला तथा प्रयाप्त पशु सेवा केन्द्रको विकास गर्नु
- पशुपन्छीजन्य पदार्थमा आत्मनिर्भर बन्दै निर्यात बढाउनु
- पशु बिमा कार्यक्रम तथा पशुपालन अनुदान सहज रुपमा सबै किसानको पहुँचमा पुर्याउनु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|

| रणनीति | कार्यनीति |
|---|---|
| पशु पन्छी प्रर्वद्धन तथा विकास कार्यक्रम लागु गर्ने | • पशु प्रविधिक सेवा, पशु विमा, नश्ल सुधार, कृतिम गर्भाधान कार्यक्रम संचालन गरिनेछ<br>• वडा स्तरमा पशु विकास प्रविधिको ब्यवस्था गरिनेछ<br>• पशु रोग बिरुद्धका खोपहरु प्रभावकारी रुपमा सबै वडाहरुमा उपलब्ध गराईनेछ<br>• कृतिम गर्भाधान केन्द्रको निर्माण गरिनेछ<br>• पशु चौपायमा लाग्ने सरुवा रोग नियन्त्रणको लागि भ्याक्सिनेसन गरिनेछ |
| पशुपालक किसानहरुको क्षमता अभिवृद्धि गर्ने | • व्यवसायिक पशुपालक किसानहरुलाई तालिमहरु दिएर क्षमता विकास गरिनेछ |
| गाउँपालिकालाई मासु तथा माछाको प्रमुख केन्द्रको रुपमा चिनाउने | • मासु तथा माछाको व्यबसायिक बिक्री वितरणको निमित्त वजार क्षेत्रहरुमा फ्रेश हाउसको स्थापना गरिनेछ<br>• गोठ सुधार कार्यक्रम तथा घाँस उत्पादन र दाना उत्पादन कार्यक्रम लागु भएको गरिनेछ<br>• आधुनिक बधशाला निर्माण गरिनेछ |
| पशु बिमा कार्यक्रम तथा पशुपालन अनुदान कार्यक्रम सबै किसानको पहुँचमा पुर्याउने | • पशु बिमा कार्यक्रम सबै किसानको पहुँचमा पुग्नेगरी लागु गरिनेछ<br>• उत्पादनको आधारमा मात्र अनुदान पाउने सुनिश्चित गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

**तालिका पशुपन्छी विकास कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | पशुपन्छी विकास | | | | | | |
| १. | पशु नश्ल सुधार तथा कृतिम प्रजनन प्रर्वद्धन कार्यक्रम | ५ | ४ | ४ | ४ | ६ | २३ |
| २. | पशु स्वास्थ्य तथा विमा कार्यक्रम | ४ | ४ | ४ | ४ | ५ | २१ |
| ३. | गोठ सुधार तथा ब्यबसायिक घाँस तथा दाना उत्पादन कार्यक्रम | ५ | ५ | ५ | ५ | ६ | २६ |
| ४. | आधुनिक बधशाला निर्माण | १५ | १६ | १९ | १५ | १० | ७५ |
| ५. | कुखुरा तथा माछापालनका लागि अनुदान तथा सहयोग | ५ | ५ | ७ | १० | १५ | ४२ |
| ६. | पशु रोग बिरुद्धको खोप कार्यक्रम | २ | २ | २ | २ | ३ | ११ |
| ७. | पशु किसान क्षमता अभिबृद्धि कार्यक्रम | २ | २ | २ | २ | ३ | ११ |
| ८. | दुध उत्पादन प्रवर्द्धन | ४ | ५ | ४ | ६ | ६ | २५ |
| ९. | राँगा, खसी, बोका आदि उत्पादन प्रवर्द्धन तथा अनुदान कार्यक्रम | ७ | ९ | ११ | १५ | १६ | ५८ |
| १०. | मौरी पालन सहयोग | ५ | ६ | ७ | ७ | ६ | ३१ |

| | पशुपन्छी विकास कार्यक्रमको जम्मा बजेट | ५४ | ५८ | ६५ | ७० | ७६ | ३२३ |
|---|---|---|---|---|---|---|---|

**तालिका नं. : ८ पशुपंक्षी विकास नतिजा खाका**

| सूचक | एकाइ | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| दुध डेरी | संख्या | ० | १ | २ | ३ | ४ | ५ |
| व्यवसायिक पशु-पन्छीपालन फर्म | संख्या | ५ | १ | २ | ३ | ४ | २५ |
| दुध उत्पादन (प्रतिदिन) | लिटर | १६५ | २०० | ५०० | ८०० | १२०० | १५०० |
| माछापालन फर्म | संख्या | २ | ३ | ५ | ७ | ९ | १० |
| मौरीपालन फर्म | संख्या | ० | १ | ३ | ५ | ७ | १० |
| भैसी फर्म | संख्या | ० | १ | ३ | ५ | ७ | १० |
| बाख्रा फर्म | संख्या | ५ | ७ | १० | १३ | १६ | २० |
| कुखुरा फर्म | संख्या | २ | ४ | ८ | १० | १२ | १५ |
| बाख्राको मासु | मे. टन | ४० | ५० | ८० | १०० | १२५ | १५० |
| गाई/गोरु | संख्या | ९६३४ | ९६३४ | ९६३४ | ९६३४ | ९६३४ | ९६३४ |
| राँगा/भैसी | संख्या | ५२२३ | ५५०० | ६५०० | ७५०० | ८००० | ९००० |
| कुखुरा | संख्या | ३७०७६ | ४०००० | ६०००० | १००००० | १२५००० | १५०००० |
| माछा फ्रेस हाउस | संख्या | ० | २ | ४ | ६ | ८ | १० |
| पशु चिकित्सक | संख्या | ० | ० | १ | १ | २ | ३ |

(श्रोतः योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक वर्षको अन्त्यसम्म मासु तथा माछामा आत्मनिर्भर भइ उलेख्य मात्रामा निर्यात भएको हुनेछ।

## ४.३ घरेलु साना उद्योग तथा व्यापार व्यवसाय

**बिद्यमान अवस्था**

परिवर्तन गाउँपालिकामा केहि साना तथा घरेलु उद्योगहरू रहेका छन्। यहाँ हरियाली अल्लो धागो तथा कपडा उद्योग, सिलाई कटाई, ग्रिल उद्योग, पानीघट्ट, फर्निचर उद्योग आदि रहेका छन। कृषि तथा पशु पालनको प्रशस्त सम्भावना भएको, बन तथा खोला क्षेत्रहरु पनि उल्लेख्य मात्रमा भएकाले यस्ता उद्योगका लागि चाहिने कच्चा पदार्थ गाउँपालिकामा नै उपलब्ध रहेको छ । यस गाउँपालिकामा दर्ता भएका किराना पसल ७६ वटा, फेन्सी पसल ११ वटा, मोबाइल पसल २९ वटा, खाजा पसल २९ वटा, होटेल १० वटा, पिसानी मिल १० वटा, कुतिर उद्योग १२ वटा, टेलर्स १५ वटा, हार्डवेयर ४ वटा, फ्रेस हाउस ४ वटा, वर्कसप ४ वटा र अन्य व्यवसायहरु पनि छन्।

**अवसर**

- कृषि उपज एवम बन केन्द्र रहेको हुँदा कृषि तथा बनजन्य कच्चा पदार्थमा आधारित घरेलु तथा साना उद्योगहरुको प्रवल संभावना रहेको
- खेती योग्य जमिन प्रशस्त हुनु, मकै तथा गहुँको पकेट क्षेत्र हुनु र स्थानीय जनताको आफ्नै परम्परागत ज्ञानहरु भएकाले घरेलु तथा साना उद्योगको माध्यमबाट यस क्षेत्रका बासिन्दाको जीवनस्तरमा सुधार गर्न सकिने  सम्भावना रहेको
- अल्लो प्रशोधन, नेपाली कागज उत्पादन गर्न सकिने प्रवल सम्भावना रहेको
- स्थानीयस्तरमा उपलव्ध कच्चा पदार्थमा आधारित कृषि तथा पशुजन्य प्रशोधन उद्योगको संभावना रहेको

**चुनौती**

- युवा तथा महिलाहरुलाई आवश्यक सीपमुलक तालिमको कमी,
- उद्योग स्थापनाको लागि आवश्यक पुँजीको अभाव,
- युवाहरुमा बैदेशिक रोजगारी प्रति आकर्षण बढी हुनुले औद्योगिक विकास तथा रोजगारी प्रवर्द्धनमा कठिनाइ,
- बिचौलियाको सक्रियताले गर्दा बास्तबिक किसान तथा साना उद्योगीहरुले लाभ लिन नसक्नु,
- उद्योग तथा व्यवसाय प्रर्वद्धन तर्फ स्पष्ट नीतिको अभाव, तालिम तथा प्रशिक्षण केन्द्रको अभाव, दक्ष जनशक्ति तथा प्राविधिक ज्ञान तथा सीपको कमी,
- घरेलु तथा साना उद्योगलाई सरल तथा सहज रुपमा कर्जा प्राप्त हुन नसक्नु

**लक्ष्य**

साना तथा लघुउद्यमीहरुको क्षमता अभिबृद्धि गर्दै लगानीका नयाँ अवसर संगै रोजगारी सृजना हुनेछ ।

**उद्धेश्यहरु**

- स्थानीय श्रोत र साधनमा आधारित नयाँ घरेलु तथा साना उद्योगको स्थापना गर्ने
- युवाहरुलाई स्थानीय सीपमा आधारित उद्योग संचालन गर्न प्रोत्साहित गर्ने
- स्थानीय स्तरमा ब्यबसायिक चेतना वृद्धि गर्ने
- सृजनात्मक सोंचमा आधारित नयाँ उद्योगहरु संचालन गर्ने

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय श्रोत  साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने | • स्थानीय स्रोत साधन तथा परम्परागत प्रविधिमा आधारित उत्पादन, प्रशोधन तथा बजारीकरण सम्बन्धी उद्योगको स्थापनामा जोड दिइनेछ |
| सीप विकासको सुनिश्चितता गर्दै रोजगारी प्रवर्द्धन गर्ने | • युवा लक्षित कृषिमा आधारित उद्योगहरुको विकासमा जोड दिइनेछ<br>• युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी तालिम संचालन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| घरेलु तथा साना उद्योगलाई सरल कर्जा तथा अनुदानको व्यवस्था गर्ने | • उद्योग स्थापना गर्न आवश्यक पर्ने लगानी अभिवृद्धिको लागि उद्यमीहरुलाई वित्तीय संस्था मार्फत सस्तो ब्याजदरमा ऋण उपलब्ध गराउन सहजीकरण गरिनेछ |
| लगानी मैत्री वातावरणको निर्माण गर्ने | • स्थानीय सीपलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न स्थानीय सीपमा आधारित र श्रममूलक घरेलु तथा साना उद्योगहरूको व्यवस्थापन क्षमता विकास गर्ने कार्यहरू संचालन गरिनेछ<br>• व्यबसायिक चेतना अभिबृद्धिको लागि सरोकारवालाहरुको समन्वयमा प्रतिष्ठित उद्यमीहरु मार्फत प्रशिक्षण संचालन गरिनेछ |

## कार्यक्रम तथा आयोजना

घरेलु साना उद्योग तथा व्यापार व्यवसाय कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | घरेलु साना उद्योग तथा व्यापार व्यवसाय | | | | | | |
| १. | स्थानीय सीपमा आधारित रोजगारी कार्यक्रम | १० | १० | १० | १० | १० | ५० |
| २. | घरेलु तथा साना उद्योग प्रोत्साहन कार्यक्रम | १० | १० | ११ | १४ | १० | ५५ |
| ३. | व्यवसायिक तथा प्राविधिक सीप अभिवृद्धि कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ४. | ब्यबसाय स्थापना बिउ पुँजी सहुलियत कर्जा कार्यक्रम | १२ | १२ | १२ | १२ | १२ | ६० |
| ५. | नेपाली कागज उत्पादन तथा प्रवर्द्धन | १५ | १७ | १७ | २५ | २० | ९४ |
| ६. | कृषि उपज प्रशोधन तथा विविधीकरण (आलु चिप्स, अचार...आदि) | ५ | ११ | १५ | १० | ३० | ७१ |
| ७. | जडिवुटीमा आधारित उद्योग व्यवसाय | २० | २० | २५ | २५ | २० | ११० |
| ८. | अल्लो उत्पादन तथा प्रशोधन कार्यक्रम | २० | २२ | २२ | २५ | ३० | ११९ |
| ९. | निर्यातजन्य उद्योगको प्रवर्धन तथा क्षमता विकास कार्यक्रम | १० | ११ | ११ | १५ | १६ | ६३ |
| | **घरेलु साना उद्योग तथा व्यापार व्यवसायको जम्मा वजेट** | **१०७** | **११८** | **१२८** | **१४१** | **१५३** | **६४७** |

**तालिका न.: ९ घरेलु तथा साना उद्योग तथा व्यापार नतिजा खाका**

| सूचक | एकाइ | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| साना तथा घरेलु उद्योग संख्या | संख्या | १ | ५ | २० | ५० | ७० | १०० |
| दर्ता गरी संचालन भएका साना व्यवसाय | संख्या | २३९ | ३०० | ५०० | १००० | १३०० | १५०० |
| रोजगारीको लागि आवेदन | संख्या | १७२२ | सबैलाई रोजगारी दिने | सबैलाई रोजगारी दिने | सबैलाई रोजगारी दिने | सबैलाई रोजगारी दिने | सबैलाई रोजगारी दिने |
| स्थानीय उद्योग तथा व्यवसायमा रोजगार व्यक्ति | जनसंख्या | २००० | २३०० | ५००० | ७००० | ९००० | १०००० |
| व्यवसायिक सीपमुलक तालिम | संख्या | १० | २० | ३० | ४० | ५० | ६० |

(श्रोत: योजना तर्जुमा कार्यशाला २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्यमा १०० वटा घरेलु तथा साना उद्योग, १५०० साना व्यवसाय र स्थानीय व्यवसायबाट रोजगारी प्राप्त जनसंख्या १०००० हुनेछ ।

## ४.४ पर्यटन, संस्कृति तथा सम्पदा

**बिद्यमान अवस्था**

प्रमुख धार्मिकस्थलहरुमा नौलादेवी भगवती मन्दिर, पाँचपुत्री मन्दिर, शिव पार्वती मन्दिर, थुनीकोट मन्दिर, कल्याणी माता मन्दिर, माईस्थान मन्दिर, मौलाकोट मन्दिर, टिमुरवोट मन्दिर, सुकीदह मन्दिर, कल्याणीमाता मन्दिर रहेका छन् । तालतलैया र प्राकृतिक पोखरीका रुपमा देउराली डाँडा, पारीमारी पोखरी, रालेखोला पाछावाङ, घुइलचौर पाछावाङ आदि छन् ।

पर्यटन पूर्वाधारको रुपमा सडक यातयातको विकास हुँदै गरेको हुनाले युद्द पर्यटन, गोरिल्ला ट्रेक, मगर संस्कृतिको प्रचारप्रसार गरी आन्तरिक र बाह्य पर्यटक आकर्षण गर्न सकिन्छ ।

**अवसर**

- बहुजातीय, बहुसांस्कृतिक तथा मगरजातिको सांस्कृतिक बिशेषताले भरिएको हुनाले पर्यटन विकासको अवसर रहेको

- युद्ध स्मारक, युद्धको प्रमुख घटनाक्रमहरुको अभिलेखीकरण र गोरिल्ला ट्रेक मार्फत पर्यटन प्रवर्द्धन गर्न सकिने

**चुनौती**

- पर्यटकीय पूर्वाधारको यथोचित विकास नहुनु
- ऐतिहासिक तथा धार्मिक विशेषता बोकेका क्षेत्रहरुको उचित प्रचारप्रसार नहुनु
- आन्तरिक तथा बाह्य पर्यटकका लागि सुबिधायुक्त होटेलहरु कम हुनु
- पर्यटकीय आकर्षण जगाउने क्रियाकलाप गर्न नसक्नु
- पर्यटकीय गन्तव्यहरूको पहिचान खोज तथा अनुसन्धान र पर्यटकीय पथहरूको पहिचान एवं प्रबर्द्धन हुन नसक्नु,
- पार्क तथा संग्राहलय, पर्यटकीय गाईड, सूचना तथा सेवाको कमी

**लक्ष्य**

संस्कृतिको संरक्षण तथा प्रवर्द्धनको साथै पर्यटन क्षेत्रको विकास भइ रोजगारी सिर्जना हुनेछ।

**उद्धेश्यहरु**

- गाउँ क्षेत्रका पर्यटकीय स्थलहरुको विकास, बजारीकरण, प्रवर्द्धन र संरक्षण गर्नु
- आय र रोजगरीका लागि पर्यटनलाई प्रमुख क्षेत्रको रुपमा विकास गर्नु
- मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटन विकासको लागि आवश्यक पूर्वाधार सहित आन्तरिक तथा बाह्य पर्यटकलाई | • लोकल टूर गाइड तालिम संचालन गरिनेछ<br>• निजी क्षेत्र र समुदायसँग साझेदारीमा पर्यटन विकास |

| रणनीति | कार्यनीति |
|---|---|
| आकर्षित गर्ने। | कार्यहरु संचालन गरिनेछ<br>• पर्यटन पूर्वाधार विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण तथा सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ<br>• होटेल व्यवस्थापन र आतिथ्य सत्कार तथा व्यवस्थापन तालिम संचालन गरिनेछ |
| पर्यटकीय स्थलहरुको संरक्षण तथा उचित प्रचार-प्रसार गर्ने | • पर्यटकीय स्थानहरुको संरक्षण तथा प्रचारप्रसार गरिनेछ<br>• गोरिल्ला ट्रेक तथा युद्ध पर्यटन प्रबर्द्धन गरिनेछ |
| मूर्त तथा अमूर्त संस्कृतिको संरक्षण तथा प्रवर्द्धन गर्ने | • संस्कृति र प्रकृतिको व्यख्या गर्दै प्रचारप्रसार गरि पर्यटन प्रबर्द्धन गरिनेछ<br>• स्थानीय कला, भाषा, लिपि र संस्कृतिको अभिलेखिकरण गरी विकास गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

**तालिका 10** पर्यटन, संस्कृति तथा सम्पदा कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **पर्यटन, संस्कृति तथा सम्पदा** | | | | | | |
| १ | युद्ध पर्यटन/साँस्कृतिक पर्यटन प्रबर्द्धन कार्यक्रम | ५ | ५ | ७ | १० | १० | **३७** |
| २ | पर्यटकीय पैदलमार्ग निर्माण तथा स्तरोन्नति | १० | १५ | १० | १० | १० | **५५** |
| ३ | पार्क निर्माण तथा गुरिल्ला पथ स्तरोन्नति कार्यक्रम | १४ | १५ | २० | १६ | २० | **८५** |
| ४ | लोकल टुर गाइड तालिम संचालन | ३ | १ | २ | ४ | ३ | **१३** |
| ५ | संक्षिप्त वृत्तचित्र निर्माण तथा प्रशारण/ डिजिटल सूचना वोर्ड | ४ | २ | २ | २ | २ | **१२** |
| ६ | कोशेलीघर सञ्चालन तथा प्रवर्द्धन | ६ | ६ | ६ | ४ | ६ | **२८** |
| ७ | मौलिक संस्कृति (नाच,भेषभुषा, खान) मेला प्रर्दशन तथा प्रर्वद्धन कार्यक्रम | ९ | ८ | १० | १० | १० | **४७** |
| ८ | होटेल व्यवस्थापन तथा आथित्य सत्कार तथा व्यवस्थापन तालिम | २ | १ | १ | २ | २ | **८** |
| ९ | होम स्टे संचालन कार्यक्रम | ७ | १० | १२ | १२ | १२ | **५३** |
| १० | पर्यटकीय स्थल संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | २० | २५ | २७ | ३५ | ४० | **१४७** |

| | पर्यटन, संस्कृति तथा सम्पदाको बजेट जम्मा | ८० | ८८ | ९७ | १०५ | ११५ | ४८५ |
|---|---|---|---|---|---|---|---|

**तालिका न.: ११ पर्यटन, संस्कृति तथा सम्पदा नतिजा खाका**

| सूचक | एकाइ | आधार वर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| पर्यटकीय स्थल संरक्षण तथा प्रवर्द्धन | संख्या | ८ | ८ | ८ | ८ | ८ | ८ |
| होटल | संख्या | १० | १२ | १५ | १८ | २० | २२ |
| आदिवासी संग्रहालय तथा संस्कृति घर | संख्या | ० | १ | १ | १ | १ | १ |
| होम स्टे संचालन | संख्या | ० | १ | २ | ३ | ४ | ५ |
| कोसेली घर | संख्या | ० | १ | १ | १ | १ | १ |
| पर्यटक (आन्तरिक) वार्षिक | संख्या | ४००० | ६००० | ८००० | १०००० | १२००० | १५००० |
| पर्यटक (बाह्य) वार्षिक | संख्या | ५०० | १००० | २००० | ३००० | ४००० | ५००० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्यमा स्थानीय संस्कृतिको संरक्षण तथा प्रवर्द्धन भइ आदिवासी संग्रहालय संचालनमा आउनेछ । आन्तरिक पर्यटकको वार्षिक संख्या १५,००० तथा बाह्य पर्यटकको बार्षिक संख्या ५००० पुग्नेछ ।

## ४.५ बैंक, वित्तीय संस्था तथा सहकारी विकास

**बिद्यमान अवस्था**

परिवर्तन गाउँपालिकामा हाल सम्म एउटा मात्रै बाणिज्य बैंक रहेको र केहि लघुवित्तहरु पनि छन् यस गाउँपालिकामा उल्लेख्य संख्यामा सहकारी संस्थाहरु रहेका छन । परिवर्तन गाउँपालिकामा बचत तथा ऋण सेवाको प्रवाह गर्ने सहकारी, दुग्ध उत्पादन उन्मुख सहकारी तथा बहुउद्देश्यीय सहकारी गरी कुल १३ वटा सहकारी रहेका छन।यस गाउँपालिकाका ५० प्रतिशत भन्दा बढी घरधुरीहरु कुनै न कुनै सहकारी संग आबद्ध रहेका छन।परिवर्तन गाउँपालिकाको आफनै सहकारी ऐन भएकाले सबै सहकारीहरु ऐन अन्तरगत रही कार्य गर्दछन ।

**अवसर**

- सहकारी क्षेत्र संग आधाभन्दा बढी जनसंख्या आबद्ध हुनु तथा साना किसान तथा उद्यमीको पहुँचमा हुनु
- विभिन्न क्षेत्रसंग सम्बन्धित सहकारी हुनाले फरक वर्ग तथा पेशाका मानिसहरु सहकारीमा आबद्ध हुनु
- बचत गर्ने बानीको विकास हुनुका साथै ऋण लिन सजिलो हुनु
- वैकिंग तथा वित्तीय क्षेत्रको विस्तार मार्फत पूर्वाधार, पर्यटन तथा उद्योगको विकास संगै आर्थिक क्षेत्र चलायमान हुने
- निजी क्षेत्रलाई पुँजी निर्माणको आधारका रुपमा विकास गर्न सकिने

**चुनौती**

- उत्पादन मुलक क्षेत्रमा लगानी वढाउन नसक्नु
- वित्तीय पहुँच कम्जोर रहेको, ग्रामिण क्षेत्रका जनतामा वित्तीय सक्षरताको अभाव हुनु
- सहकारीहरु बचत तथा ऋणमा मात्र केन्द्रित हुनु तथा उत्पादनशील क्षेत्रमा लगानी नहुनु
- सहकारी मार्फत कृषि क्षेत्रमा भएको लगानीको सहि सदुपयोग नहुनु
- सहकारी संस्था र सदस्यहरुमा उद्यमशिलताको ज्ञान, सीप र अनुभवको कमि

**लक्ष्य**

वित्तीय सहकारीताको मध्यमवाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी रोजगारी सृजना हुनेछ।

**उद्धेश्यहरु**

- बैंक, वित्तीय संस्था तथा सहकारी क्षेत्रलाई सबै स्थानीयको सहज पहुँचमा पुर्याउनु
- बैंक, वित्तीय संस्था तथा सहकारीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नु
- स्थानीयहरुमा बचत गर्ने बानीको विकास गर्नु ।

## रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| वित्तीय सेवा सबै जनताको पहुँचमा पुऱ्याई बचत गर्ने बानीको विकास गर्दै उत्पादक क्षेत्रमा लगानी बढाउन प्रोत्साहन गर्ने | • हरेक परिवारलाई बचत गर्न अभिप्रेरित गर्न वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ<br>• सरकारी अनुदान लक्षित वर्ग तथा समुदायसम्म पु-याउन सहकारी मार्फत वितरण गर्ने नीति निर्माण गरि कार्यान्वयन गरिनेछ<br>• महिला सहकारी र टोल विकास संस्था मार्फत सीपमुलक, स्वरोजगारमुलक तालिम संचालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक तयार गरिनेछ<br>• कृषि सहकारी, बचत तथा ऋण सहकारीलाई व्यवस्थित गर्ने, वित्तीय अनुशासनको पालना गराउने |

## कार्यक्रम तथा आयोजना

तालिका १२ बैंक, वित्तीय संस्था तथा सहकारी विकास कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | बैंक, वित्तीय संस्था तथा सहकारी विकास | | | | | | |
| १ | वित्तीय सेवा तथा साक्षरता कार्यक्रम प्रवर्द्धन कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| २ | वचत तथा ऋण सहकारी नियमन कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ३ | कृषि तथा महिला सहकारी क्षमता विकास कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ४ | कृषि सहकारीलाई मलखाद, विउ विजनमा अनुदान | ३ | ३ | ३ | ४ | ४ | १७ |
| | **बैंक, वित्तीय संस्था तथा सहकारी विकासको जम्मा बजेट** | ६ | ६ | ६ | ७ | ७ | ३२ |

### तालिका न.: १३ बैंक, वित्तीय संस्था तथा सहकारी विकास नतिजा खाका

| सूचक | एकाइ | आधार वर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| सहकारी संस्था | संख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| वाणिज्य/ | संख्या | १ | १ | २ | २ | ३ | ३ |

| सूचक | एकाइ | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| विकास बैंक | | | | | | | |
| बैंक तथा वित्तीय संस्थामा खाता हुने घरधुरी | संख्या | १५०० | २५०० | ३५०० | ३८०० | ४००० | ४२०० |
| औपचारिक क्षेत्रबाट ऋण लिने घरधुरी | प्रतिशत | १५ | २५ | ३५ | ४५ | ५० | ५० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठी, २०८०)

### अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्म सबैजसो घरधुरीको वित्तीय संस्थामा पहुँच भएको हुनेछ ।

# परिच्छेद ५- सामाजिक विकास

नेपालको संविधान २०७२ ले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सबालहरूलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। माध्यमिक तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य र नीति निर्माण तहमा समाजमा पछाडी परेको वर्ग तथा क्षेत्रको सहभागितालाई सुनिश्चित गर्ने कानूनी तथा नीतिगत आधारहरू तयार भईसकेका छन्। नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता सबालहरूलाई महत्वपूर्ण रुपमा उठान गरेको छ भने १५ औं राष्ट्रिय योजनाले समेत उपरोक्त विषयलाई उच्च प्राथमिकतामा राखेको छ।सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघीय सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले अर्थपूर्ण प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ। परिवर्तन गाउँपालिकामा स्वस्थ्य, सक्षम र सृजनशील जनशक्ति उत्पादन गर्न, आर्थिक रुपले सक्रिय नागरिकहरूलाई आर्थिक विकासका विभिन्न क्षेत्रमा सहभागी बनाउन र समाजलाई लैङ्गिकमैत्री, बिभेदमुक्त र समतामूलक बनाउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, सामाजिक समावेशीकरण, युवा तथा खेलकुद, कला तथा संस्कृति जस्ता क्षेत्रमा विद्यमान संभावना र अवसर, समस्या तथा चुनौतिका अतिरिक्त आगामी दिनमा चाल्नु पर्ने रणनीति तथा कार्यक्रम सम्बन्धी संक्षिप्त विश्लेषण देहायअनुसार गरिएको छ ।

## ५.१ शिक्षा विकास

**बिद्यमान अवस्था**

शिक्षा क्षेत्रलाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक वनाउने, सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य वनाई क्रमशः निःशुल्क वनाउने लक्ष्य नेपाल सरकारले लिएको छ । नेपालको संविधानले नागरिकलाई आधारभूत शिक्षालाई निःशूलक एवं अनिवार्य गर्ने, र माध्यामिक तह सम्मको शिक्षालाई निःशुल्क पाउने प्रत्याभूति गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार मातृभाषामा शिक्षा प्रदान, पाठ्यक्रम तथा सामाग्री विकास विकास, प्राविधिक शिक्षा प्रदान, सहकारी विद्यालय स्थापना एवं विद्यालयहरुको नक्साङ्कन, समायोजन, शैक्षिक पूर्वाधार निर्माण गर्ने लगायतका कार्यहरुका लागि नीति, कानुन, योजना, कार्यान्वयन, नियमन तथा अनुगमन मूल्याङ्कन गर्ने जस्ता जिम्मेवारीहरु स्थानीय सरकारको कार्यक्षेत्र भित्र राखिएको छ ।

परिवर्तन गाउँपालिकाको कुल जनसंख्या मध्ये ७३.९% मानिस साक्षर छन ।राष्ट्रिय जनगणना अनुसार पुरुष र महिला साक्षरता प्रतिशत क्रमसः ८१.१ र ६७.७ रहेको देखिन्छ । यस गाउँपालिकामा हाल शिक्षा ऐन निर्माण गरी कार्यन्वयनमा आइसकेको छ ।

**अवसर**

- सबै वडामा विद्यालय रहेकाले बालबालिकाहरुलाई शिक्षामा सहज पहुँच भएको
- अधिकांश बालबालिका विद्यालयको पहुँचमा भएकाले उत्पादनशील मानव पुँजी निर्माण गर्न सकिने सम्भावना रहेको

**चुनौती**

- विद्यालयहरुमा शिक्षक दरबन्दीको अभाव हुनु
- सार्वजनिक पुस्तकालयको अभाव हुनु
- सामुदायिक बिद्यालयमा शिक्षाको गुणस्तर कमजोर हुनु
- क्याम्पसहरुमा पूर्वाधारहरुको अभाव हुनु
- शिक्षक क्षमता विकासको अभाव हुनु
- सार्वजनिक शिक्षाको विषयवस्तु समय सापेक्ष नहुनु
- आधुनिक प्रविधिको प्रयोग, शिक्षण सामग्रीको अभाव,  बिज्ञान प्रयोगशालाको अभाव

**लक्ष्य**

सार्वजनिक बिद्यालयहरुको क्षमता अभिवृद्धि गरी शिक्षाको गुणस्तर वृद्धि हुनेछ ।

**उद्धेश्यहरु**

- सार्वजनिक बिद्यालयहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्न योग्य बनाउनु
- प्रबिधिमैत्री बिद्यालय निर्माण गर्नु तथा हरेक बिषय शिक्षकको सम्बन्धित बिषयमा क्षमता अभिवृद्धि गर्नु
- सबै बिद्यालयमा आवश्यक भौतिक पूर्वाधार, पुस्तकालय, बिज्ञान प्रयोगशाला निर्माण गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| माध्यमिक, प्राविधिक तथा उच्च शिक्षामा सबैको सहज पहुँच बढाउने तथा शिक्षाको गुणस्तर वृद्धि गर्ने | • प्रविधिमैत्री शिक्षामा जोड दिईनेछ<br>• गरीब तथा जेहन्दार बिद्यार्थीहरुलाई गाउँपालिकाको श्रोतबाट आर्थिक सहयोग गरिनेछ<br>• प्राविधिक शिक्षालयको विस्तार गरी दक्ष जनशक्ति निर्माण गरिनेछ<br>• शिक्षाको गुणस्तर कायम गर्न पर्याप्त जनशक्ति, क्षमता विकास, शिक्षण सामाग्री बितरण गरिनुका साथै बिद्यालयहरुको नियमित अनुगमन गरिनेछ |
| शिक्षकहरुको क्षमता अभिवृद्धि गर्ने | • शिक्षकहरुलाई नियमित रुपमा आवस्यकता अनुसार तालिमको व्यवस्था गरिनेछ<br>• शिक्षक दरबन्दी मिलान गरिनेछ |
| बिद्यालयहरुमा आवस्यक भौतिक तथा अन्य पूर्वाधारहरुको निर्माण गरी उपयुक्त पठनपाठनको वातावारण तयार गर्ने | • विद्यालयमा मापदण्डअनुसारको पक्कि भवन, पर्खाल, शौचालय, पुस्तकालय निर्माण गरिनेछ<br>• सबै विद्यालयमा इन्टरनेट, कम्प्युटर ल्याब तथा बिज्ञान प्रयोगशाला उपलब्ध गराईनेछ |
| शत प्रतिशत बिद्यार्थी भर्ना गर्न तथा वीचमै विद्यालय छोड्ने प्रवृति निरुत्साहित गर्ने | • सबै बालबच्चाहरु विद्यालय जाने र वीचमै पढाई नछोड्न उचित छात्रवृतिको व्यवस्था गरिनेछ |

कार्यक्रम तथा आयोजना

तालिका 14 **शिक्षा विकास कार्यक्रम** तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **शिक्षा विकास कार्यक्रम** | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रम | ३० | ३५ | ४० | ४५ | ५० | **२००** |
| २ | शिक्षक क्षमता विकास कार्यक्रम | ५ | ५ | ५ | ७ | ५ | **२७** |
| ३ | महिला मैत्री र वाल मैत्री शौचालय निर्माण/खानेपानी | ५ | ५ | ५ | ६ | ५ | **२६** |
| ४ | विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम/विद्यालय समायोजन | १५ | १८ | २० | २० | २० | **९३** |
| ५ | विद्यालयगत रुपमा उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार | ५ | ८ | ८ | ८ | ८ | **३७** |
| ६ | विद्यालयमा सिकाई/ खेल सामाग्री व्यवस्थापन | ५ | ५ | ५ | ५ | ५ | **२५** |
| ७ | नमूना विद्यालय निर्माण कार्यक्रम | १७ | २० | २० | २३ | २५ | **१०५** |
| ८ | विद्यालयमा अतिरिक्त कृयाकलाप संचालन | ५ | ५ | ७ | ५ | १० | **३२** |
| ९ | निम्न आय स्तर तथा जेहेन्दार विद्यार्थी विषेश छात्रवृति कार्यक्रम | ३ | ३ | ७ | ५ | ७ | **२५** |
| १० | प्राविधिक धारको  कृषि, सिभिल आदि र सीपमूलक शिक्षा कार्यक्रम | १० | ८ | १० | १२ | १५ | **५५** |
| ११ | पुस्तकालय व्यवस्थापन (सवै माविमा) | ५ | ५ | ५ | ६ | ५ | **२६** |
| १२ | प्रयोगशाला व्यवस्थापन र सामाग्रि खरिद कार्यक्रम (सवै माविमा) | १० | १० | १० | १२ | १० | **५२** |
| १३ | प्रारम्भिक बाल विकास केन्द्रको शैक्षिक सामाग्रि व्यवस्थापन (नियमित) | २ | २ | २ | २ | २ | **१०** |
| १४ | शिक्षक दरवन्दी व्यवस्थापन | २० | २० | २० | २५ | ३० | **११५** |
| १५ | विद्यालय खेल मैदान व्यवस्था | ० | ३ | ३ | ५ | ७ | **१८** |
| १६ | आधारभूत विद्यालयमा गणित, अंग्रेजी, विज्ञान, शिक्षकका लागि १ हप्ते विशेष तालिम व्यवस्था | ३ | २ | २ | २ | २ | **११** |
| १७ | विद्यालय सूचना प्रविधि विस्तार कार्यक्रम (ईन्टरनेट, कम्प्युटर, मल्टिमिडिया आदि) | १० | १० | १० | ९ | १० | **४९** |
| | **शिक्षा विकास कार्यक्रमको बजेट जम्मा** | **१५०** | **१६४** | **१७९** | **१९७** | **२१६** | **९०६** |

**तालिका न.: १५ शिक्षा विकास नतिजा खाका**

| **सूचक** | **एकाई** | **आधार बर्ष ७९/८० अवस्था** | **पहिलो वर्ष ८१/८२** | **दोस्रो वर्ष ८२/८३** | **तेस्रो वर्ष ८३/८४** | **चौथो वर्ष ८४/८५** | **पाँचौ वर्ष ८५/८६** |
|---|---|---|---|---|---|---|---|
| साक्षरता दर | प्रतिशत | ७३.९ | ७५ | ७८ | ८२ | ८६ | ८८ |
| साक्षरता दर पुरुष | प्रतिशत | ८१.३ | ८२ | ८४ | ८८ | ९० | ९१ |
| साक्षरता दर महिला | प्रतिशत | ६७.७ | ६९ | ७३ | ७६ | ८२ | ८५ |

| सूचक | एकाई | आधार बर्ष ७९/८० अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| प्रारम्भिक वाल विकास केन्द्र | संख्या | ७ | ७ | ८ | ८ | ९ | १० |
| आधारभूत तहमा खूद भर्ना दर (१-८) | प्रतिशत | ९२ | ९४ | ९६ | ९७ | ९८ | ९९ |
| माध्यमिक तहमा खूद भर्ना दर (९-१२) | प्रतिशत | ४१.९ | ४५ | ५० | ६० | ६५ | ७० |
| सामुदायिक सिकाई केन्द्र | संख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| विज्ञान प्रयोगशाला भएका विद्यालय | संख्या | ३ | ५ | ७ | १० | १३ | १७ |
| मावि बिद्यालय कक्षा १२ सम्म | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ |
| कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | १३ | १५ | २० | ३० | ३६ | ४३ |
| २०८० को दलित विद्यार्थी संख्या शिशु देखि १२ सम्म | जना | ८७३ | - | - | - | - | १२ कक्षा सम्म टिकाउने |
| पुस्तकालय सहितको विद्यालय | संख्या | ६ | १० | २० | ३० | ३६ | ४३ |
| पक्की सामुदायिक विद्यालय भवन | संख्या | ४० | ४५ | ५० | ६० | ७० | ८० |

(स्रोतः  योजना तर्जुमा कार्यशाला २०८०, शिक्षा पार्श्वचित्र तथा गाउँ शिक्षा योजना २०७८/०७९)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा कुल साक्षरता दर ८८ प्रतिशत भन्दा माथि हुनेछ र सबै माध्यमिक विद्यालयमा उच्च स्तरीय बिज्ञान प्रयोगशाला तथा पुस्तकालय भएको हुनेछ, हरेक बिद्यालयको शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार भएको हुनेछ ।

## ५.२. स्वास्थ्य तथा पोषण

### बिद्यमान अवस्था

यस परिवर्तन गाउँपालिका पुतलाचौर रोल्पा अन्तर्गत जम्मा ६ वटा वडाहरूमा स्वास्थ्य चौकी आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वास्थ्य इकाइ केन्द्र गरी जम्मा ९ वटा स्वास्थ्य संस्थाहरू रहेका छन् । यी मध्ये आफ्नै जग्गा र भवन भएका स्वास्थ्य संस्थाहरू ८ वटा मात्रै छन् । आफ्नै जग्गा र भवन भएका स्वास्थ्य संस्थाहरूमध्ये पनि स्वास्थ्य चौकी केवरी बाहेक अरू सबै स्वास्थ्य संस्थाहरूमा मापदण्ड अनुसारको स्वास्थ्य भवन छैन । सामुदायिक स्वास्थ्य इकाइ केन्द्र डाडागाउँ राङसीमा आफ्नो जग्गा भएपनि हालसम्म भवन निर्माण भएको छैन । आफ्नो भवन भएपनि सबै स्वास्थ्य संस्थामा पर्याप्त मात्रामा कोठाहरू पुगेका छैनन । यस गाउँपालिका भित्र प्रसुति केन्द्र भएका स्वास्थ्य संस्थाहरू कुरेली, राङसी, केवरी, पाछावाङ र राङ्कोट स्वास्थ्य चौकी हुन भने बाँकि स्वास्थ्य संस्थाहरूमा भौगोलिक विकट लगायत विविध कारणले व्यहारिक रूपमा प्रसुति गराएता पनि प्रसुति केन्द्र भने होइनन् । प्रसुति केन्द्र भएका संस्थाहरूमा सेवा प्रदायकलाइ आवासको सुविधा केवरी स्वास्थ्य चौकी बाहेक अरू कुनै पनि स्वास्थ्य संस्थाहरूमा छैन । खानेपानी, शैचालय, विद्युत, मोटरबाटोको सुविधा भने प्राय सबै स्वास्थ्य संस्थाहरूमा पुगेको छ । समग्रमा यस गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा भौतिक पूर्वाधारको अवस्था कमजोर छ ।

### अवसर

- १५ शैयाको अस्पताल निर्माणाधीन रहेकोले स्वास्थ्यको पहुँच विस्तार हुने
- गर्भवती महिलाका लागि निशुल्क उपचार तथा भत्ताको ब्यबस्थाले मातृ तथा शिशु मृत्युदर एकदम कम
- स्थानीयहरुमा स्वास्थ्य सम्बन्धी चेतना वृद्धि तथा गतिविधिहरु बढ्दै जानु

### चुनौती

- गुणस्तरीय स्वास्थ्य सेवाको कमी
- निशुल्क स्वास्थ्य सेवाको पहुँचमा कमी
- स्वास्थ्य कर्मीहरुलाई समय सापेक्ष तालिमको अभाव
- स्वास्थ्य संस्थाहरुमा बजेटको अभाव
- कतिपय वडाबाट स्वास्थ्य सेवा पहुँच योग्य ठाउँमा नहुनु
- दक्ष जनशक्तिको अभाव

### लक्ष्य

आधारभुत स्वास्थ्य सेवामा सहज पहुँच तथा स्वास्थ्य संस्थाको गुणस्तरीयता वृद्धि हुनेछ ।

### उद्धेश्यहरु

- स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गरी स्वास्थ्यकर्मीको संख्या उल्लेख्य वृद्धि गर्नु
- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच पुर्याउनु
- जनस्वास्थ्य चेतनामा उल्लेख्य वृद्धि भई नागरिक स्वास्थ्यमा सुधार

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच पु-याउने | • नियमित स्वास्थ्य परिक्षण सेवालाई हरेक वडामा उपलव्ध गरिनेछ<br>• हरेक वडामा एम्बुलेन्स सेवा विस्तार गरी गरिब तथा गर्भवती महिलाहरुको लागि निशुःल्क सेवा उपलब्ध गराइनेछ<br>• गर्भवती प्रोत्साहन कार्यक्रम लागु गरी स्वास्थ्य संस्थामा गई उपचार गराउने वातावरण निर्माण गरिनेछ<br>• बिशेषज्ञ चिकित्सकहरुद्वारा हरेक वडामा निशुल्क घुम्ती स्वास्थ्य जाँच सेवा उपलब्ध गराइनेछ<br>• स्वास्थ्य बिमा कार्यक्रम सबै स्थानीयको पहुँचमा पुर्याइनेछ<br>• गरिब तथा विपन्न वर्गलाई निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराइनेछ |
| आधारभुत स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्ने | • अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य संस्थाहरुको क्षमता वृद्धि गरिनेछ, हरेक वडामा स्वास्थ्य चौकी निर्माण गरिनेछ<br>• अस्पतालमा बिशेषज्ञ चिकित्सकको व्यवस्था गरिनेछ साथै चिकित्सकको संख्या वृद्धि गरिनेछ<br>• सवै वडाहरुमा स्वास्थचौकी भवन निर्माण, गुणस्तरीय सामग्री, उपकरण, औषधी, ईन्टरनेट सुविधाको व्यवस्था गरिनेछ<br>• स्वास्थ्य संस्थामा पर्याप्त जनशक्ति तथा क्षमता विकास तालिमको व्यवस्था गरिनेछ |
| स्वास्थ्य जीवनशैलीका उपायहरु अवलम्बन गराई संक्रमण रोग नियन्त्रण गर्ने | • बालबालिका पोषण कार्यक्रमलाई सबै वडाहरुमा चुस्त रुपमा लागु गरिनेछ<br>• नियमित ब्यायाम तथा योग शिविर संचालनमा ल्याइनेछ<br>महामारी रोगहरुलाई न्युनिकरण गर्न स्वास्थ्य मापदण्डहरु कडाइपुर्वक लागु गरिनेछ |

## कार्यक्रम तथा आयोजना

तालिका 16 **स्वास्थ तथा पोषण कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **स्वास्थ तथा पोषण** | | | | | | |
| १. | चिकित्सक तथा स्वास्थ्यकर्मीको जनशक्ति थप | १० | १० | १० | १२ | १८ | ६० |
| २. | बर्थिंग केन्द्र स्तरोन्नति | ५ | ५ | ५ | ३ | ५ | २३ |
| ३. | औषधी भण्डारण तथा वितरण प्रणाली व्यवस्थापन कार्यक्रम | ५ | ५ | ५ | ६ | ८ | २९ |
| ४. | ल्याव सेवा विस्तार तथा स्तरोन्नती | ५ | ५ | ७ | ७ | १० | ३४ |
| ५. | लक्षित बर्गलाई निशुल्क स्वास्थ्य परिक्षण तथा उपचार | ५ | ५ | ५ | ६ | ७ | २८ |
| ६. | घुम्ती स्वास्थ्य सेवा | ५ | ५ | ५ | ५ | ६ | २६ |
| ७. | प्रजनन स्वास्थ्य कार्यक्रम | ५ | ५ | ५ | ६ | ६ | २७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | गरिब तथा बिपन्न बर्गलाई निशुल्क स्वास्थ्य बिमा (मजदुर ज्यालादारी) | ३ | ३ | ३ | ३ | ३ | **१५** |
| ९. | स्वास्थ्य प्रदायक संस्थामा आवश्यक उपकरण व्यवस्थापन | १० | १२ | १२ | १५ | १५ | **६४** |
| १०. | स्वास्थ्यकर्मी र महिला स्वयंसेविका क्षमता विकास कार्यक्रम | ३ | ३ | ३ | ५ | ६ | **२०** |
| ११. | नसर्ने रोग सम्वन्धि सचेतना परिक्षण औषधि समेत | ५ | ५ | ५ | ६ | ९ | **३०** |
| १२. | खोप तथा गाउँघर क्लिनिक सुधार कार्यक्रम | ५ | ५ | ५ | ५ | ७ | **२७** |
| १३. | स्वास्थ्य सचेतना अभियान (पोषणयुक्त खानेकुराको प्रयोग, महामारी रोग नियन्त्रण लगायत) | २ | २ | २ | २ | २ | **१०** |
| १४. | औषधी खरिद | ७ | ५ | १० | १२ | १० | **४४** |
| १५. | उपकरण तथा सर्जिकल सामाग्रि खरिद कार्यक्रम | १० | १५ | २२ | २५ | २३ | **९५** |
| १६. | स्वास्थ्य चौकीहरुको स्थापना तथा स्तरोन्नती कार्यक्रम | ३० | ४० | ३५ | ३५ | ३० | **१७०** |
| १७. | आयुर्वेद सेवा प्रवर्द्धन कार्यक्रम | ३ | ३ | ३ | ३ | ५ | **१७** |
| १८. | सुरक्षित मातृत्व कार्यक्रम | ५ | ५ | ७ | ७ | ८ | **३२** |
| १९. | बहुपोषण कार्यक्रम | ५ | ५ | ५ | ५ | ६ | **२६** |
| | **स्वास्थ तथा पोषण कार्यक्रमको बजेट जम्मा** | **१२८** | **१४३** | **१५४** | **१६८** | **१८४** | **७७७** |

**तालिका न.: १७ स्वास्थ्य तथा पोषण नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| खोप क्लिनिक | संख्या | ११ | ११ | ११ | १२ | १२ | १३ |
| गाउँ बर्थिंग सेन्टरमा सुत्केरी गराउने | प्रतिशत | ७.८ | - | - | - | - | सुरक्षित सेवा दिने |
| स्वास्थ संस्थामा सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ६८.४ | ७० | ७५ | ८० | ८५ | ९० |
| पूर्ण खोप | प्रतिशत | ९० | ९२ | ९४ | ९६ | ९७ | ९८ |
| स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी | संख्या | १५ | १८ | २२ | २५ | २७ | २९ दरबन्दी अनुसार |
| स्वास्थ्य शाखा र मातहतका कर्मचारी सहित | संख्या | ४६ | ४९ | ५३ | ५६ | ५९ | ६० |

| सूचक | एकाई | आधार बर्ष ७९/८० अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| स्वास्थ्यकर्मी हाल कार्यरत | | | | | | | |
| आवासीय चिकित्सक | संख्या | ० | ० | ० | २ | २ | २ |
| बर्थिङ्ग सेन्टर | संख्या | १ | १ | २ | ३ | ३ | ४ |
| चिकित्सक तथा ओपीडी सहितको अस्पताल | संख्या | ० | ० | १ | १ | १ | १ |
| स्वास्थ्य चौकी | संख्या | ५ | ५ | ५ | ६ | ६ | ६ |
| बृद्धि अनुगमन गरिएका (Growth Monitoring Coverage ०-२३ months (%)) | प्रतिशत | ४६ | ५० | ६० | ६५ | ७० | ७५ |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | २८.४८ | ३० | ३२ | ३४ | ३६ | ३८ |
| क्षयरोगी उपचारको सफलता दर | संख्या | ९०.९ | ९१.५ | ९२ | ९२.५ | ९३ | ९४ |
| स्वास प्रस्वास जन्य संक्रमण दर | प्रति हजार | ६० | ५८ | ५६ | ५४ | ५२ | ५० |
| सि ई ओ सी (अपरेशन सेवा) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ० | ० | ० | १ | १ | १ |
| सुत्केरी पस्चात ३ पटक जाँच गराउने आउने | प्रतिशत | ७६.८ | ७८ | ८० | ८३ | ८५ | ८८ |
| प्रोटोकल अनुसार ४ पटक गर्भजाँच गर्ने महिला | प्रतिशत | ७१.२ | ७३ | ७६ | ८० | ८५ | ९० |
| प्रसुती सेवा उपलब्ध भएका स्वास्थ्य संस्थाहरु | संख्या | ५ | ५ | ६ | ७ | ८ | ९ |
| BCG Coverage | प्रतिशत | ८३ | ८६ | ९० | ९५ | ९८ | १०० |

| सूचक | एकाई | आधार बर्ष ७९/८० अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| MR2 Coverage | प्रतिशत | ८६ | ९० | ९३ | ९५ | ९७ | ९९ |
| TD2 and TD2 Plus Coverage | प्रतिशत | ६८ | ७५ | ८० | ८५ | ९० | ९५ |
| Exclusive Breastfeeding | प्रतिशत | ८५.२ | ८७ | ९० | ९१ | ९२ | ९२ |
| गर्भवती महिलाले १८० आइरन चक्की सेवन | प्रतिशत | ७८.७ | ८० | ८३ | ८५ | ८८ | ९० |
| pregnant mothers tested for HIV | प्रतिशत | ७२ | ७४ | ७५ | ७६ | ७८ | ७९ |
| ओपिडि सेवा लिने जनसंख्या | प्रतिशत | ४३ | ४८ | ५२ | ५६ | ६० | ६५ |
| आयुर्बेद औषधालय भवन | संख्या | ० | ० | १ | १ | १ | १ |
| योग प्रशिक्षण केन्द्र | पटक | ० | १ | १ | १ | १ | १ |

(श्रोतः  परिवर्तन गाउँपालिका स्वास्थ्य शाखा, योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा गाउँपालिकाको आफ्नै सुबिधा सम्पन्न अस्पताल तथा हरेक वडामा स्वास्थ्य चौकीको स्थापना भई संचालनमा आएको हुनेछ। शत प्रतिशत गर्भवती महिलाले सुरक्षित तवरले बच्चा जन्माएका हुनेछन तथा शत प्रतिशत बालबालिकाले उमेरसमूहको खोप लगाएका हुनेछन ।

## ५.३. महिला तथा बालबालिका

**बिद्यमान अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार परिवर्तन गाउँपालिकामा ५३.९ प्रतिशत महिला रहेको देखिन्छ । पुरुष साक्षरता ८१.३ र महिला साक्षरता ६७.७ प्रतिशत रहेको छ । करीब ६.५ प्रतिशत एकल महिला रहेका छन् । करीब ३२ प्रतिशत महिलाहरु १७ बर्ष भित्र नै विवाह भएको देखिन्छ।

यस गाउँपालिकामा गरिव विद्यार्थीहरुको लागि छात्रवृत्तिको व्यवस्था गरिएको छ ।हाल यहाँ छ वटा वालक्लवहरु रहेका छन् ।राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकामा बालबालिका (०-१७) उमेरका

७८४१ जना अर्थात ३६.१८ प्रतिशत बालबालिका रहेका छन् । बालबालिका मध्ये पनि ३९५४ जना अर्थात ३९.६० प्रतिशत बालक र ३८८७ जना अर्थात ३३.२६ प्रतिशत बालिका छन् । पाँचवर्ष मुनिका वालवालिकामा भने महिला भन्दा पुरुषको जनसंख्या धेरै देखिन्छ ।

**अवसर**

- महिला हिंसा न्यूनीकरणका लागी सचेतना कार्यक्रम संचालन भईरहेको
- लैङ्गिक हिंसा निवारण कोष कार्यविधि निर्माण भइ कार्यान्वयन भएको
- विपन्न तथा गरिब परिवारका बालबालिकाहरुलाई सहुलियत प्रदान गरिएको
- युवा तथा महिलाको लागि स्वरोजगार कार्यक्रम संचालनमा आएको
- विद्यालय जाने बालबालिकाको संख्या उल्लेख्य रहेको
- बालबालिकाहरुको विकासका लागि नियमित रुपमा खेलकुद तथा अन्य कार्यक्रमहरु संचालनमा आएको

**चुनौती**

- महिला तथा पुरुष वीचमा समान काम र समान ज्यालाको अभाव
- महिलाको सामाजिक तथा आर्थिक पक्षमा कमी
- महिला हिंसाका घटना उल्लेख्य रुपमा घट्न नसक्नु
- वहुविवाह लगायतका घटनाहरू विद्यमान हुनु
- बाल विवाह, बालश्रम र बालबालिका बेचबिखन जस्ता सामाजिक अपराधहरु विद्यमान रहेका
- विद्यालय वीचमै छोड्ने विद्यार्थी संख्या धेरै रहेका

**लक्ष्य**

महिला तथा बाल अधिकारको संरक्षण गर्दै बालमैत्री स्थानीय शासन लागु हुनेछ तथा समाजका हरेक क्षेत्रमा महिला तथा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनेछ ।

**उद्धेश्यहरु**

- समाजमा महिलाहरुको समतामुलक र अर्थपूर्ण सहभागिता वृद्धि गराई मूलप्रवाहीकरण र सशक्तीकरण गर्नु
- महिला तथा बाल हिंसाका घटनाहरु अन्त्य तथा महिला तथा बाल अधिकारको संरक्षण गर्नु
- बालश्रम, बाल बिबाह तथा बाल बालिकामाथिको हिंसा अन्त्य गर्नु
- बाल क्लब तथा बाल चेतना समुहहरुले आफ्नो अधिकारको वकालत गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| महिला अधिकारको रक्षा गर्दै हरेक क्षेत्रमा सक्षम तथा स्वावलम्बी बनाउने | • महिला सीप विकास तालिम तथा महिला उद्यमशिलता कार्यक्रम संचालन गरिनेछ |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | • महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम लागु गरिनेछ<br>• महिला माथी हुने सबै किसिमका विभेद तथा उत्पीडनलाई निषेध गरी हरेक क्षेत्रमा महिलाको सहभागिता सुनिश्चित गरिनेछ<br>• महिलाहरुलाई सीपमुलक तालिम, कर्जा सहजीकरण गरी उद्यमशील बनाइनेछ |
| बालबालिकाको हक अधिकार संरक्षण गर्दै, अधिकारमा पहुँच बढाउने | • प्रत्येक बालबालिकालाई विद्यालयसंग पहुँच पु-याउन गरिब तथा दलित विद्यार्थीहरुलाइ पूर्ण छात्रवृत्तिको व्यवस्था गरिनेछ<br>• अभिभावकहरुमा जनचेतना मार्फत बालबालिकाको हक अधिकार संरक्षणमा अभिभावकको भूमिका सुनिश्चित गरिनेछ<br>• विद्यालय छाडेका किशोरीहरूको लागी जीवनउपयोगी सीप तथा व्यवसायमूलक कार्यक्रम संचालन गरिनेछ<br>• बालश्रम अन्त्य, बालविवाह अन्त्य, बाल हिंसा अन्त्यका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ<br>• बाल अधिकार हनन हुन नदिन बालअधिकार संरक्षण र पैरवी कार्यक्रम संचालन गरिनेछ<br>• बाल अधिकार हननका घटनाहरुलाई पैरवी गर्न प्रत्येक वडामा बाल अधिकार निगरानी समुह गठन गरिनेछ<br>• बालबालिकाको क्षमता अभिवृद्धिको लागि बालबालिका ओलम्पिक कार्यक्रम लागु गरिनेछ |

## कार्यक्रम तथा योजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
| --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| १ | **महिला तथा बालबालिका** | | | | | | |
| २ | महिला सीप विकास तालिम | २ | २ | २ | २ | ३ | ११ |
| ३ | एकल महिला स्वरोजगार कार्यक्रम | २ | ३ | ३ | ३ | ३ | १४ |
| ४ | महिला नेतृत्व विकास तथा महिला सशक्तीकरण कार्यक्रम | २ | २ | २ | ३ | २ | ११ |
| ५ | महिला उद्यमशिलता तथा रोजगार प्रबर्द्धन कार्यक्रम कार्यक्रम | ३ | ३ | ४ | ४ | ४ | १८ |
| ६ | लैसासस सम्वन्धि अभिमुखिकरण तथा परिक्षण | १ | १ | १ | १ | १ | ५ |
| ७ | छोरी शिक्षा कार्यक्रम | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ८ | लैंगिक हिंसा बिरुद्ध जनचेतना कार्यक्रम | १ | १ | १ | १ | २ | ६ |
| ९ | बाल अधिकार संरक्षण कार्यक्रम | २ | २ | २ | २ | २ | १० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | एक वडा एक बाल उद्यान निर्माण | ५ | ५ | ७ | ८ | १० | **३५** |
| ११ | बाल अधिकार चेतना समुह गठन तथा पैरवी कार्यक्रम | १ | १ | १ | १ | २ | ६ |
| १२ | वालमैत्री स्थानीय शासन प्रवर्द्धन तथा घोषणा कार्यक्रम | ४ | ५ | ५ | ५ | ५ | २४ |
| | **महिला तथा बालबालिकाको बजेट जम्मा** | २६ | २८ | ३१ | ३३ | ३७ | १५५ |

**तालिका न.: १८ महिला तथा बालबालिका विकास नतिजा खाका**

| सूचक | एकाई | आधार वर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौं वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| बाल क्लब (वडा स्तरीय) | संख्या | ६ | ६ | ६ | ६ | ६ | ६ |
| वालउद्यान | संख्या | १ | २ | ३ | ४ | ५ | ६ |
| बाल बिबाह घटना | संख्या | ७ | ४ | ३ | २ | १ | ० |
| बाल मैत्री स्थानीय शासन प्रबर्द्धन भएको वडा | संख्या | ० | १ | २ | ३ | ४ | ६ |
| महिला विकास तथा बचत, सहकारी आदि | संख्या | १ | १ | १ | १ | १ | १ |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा प्रत्येक वडामा भएका बालक्लबको क्षमता विकास भएको हुनेछ र बालमैत्री स्थानीय शासन लागु हुनेछ भने घरेलु हिंसाबाट पीडित महिलाको संख्यामा उल्लेख्य कमी आउनेछ।

## ५.४. दलित, उत्पीडित र वर्ग उत्थान

**बिद्यमान अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार करीब ११.३ प्रतिशत दलित जनसंख्या रहेको छ । दलितमा पनि मुख्य रुपमा विश्वकर्मा र परियार रहेका छन् ।आर्थिक र सामाजिक रुपमा अझै पनि दलित जाती पछाडि रहेको छ।

**अवसर**

- दलित, विपन्न तथा गरिब परिवारका बालबालिकाहरुलाई सहुलियत प्रदान गरिएको
- जेष्ठ नागरिकलाई घुम्ती स्वास्थ्य सेवा कार्यक्रम संचालन भईरहेको
- अपांगमैत्री कार्यक्रम संचालनमा आएको
- दलित बिद्यार्थीलाई दिवा खाजा कार्यक्रम संचालनमा आएको

**चुनौती**

- दलित तथा पछाडी परेका सामूदायहरु शिक्षा, स्वास्थ्य तथा अन्य सेवामुलक सुबिधाको पहुँचमा पुग्न नसक्नु
- समाजमा अझै पनि दलित तथा पिछडिएको बर्ग माथिको विभेद कायम हुनु
- दलित तथा उत्पीडित बर्गमा चेतनाको अभाव
- फरक क्षमता भएका ब्यक्तिहरुका लागि सामाजिक दृष्टिकोण विभेदपूर्ण हुनु
- बैदेशिक रोजगारी तथा बसाईसराईले गर्दा एकल जेष्ठ नागरिकको संख्या बढ्दै जानु

**लक्ष्य**

समाजका सबै बर्गका लागि आधारभूत सुरक्षा उपलब्ध गराई सम्मानपुर्वक जीवनयापन गर्ने बातावरण सृजना हुनेछ ।

**उद्धेश्यहरु**

- जातीय विभेदको अन्त्य गरी दलित तथा पिछडिएका बर्ग निर्णय प्रक्रियामा सहभागी गर्नु
- जेष्ठ नागरिकहरुले आधारभूत सुबिधा प्राप्त गरी सम्मानपुर्वक जीवन जिउन पाउने वातावरण निर्माण गर्नु
- अपांगता भएकाहरुलाई सामाजिक तथा आर्थिक रुपले सबलीकरण गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| दलित तथा उत्पीडित वर्गको आत्मनिर्भरताका लागि अवसर | • दलित तथा उत्पीडित वर्ग उत्थानका लागि आवस्यक बजेट तर्जुमा गर्दै तालिम प्राप्त जनशक्ती परिचालन गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| सृजना गर्ने | • दलित तथा उत्पीडित वर्ग विभेद अन्त्यको लागि समाजमा जनचेतना तथा विभेदको घटनालाई कानूनको दायरामा ल्याईनेछ<br>• विकास निर्माण तथा निर्णय प्रक्रियामा दलित तथा उत्पीडित बर्गको सहभागिता सुनिश्चित गरिनेछ<br>• दलित, उत्पीडित वर्गको लागि बजार मागमा आधारित वस्तु तयार गर्न हस्तकला, नर्सरी व्यवसाय जस्ता उत्पादनमूलक क्षेत्रमा सीप तथा श्रोत हस्तान्तरण गरी उत्पादित वस्तुको बजारीकरणलाई सुनिश्चित गरिनेछ र आर्थिक सबलीकरण गरिनेछ |
| जेष्ठ नागरिकलाई आधारभूत सेवा सुबिधा उपलब्ध गराई सहज बातावरण सिर्जना गर्ने | • जेष्ठ नागरिक दिवा सेवा कार्यक्रमलाई निरन्तरता दिइनेछ<br>• जेष्ठ नागरिकका लागि निशुल्क स्वास्थ्य परिक्षण गरिनेछ तथा हरेक तीन महिनामा घुम्ती स्वास्थ्य सेवा उपलब्ध गराइनेछ<br>• जेष्ठ नागरिक प्रति हुने दुर्व्यबहार र हिंसालाई तत्काल कारवाहीको दायरमा ल्याउन यथोचित पहल गरिनेछ<br>• जेष्ठ नागरिकको सुरक्षा र सहजताका लागि सामाजिक सुरक्षा सेवालाई सहज र प्रभावकारी गराइनेछ |
| अपांगता अधिकार संरक्षण गर्दै सीप विकासका योजना लागु गर्ने | • अपांगता मैत्री पूर्वाधार निर्माण, परिचय—पत्र वितरण, सीप विकास तालिम तथा आवश्यक सामग्रीहरू वितरण गरिनेछ<br>• अपांगहरुको प्रकृति तथा क्षमता अनुसार सीप विकास तालिमहरु उपलब्ध गराइ आर्थिक उपार्जनका कार्यमा लाग्न प्रोत्साहन गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **दलित, उत्पीडित र वर्ग उत्थान** | | | | | | |
| १ | दलित, उत्पीडित क्षमता अभिवृद्धि तथा उत्थान स्वरोजगार कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| २ | दलित भेदभाव, शोषण, दुव्यवहार र हिंसा बिरुद्ध जनचेतना अभिवृद्धि कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ३ | अपांग मैत्री सीपमुलक तालिम तथा विकास कार्यक्रम | १ | १ | १ | २ | २ | ७ |
| ४ | हिंसा पीडित महिलालाई अल्पकालीन आश्रयस्थल | २ | २ | २ | २ | २ | १० |
| ५ | जेष्ठ नागरिक दिवा खाजा तथा दिवा सेवा कार्यक्रम | १ | १ | १ | १ | २ | ६ |
| ६ | जेष्ठ नागरिक सेवा केन्द्र ब्यबस्थापन | १ | १ | १ | १ | १ | ५ |
| ७ | जेष्ठ नागरिक स्वास्थ्य घुम्ती सेवा कार्यक्रम | १ | १ | २ | २ | २ | ८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दलित, उत्पीडित र वर्ग उत्थानको जम्मा वजेट | ९ | ९ | १० | ११ | १२ | ५१ |

**तालिका न.: १९ दलित, उत्पीडित र बर्ग उत्थान नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| दलित बालबालिका विद्यालय भर्नादर | प्रतिशत | ८० | ८३ | ८६ | ९० | ९३ | ९५ |
| जेष्ठ नागरिक समन्यव समिती | संख्या | १ | १ | १ | १ | १ | १ |
| जेष्ठ नागरिक स्वास्थ्य घुम्ती उपचार सेवा (वार्षिक) | संख्या | १ | १ | २ | २ | २ | २ |
| अपांगता घुम्ती स्वास्थ्य सेवा | वार्षिक संख्या | १ | १ | २ | २ | २ | २ |
| अपांगता भएका स्वरोजगार | संख्या | तथ्यांक नभएको | ५ | ८ | १० | १३ | १५ |
| एकल महिला स्वरोजगार | संख्या | तथ्यांक नभएको | ५ | ८ | १० | १२ | १५ |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा एकल महिला तथा अपांगता भएका व्यक्तिहरु, दलित उत्पीडितहरुको आर्थिक सामाजिक अवस्थामा सुधार भएको हुनेछ ।

## ५.५ आदिवासी जनजाती विकास

**बिद्यमान अवस्था**

परिवर्तन गाउँपालिकामा आदिवासी जनजातीमा मुख्य गरी मगर ४९.८ प्रतिशत जातीहरुको बसोबास रहेको छ। यस गाउँपालिकाले आदिवासी जनजातीको उत्थानका लागि लागत संकलन गरी प्रोत्साहनमुलक कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

**अवसर**

- आदिवासी जनसंख्यामा परम्परागत ज्ञान हुनु, सांस्कृतिक रुपले अब्बल हुनु तथा सामुदायिक भावना उच्च हुनु

- आदिवासी जनजातीको परम्परागत ज्ञानको संरक्षण तथा सम्बर्द्धन गरी सीप विकास तालिमहरु उपलब्ध गराउन सकिने

**चुनौती**

- आदिवासी जनजातीले आवश्यक सेवा तथा सुबिधा प्राप्त गर्न नसक्नु
- समाजमा जातीय विभेद अझै पनि कायम रहनु
- आदिवासी जनजातीको सीप विकासमा कमी हुनु

**लक्ष्य**

आदिवासी जनजातीका आधारभूत सामाजिक सुरक्षा उपलब्ध गराई सम्मानपुर्वक जीवनयापन गर्ने वातावारण सृजना हुनेछ ।

**उद्धेश्यहरु**

- सामाजिक विभेदको अन्त्य भई आदिवासी जनजातीले सम्मानपुर्बक जीवनयापन गर्नु
- सिपमुलक तथा क्षमता विकास तालिम मार्फत आदिवासी जनजातीको आर्थिक तथा सामाजिक रुपान्तरण गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| आदिवासी जनजातीको सीप विकास गर्ने | • आदिवासी जनजातीको उत्थान र विकासको लागि प्रोत्साहनमुलुक कार्यक्रमहरु संचालन गरिनेछ<br>• आदिवासी महिलाहरुको विकास तथा क्षमता अभिवृद्धि गर्न हस्तकला अन्य सीपमुलक तालिमहरु उपलब्ध गराईनेछ |
| आदिवासी जनजातीको संस्कृति संरक्षण गर्दै क्षमता अभिवृद्धि गर्ने | • स्थानीय आदिवासी संस्कृतिको संरक्षण गर्दै आदिवासी जनजातीको संस्कृति सम्बधी पुस्तिका तयार पारिनेछ<br>• आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **आदिवासी जनजाती विकास** | | | | | | |
| १ | आदिवासी जनजाती उत्थान कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| २ | आदिवासी संस्कृति जगेर्ना तथा प्रबर्द्धन कार्यक्रम | २ | २ | २ | ३ | ३ | १२ |
| ३ | आदिवासी जनजाती सीप विकास कार्यक्रम | २ | ३ | ३ | ३ | ३ | १४ |
| ४ | स्थानीय बाजा,कला, साहित्य, भाषा, संस्कृति संरक्षण तथा प्रवर्द्धन | २ | ३ | ३ | ३ | ४ | १५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | **आदिवासी जनजाती विकास कार्यक्रमको बजेट जम्मा** | **८** | **१०** | **१०** | **११** | **१२** | **५१** |

**तालिका न.: २० आदिवासी जनजाती विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| आदिवासी जनजाती संस्कृति संग्राहलय | संख्या | ० | ० | १ | १ | १ | १ |
| मौलिक कला तथा संस्कृति प्रदर्शनी कार्यक्रम (महोत्सब) | वार्षिक संख्या | ० | २ | २ | २ | २ | २ |
| आदिवासी जनजाती पुस्तिका प्रकाशन | संख्या प्रति वर्ष | ० | १ | १ | १ | १ | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्म १ वटा आदिवासी जनजाती संस्कृति संग्राहलय तथा वर्षमा एकपटक आदिवासी मौलिक कला तथा प्रदर्शनी कार्यक्रम संचालन भएको हुनेछ ।

## ५.६ युवा तथा खेलकुद

**बिद्यमान अवस्था**

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँपालिकामा (१६-४०) वर्षका युवा ८०३७ जना अर्थात ३७.०९ प्रतिशत रहेका छन् । गाउँपालिकाको गौरवका आयोजनाको रूपमा रहेको बहुउद्देश्यीय कर्भडहल निर्माण भइरहेको, परिवर्तन गाउँपालिकाको ८ स्थानमा खेल मैदान रहेका छन्। यी खेल मैदानहरुको अवस्था सामान्य रहेको छ । गा.पा. स्तरीय अध्यक्ष कप निरन्तर संचालन भइरहेको र अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता पनि हुने गरेको छ । त्यसैगरी यूवालाई रोजगारी दिन गाउँपालिकाले युवा स्वोरोजगार कार्यक्रम संचालन कार्यविधि, २०७९ तर्जुमा गरी युवा स्वरोजगार कार्यक्रमलाई पालिकाको गौरवको योजना अन्तर्गत कार्यान्वयन गर्न सुरुवात गरेको छ ।

**अवसर**

- युवा तथा स्वरोजगार कार्यक्रम संचालनमा आएको
- युवाहरुमा खेलकुद प्रति आकर्षण बढेको
- युवाहरु संगीत, नृत्य, प्रतिभाकला प्रतियोगीतामा सहभागी हुने क्रम बढ्दै गएको
- किशोरी लक्षित प्रतियोगिताहरु बढ्दै गरेको
- विदेशबाट फर्केर आएका युवाहरु आफ्नै उद्यम संचालन गरी बसेका

**चुनौती**

- युवाहरूमा खेलकुद तथा अन्य सीपको कमी रहेको
- उत्पादन तथा उत्पादकत्वमा लागेका युवाहरुको संख्या न्यून
- ब्यवस्थित खेलमैदानको कमी, खेल प्रशिक्षकको व्यवस्था नहुनु, लगातार रुपमा खेलकुद प्रतियोगिताहरूको आयोजना हुन नसक्नु, उत्कृष्ट खेलाडीहरूको सम्मान हुन नसक्नु
- किशोर किशोरी तथा युवाहरुमा दुर्व्यसनी तथा सामाजिक संजालको दुरुपयोग हुनु

**लक्ष्य**

सीपयुक्त, सबल युवा जनशक्ति तयार गर्दै खेलकुदमा व्यवसायिकताको अवसर सृजना गर्ने ।

**उद्धेश्यहरु**

- युवा रोजगारीका नयाँ अवसर सृजना गर्नु
- खेलकुद पूर्वधारहरुको विकास एवम् युवाहरुलाई प्रशिक्षण मार्फत खेलकुद क्षेत्रको समग्र विकास गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
| --- | --- |

| रणनीति | कार्यनीति |
|---|---|
| युवा रोजगारीका नयाँ अबसर सृजना गर्ने | • युवा स्वरोजगार कार्यक्रमलाई थप प्रभावकारी ढंगले कार्यन्वयनमा ल्याइनेछ<br>• युवा तथा महिलाहरुलाई सीप विकास तालिम दिई स्थानीय स्तरमा नै रोजगारी प्रवर्द्धन गरिनेछ |
| खेल मैदानको व्यवस्था तथा खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहनको व्यवस्था गर्ने | • पालिकामा रंगशाला, हरेक विद्यालयमा खेलमैदान र आवश्यकता अनुसार ब्यायमशाला तथा कभर्डहल निर्माण गरिनेछ<br>• स्थानीय प्रतिभा खोजी कार्यक्रम लागु गरिनेछ<br>• गाउँपालिका भित्र नै खेल प्रशिक्षण, तालिम, तथा खेलाडी हरुलाई आवश्यक खेल सामाग्री उपलब्ध गराईनेछ |

**कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **युवा तथा खेलकुद** | | | | | | |
| १ | युवा क्लब गठन तथा संचालन/स्थानीय प्रतिभा खोजि कार्यक्रम | १ | ० | १ | ० | ० | २ |
| २ | खेल पूर्वाधार निर्माण (एक वडा एक खेल मैदान) | ५ | ५ | ७ | ६ | ८ | ३१ |
| ३ | वागमारा कभर्ड हल निर्माण | ५ | ६ | ५ | १० | १० | ३६ |
| ४ | राष्ट्पति रनिङशिल्ड खेलकुदमा भाग लिने विद्यालयहरुलाइ बजेट व्यवस्थापन | ४ | ४ | ४ | ५ | ४ | २१ |
| ५ | युवा सीप तथा क्षमता विकास कार्यक्रम | २ | २ | २ | २ | २ | १० |
| ६ | वार्षिक रुपमा पालिकास्तरीय खेल आयोजना र खेलाडी सम्मान तथा पुरस्कार | ४ | ५ | ५ | ५ | ५ | २४ |
| ७ | क्रिकेट, फुटवल र भलिवल प्रशिक्षण कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| | **युवा तथा खेलकुद** | २२ | २३ | २५ | २९ | ३० | १२९ |

**तालिका न.: २१ युवा तथा खेलकुद विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| खेल मैदान | संख्या | ८ | १० | १२ | १४ | १६ | १८ |
| रंगशाला | संख्या | १ | १ | १ | १ | १ | १ |
| कभर्ड हल | संख्या | १ | १ | २ | २ | २ | २ |
| युवा क्लब | संख्या | ९ | ९ | १० | ११ | ११ | १२ |
| वडा स्तरीय पुरुष फुटबल, भलिबल, क्रिकेट प्रतियोगीता | वार्षिक संख्या | १ | १ | १ | १ | १ | १ |
| वडा स्तरीय महिला फुटबल, भलिबल, क्रिकेट प्रतियोगीता | वार्षिक संख्या | ० | १ | १ | १ | १ | १ |
| अन्तरपालिका स्तरीय खेलकुद प्रतियोगिता | वार्षिक संख्या | १ | १ | १ | १ | १ | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्यसम्म स्तरीय खेल रङ्गशाला तथा बहुउदेशीय कभर्ड हल निर्माण भई वार्षिक रुपमा वडास्तरीय र पालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन भएको हुनेछ ।

## ५.७ खानेपानी तथा सरसफाई

**बिद्यमान अवस्था**

परिवर्तन गाउँपालिकामा अधिकांश मानिसहरूले पानी पिउनका लागि पाईप धारा प्रयोग गर्दछन। राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाका ६६.१ प्रतिशत घरधुरीले खानेपानी श्रोतको रुपमा पाईप धारा प्रयोग गर्दछन। मूलधाराको खानेपानी प्रयोग गर्ने ३९.५ प्रतिशत, कुवाको १.५२ प्रतिशत, खोलाको ०.८ प्रतिशत र अन्य स्रोतको प्रयोग गर्ने ०.१ प्रतिशत छन्।

**अवसर**

- खानेपानी आयोजनाहरु निर्माणको चरणमा रहेको
- जनतामा स्वच्छ खानेपानी र सरसफाइ सम्बन्धी चेतनामा क्रमशः वृद्धि हुँदै गएको

**चुनौती**

- छरिएर रहेको वस्तीहरु हुनाले खानेपानी सेवा पुर्याउन लाग्ने लागत बढी भइ स्रोत जुटाउन चुनौती
- पानी शुद्धीकरण नगरी प्रयोग गर्ने प्रवृति
- फोहर संकलन नगरी जथाभाबी फाल्ने प्रवृतिहरु

**लक्ष्य**

हरेक घरमा स्वच्छ खानेपानी उपलब्ध गराउने तथा गाउँ स्वच्छ तथा सफा राख्ने ।

**उद्धेश्यहरु**

- गाउँका हरेक घरमा स्वच्छ पिउने पानी उपलब्ध गराउनु
- फोहरमैलाको उचित व्यवस्थापन गरी गाउँ सरसफाई कायम गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| हरेक घरमा स्वच्छ तथा सफा खानेपानीको उपलब्धता सुनिश्चित गर्ने | • एक घर एक धाराको अवधारणा कार्यन्वयनमा ल्याई समानुपातिक रुपले खानेपानी वितरण गरिनेछ<br>• खानेपानीको श्रोतहरुको पहिचान गरी श्रोतहरु संरक्षण गरिनेछ<br>• बजारक्षेत्रहरु र व्यस्त हुने सडकीय भागहरुमा सार्वजनिक खानेपानीको धारा जडान गरिनेछ<br>• पानी शुद्धीकरण विधिहरुको जानकारी गराई पानी शुद्धीकरण गर्न प्रोत्साहन गरिनेछ |
| गाउँ तथा बजार क्षेत्र स्वच्छ तथा सफा राख्ने | • सरसफाई तथा फोहरमैला व्यवस्थापनको लागि छुट्टै संयन्त्र निर्माण गरी गाउँ सरसफाई अभियान संचालन गरिनेछ<br>• गाउँपालिकाका हरेक वडामा सरसफाई समिति बनाइ त्यस वडाको सरसफाई व्यवस्थापन समिति मार्फत गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| | • गाउँ क्षेत्रका घरहरुबाट निस्कने फोहोर मैला वर्गिकरण गरी व्यवस्थापन गर्ने प्रणाली विकास गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

**तालिकाः खानेपानी तथा सरसफाई कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **खानेपानी तथा सरसफाई** | | | | | | |
| १ | वडागतरुपमा भण्डारण टंकी र वितरण प्रणाली निर्माण | १० | १० | १३ | १० | ११ | **५४** |
| २ | खानेपानीको मुल कुवा परम्परागत धारा सरक्षण तथा ट्यांकी निर्माण | ५ | ६ | ७ | १० | १० | **५३** |
| ३ | विर्षादको पानी संकलनका लागि पोखरीको निर्माण | ५ | ७ | १० | १० | १० | **५७** |
| ४ | नयाँ खानेपानी आयोजना निर्माण | ३४ | ३५ | ३५ | ४८ | ५० | **१६८** |
| ५ | खानेपानी व्यवस्थापन तथा अनुगमन | २ | २ | २ | २ | २ | **१०** |
| ६ | सरसफाई सप्ताह सञ्चालन | २ | ३ | ३ | ३ | ३ | **१५** |
| ७ | शौचालय सरसफाई र उचित प्रयोग सम्बन्धी जनचेतना कार्यक्रम | २ | २ | २ | २ | २ | **१०** |
| ८ | सार्वजनिक शौचालय निर्माण | १० | १२ | १० | १० | १० | **५२** |
| ९ | खानेपानी मर्मत संभार तथा सरसफाइ सम्बन्धी नियमित कार्यक्रम | १५ | १८ | २० | १८ | २५ | **९९** |
| | **खानेपानी तथा सरसफाई कार्यक्रमको बजेट जम्मा** | **८५** | **९५** | **१०२** | **११३** | **१२३** | **५१८** |

**तालिका न.: २२ खानेपानी तथा सरसफाई नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| सुरक्षित चर्पीको सुविधा नभएको घरधुरी | प्रतिशत | १७.३ | १५ | १२ | ८ | ५ | ० |
| सुरक्षित सुविधायुक्त चर्पी भएको घरधुरी | प्रतिशत | ८३.७ | ८५ | ८८ | ९२ | ९५ | १०० |
| पूर्ण सरसफाइको सूचक पुरा | प्रतिशत | १० | २० | ३५ | ४५ | ५५ | ७० |

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| भएको घरधुरी | | | | | | | |
| पानी शुद्धीकरण गरी पिउने घरधुरी | प्रतिशत | २० | ३० | ४० | ५० | ६० | ७० |
| पानी शुद्धीकरणको कुनै पनि विधि प्रयोग नगरी पानी प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८० | ७० | ६० | ५० | ४० | ३० |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्यसम्ममा पूर्ण सरसफाई सूचक पुरा भएको घरधुरी ७० प्रतिशत र पानी शुद्धीकरण गरि प्रयोग गर्ने घरधुरी ७० प्रतिशत हुनेछन।

# परिच्छेद- ६ भौतिक पूर्वाधार विकास

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाउनका लागि पूर्वाधार विकास महत्वपूर्ण आधार हो। कुनै पनि स्थानको विकासको मापन भौतिक संरचनाको विकासले देखाउँछ साथै आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार विकास आवश्यकता पर्दछ। पूर्वाधार विकास क्षेत्र अन्तरगत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन्।व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रुपमा लिने गरिएको छ।यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये लक्ष्य ७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना) यस क्षेत्रसंग सम्वन्धित रहेका छन् ।

## ६.१ सडक, पुल तथा यातायात क्षेत्र

**बिद्यमान अवस्था**

नेपालको संविधान २०७२ ले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधीनमा रहने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहत रहने व्यवस्था छ । मुलुकको आर्थिक तथा सामाजिक विकासलाई गतिशील पार्न, स्थानीय जनताको सेवा सहज तथा सरल पार्न र आर्थिक सामाजिक एकीकरण एवम् प्रादेशिक तथा भौगोलिक सन्तुलन कायम गरी सर्वाङ्गीण विकासमा टेवा पु-याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ ।

यस गाउँपालिकामा हरेक वडामा यातायातको पहुँच रहेको छ तर सडकको अवस्था तथा गुणस्तर भने नाजुक नै छ । भौगोलिक विकटता, छरिएको वस्ती तथा स्रोत साधनको अपर्याप्तता जस्ता कुराहरुले गर्दा सडक तथा यातयातको क्षेत्रमा अपेक्षा गरे अनुसारको प्रगति हुन सकेको छैन ।

**अवसर**

- गाउँपालिकाको सडक गुरु योजना तयार रहेको
- शहिद मार्गको स्तरउन्नति हुँदै गरेकोले गाउँपालिकाले शहिद मार्ग वाट मुख्य मुख्यवस्तीहरु जोड्ने तथा सडक गुरुयोजना अनुसार “क” वर्गमा परेका सडकहरुको स्तरउन्नति गर्न सक्ने

**चुनौती**

- विकट भौगोलिक अवस्थिति
- स्रोत साधनको अपर्याप्तता
- छरिएको वस्ती
- स्थानीय क्षेत्रको आयोजना प्राथमिकीकरण कार्यमा कठिनाइ
- सम्झौता वमोजिम समयमै आयोजना सम्पन्न नहुनु

**लक्ष्य**

सबै प्रमुख बस्तीहरुमा स्तरीय सडक संजाल संगै सुलभ र भरपर्दो यातायात सुबिधाको विस्तार हुनेछ ।

**उद्धेश्यहरु**

- सबै प्रमुख वस्तीहरुमा गुणस्तरीय सडक पुर्याउनु
- भरपर्दो र सहज यातायात प्रणाली विकास गर्नु
- वैकल्पिक यातायात पूर्वाधारहरु विकास गर्नु

**रणनीति र कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| गुणस्तरीय सडक निर्माण गरी स्थानीय जनजीवन सहज बनाउने | • गाउँपालिकाको सबै प्रमुख बस्तिहरुमा सडक विस्तार गरिनुका साथै भईरहेको सडकहरुको स्तरोन्नति गरिनेछ<br>• सडकसंग जोडिएका खोल्सा तथा खोलाहरुमा पक्कि पूलहरु तथा कल्भर्ट बनाइनेछन<br>• व्यवस्थित बसपार्क र प्रतिक्षालयहरु निर्माण गरिनेछ<br>• वजार क्षेत्रहरुमा हरित सडक निर्माण गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

**तालिका:** सडक, पुल तथा यातयात विकास **कार्यक्रम तथा आयोजना**

| क.स. | कार्यक्रमहरू | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **सडक, पुल तथा यातयात विकास** | | | | | | |
| १ | नयाँ ट्र्याक निर्माण | २० | २० | २० | २० | २० | १०० |
| २ | नियमित मर्मत सम्भार तथा स्तरोन्नति | ५० | ५० | ५० | ५० | ६० | २६० |
| ३ | शहिद मार्गदेखि गा.पा. केन्द्र जोड्ने कालोपत्रे सडक निर्माण | ५० | ० | ० | ० | ० | ५० |
| ४ | शहिद मार्ग देखि सबै मुख्य मुख्य वस्तीहरुमा जोड्ने सडक कालोपत्रे तथा स्तरउन्नति | १५८ | २०० | २५० | २८० | ३०० | ११८८ |
| ५ | माउन्टेन बाइक ट्रेकिङ स्तरउन्नति | ३० | ३० | ३० | ३० | ३० | १५० |
| ८ | यातायात गुरुयोजनामा समावेश भएका "क" वर्गका सडक प्राथमिकताका आधारमा कालोपत्रे गर्ने | १०० | १५५ | १६४ | १७० | २०० | ७८९ |
| ९ | कालापोखरा देखि तेह्कुने दहसम्म बाइक ट्रेकिङ निर्माण | ५० | ५० | ५० | ५० | ६० | २६० |
| १० | पुल तथा झालुंगे पुल निर्माण | ५० | ५० | ५० | ५५ | ६० | २६५ |
| | **सडक तथा यातयात विकासको बजेट जम्मा** | **५०८** | **५५५** | **६१४** | **६५५** | **७३०** | **३०६२** |

तालिका न.: २३ सडक, पुल तथा यातयात विकास नतिजा खाका

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ लक्ष्य |
|---|---|---|---|---|---|---|---|
| पक्की सडक | कि.मि. | ० | ३ | ६ | ९ | १२ | १५ |
| ग्राभेल सडक | कि.मि. | ० | ५ | १० | १५ | २० | २५ |
| पक्कि पुल निर्माण | संख्या | ७ | ८ | १० | १२ | १४ | १६ |
| दैनिक संचालनमा रहेका सार्वजनिक सवारी साधन | संख्या | ५ | ८ | १२ | १५ | १८ | २० |
| सार्वजनिक सवारी साधन संचालन हुने रुट | संख्या | १ | १ | १ | २ | २ | ३ |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा पक्की सडक १५ कि.मि. र ग्राभेल सडक २५ कि.मि. हुनेछ तथा सडक मार्गमा पर्ने सबै स्थानीय खोलाहरुमा पक्की पुल निर्माण भएको हुनेछ र हरेक वडामा सहज रुपमा सवारीसाधनहरु संचालन भएका हुनेछन ।

## ६.२ सूचना, सञ्चार तथा प्रविधि

**बिद्यमान अवस्था**

नेपालको संविधान २०७२ ले पूर्ण प्रेस स्वतन्त्रता, प्रकाशन तथा प्रसारण स्वतन्त्रता, सञ्चार एवं सूचनाका हकलाई मौलिक हकको रुपमा उल्लेख गरेको छ। आर्थिक विकासको संवाहक एवं उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा सूचना प्रविधि क्षेत्रलाई मर्यादित, व्यवसायिक, सक्षम र सवल बनाउने दायित्व र जिम्मेवारी हरेक स्थानीय सरकारको हुन्छ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्ने लक्ष्य लिएको छ ।सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गर्दै सूचना प्रविधिलाई अर्थतन्त्रको महत्वपूर्ण हिस्साको रुपमा विकास गर्नु हरेक स्थानीय सरकारको दायित्व हो ।

यस गाउँपालिकाको सबै वडामा संचार सेवा पुगेको छ। गाउँपालिकाको सबै वडामा नेपाल टेलिकम तथा एनशेलका नेटवर्कहरु उपलब्ध रहेका छन्। यहाँ विभिन्न इन्टरनेट सेवा प्रदायक कम्पनीहरुले आफ्नो सेवा विस्तार गरेका छन्।

**अवसर**

- यस गाउँपालिकाको अधिकांश क्षेत्रमा मोबाइल नेटवर्कको कभरेज रहेको तथा इन्टरनेटको पहुँच बढ्दै जानु
- अधिकांश घरधुरी मोबाइल तथा संचारको पहुँचमा रहेको
- युवाहरु मोबाइल चलाउने र इन्टरनेटको नयाँ प्रविधि संग घुलमिल हुँदै गएकाले इन्टरनेट प्रयोगबाट ज्ञान तथा सूचना आदान प्रदान गर्न सहज हुने

**चुनौती**

- कमजोर आर्थिक आवस्थाको कारणले लक्षित वर्गमा सूचना तथा संचार प्रविधिको पहुँच नहुनु
- इन्टरनेट सेवा प्रदायक कम्पनीहरु बजार केन्द्रित हुनु
- एकीकृत तथ्याङ्क व्यवस्थापन तथा सूचना प्रणालीको अभाव हुनु
- गाउँपालिका भित्र एफ.एम. तथा पत्र पत्रिका प्रकाशन नहुनु

**लक्ष्य**

स्थानीयवासीलाई सहज रुपमा सूचना तथा संचारको पहुँच हुनेछ ।

**उद्धेश्यहरु**

- सबै स्थानीय बासीलाई संचारको पहुँचमा पुर्याउनु
- आफ्नै स्थानीय एफएम स्टेसन तथा पत्रपत्रिकाको विकास गर्नु
- सबै घरधुरी सम्म पुग्ने गरी इन्टरनेटको पहुँच वृद्धि गर्नु

### रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय वासीलाई सूचना तथा संचार माध्यमसंग सहज पहुँच पु-याउने | • हरेक वडा कार्यलयमा इन्टरनेटको सेवा पु-याइ निशुल्क वाई-फाई क्षेत्र बनाइनेछ<br>• मोबाइल नेटवर्क नपुगेको ठाउँमा टेलिकमसंग समन्वय गरेर नेटवर्क पुर्याईनेछ<br>• पालिकामै स्थानीय एफ.एम., पत्रपत्रिका स्थापनाको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ<br>• इन्टरनेटको पहुँच हरेक घरमा पुर्याउन सेवा प्रदायकलाई प्रोत्साहन तथा सहुलियत दिइनेछ<br>• सार्वजनिक स्थानमा निशुल्क वाई फाई सेवा उपलब्ध गराइनेछ<br>• युवा लक्षित सूचना प्रविधि सम्बन्धी तालिम र क्षमता अभिवृद्धि कार्यक्रम (फोटोग्राफी, कम्प्युटर सफ्टवेयरहरुको प्रयोग, भिडियो तथा कथा बनाउने प्रशिक्षण) संचालन गरी स्वरोजगारी अवसर प्रदान गरिनेछ |

### कार्यक्रम तथा आयोजना

**तालिकाः सूचना, सञ्चार तथा प्रविधि कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **सूचना, सञ्चार तथा प्रविधि** | | | | | | |
| १ | फ्री वाइफाई जोन, अप्टिकल फाइवर विस्तार | ५ | ६ | ५ | ५ | ५ | २६ |
| २ | सार्वजनिक डिजिटल सूचना वोर्ड जडान तथा विस्तार कार्यक्रम | ६ | ५ | ५ | ५ | ५ | २६ |
| ३ | सार्वजनिक कार्यालय एवं स्थानमा सिसि टिभी व्यवस्था | १० | १० | १२ | १० | १० | ५२ |
| ४ | युवा वर्गलाई डिजाइनिङ, प्रोग्रामिङ, तथ्यांक ब्यवस्थापन, वेव साइट विकास सम्बन्धी तालिम तथा दक्षता अभिवृद्धि कार्यक्रम | ५ | ५ | ५ | ७ | १० | ३२ |
| ५ | विद्यालय एवं सार्वजनिक कार्यालय आइसिटि प्रवद्र्घन | १० | १५ | १५ | २० | २५ | ८५ |
| ६ | सार्वजनिक सेवा अनलाइन गर्ने | १० | १० | १० | १५ | १३ | ५८ |
| ७ | सूचना प्रविधिमा आधारित स्वरोजगारी तथा उद्यमशिलाता विकास कार्यक्रम | ५ | ५ | ९ | १० | ११ | ४० |
| ८ | मोवाइल एप्स निर्माण | ५ | ५ | ५ | ० | ० | १५ |
| | **सूचना, सञ्चार तथा प्रविधिक कार्यक्रम बजेट जम्मा** | **५६** | **६१** | **६६** | **७२** | **७९** | **३३४** |

**तालिका न.: २४ सूचना, सञ्चार तथा प्रविधि विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| एफ एम स्टेशन निजी क्षेत्र लाई प्रोत्साहन गर्ने | संख्या | ० | ० | ० | १ | १ | १ |
| टेलिभिजन उपलब्ध घरधुरी | प्रतिशत | २१.९ | २५ | ३० | ३५ | ४० | ५० |
| इन्टरनेट सेवा प्रयोग गर्ने घरधुरी | प्रतिशत | २.१ | ७ | २० | ३० | ४० | ५० |
| टेलिफोन/मोबाइल प्रयोगकर्ता घरधुरी | प्रतिशत | ८५.५ | ८८ | ९२ | ९५ | ९८ | १०० |
| फ्रि वाइफाइ जोन | संख्या | ० | ४ | १० | १५ | १८ | २० |
| सी सी टि भी जडान | संख्या | ० | २० | ४० | ६० | ८० | १०० |
| सूचना प्रविधि सम्बन्धि अनुशीक्षण कर्मचारी तथा जनप्रतिनिधि | संख्या | ० | ५० | ५० | ५० | ५० | ५० |
| वार्षिक समाचार बुलेटिन | संख्या | ० | १ | १ | १ | १ | १ |

(श्रोतः आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा गाउँपालिकाका हरेक घर सूचना,संचार र प्रविधिसंग जोडिएको हुनेछ।

## ६.३ विद्युत तथा उर्जा

**बिद्यमान अवस्था**

जलविद्युत, आर्थिक वृद्धि र आर्थिक रुपान्तरणको एक महत्वपूर्ण माध्यम हो। संघीय सरकार र प्रदेश सरकारले उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको सम्बाहक मानेको छ । विद्युत विकास र व्यवस्थापनमा स्थानीय सरकारको महत्वपूर्ण भूमिका हुन्छ।

परिवर्तन गाउँपालिकाको ९६.६ प्रतिशत घरधुरीमा विद्युत पुगेको छ तथा कतिपय ठाउँमा पुग्ने अवस्थामा छ। एकदम न्यून घरधुरीले नवीकरणीय उर्जा प्रयोग गर्दछन ।यस गाउँपालिकाको बजार क्षेत्रमा बसोबास गर्ने घरधुरीले खाना बनाउन ग्यासको प्रयोग गर्दछन भने ग्रामिण क्षेत्रका अधिकांश घरधुरीले दाउराको प्रयोग गर्दछन।राष्ट्रिय जनगणना २०७८ अनुसार खान पकाउन इन्धनको रुपमा दउरा प्रयोग गर्ने घरधुरी ९५.३ छ।

**अवसर**

- यस गाउँपालिकाको सबै वडामा विद्युत सेवा विस्तार भएको
- भौगोलिक सहजताले गर्दा सबै ठाउँमा बिजुली पु-याउन सहज हुने अवस्था छ
- सौर्य उर्जाको प्रयोग गर्न सहज रहेको
- नवीकरणीय उर्जाको प्रबर्द्धन गरी लाभ लिन सकिने

**चुनौती**

- प्रसारण लाईनको उपलब्धताको अभावमा गरिब तथा पिछडीएको वर्ग सम्म बिद्युत पुग्न नसक्नु
- नवीकरणीय उर्जाको प्रयोगमा कमी
- ग्रामिण क्षेत्रमा दाउराको प्रयोगबाट खाना पकाउने घरधुरी उल्लेख्य हुनु

**लक्ष्य**

विद्युतीय श्रोतको अधिकतम सदुपयोग गरी आर्थिक सम्बृद्धिमा योगदान हुनेछ ।

**उद्धेश्यहरु**

- बिद्युतमा सबै जनताको पहुँच पुर्याउनु
- विद्युतीय खपत बढाउन स्थानीयलाई प्रोत्साहन गर्नु
- बैकल्पिक उर्जाको सम्भावना अध्ययन गरी बैकल्पिक उर्जा प्रवर्द्धन गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सबै घरधुरीसम्म विद्युतको पहुँच विस्तार गर्ने | • गरिब तथा उत्पीडित वर्गलाई निशुल्क विद्युत सुविधा उपलब्ध गराइनेछ<br>• विद्युत प्रसारणको लागि पुराना जिर्ण अवस्थामा रहेको पोलहरुलाइ विस्थापन गरी नयाँ पोलहरु राखिनेछ<br>• आवश्यक स्थानहरुमा ट्रान्सफर्मर जडान गरी ३ फेज लाइनको विस्तार गरिनेछ<br>• खान पकाउनको लागि स्वच्छ उर्जा (विद्युत, बायो ग्याँस, सुधारिएको चुलो) को प्रयोग बढाईनेछ<br>• बैकल्पिक उर्जा जस्तै सोलार, गोबर ग्याँसको उत्पादन र प्रयोगलाइ प्रोत्साहन गरिनेछ |

### कार्यक्रम तथा आयोजना

**तालिकाः विद्युत तथा वैकल्पिक ऊर्जा कार्यक्रम तथा आयोजना**

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **विद्युत तथा वैकल्पिक ऊर्जा** | | | | | | |
| १ | सुधारिएको चुलो/ इन्डक्सन चुलो वितरण | १० | ६ | १० | ८ | १० | ४४ |
| २ | विद्युतीय पोलहरुको मर्मत सम्भार तथा जिर्ण पोल तथा ट्रान्सफर्मरहरुको प्रतिस्थापन | ३ | २ | ५ | २ | ६ | १८ |
| ३ | विद्युतलाइन विस्तार पहुँच नपुगेको घरधुरीमा | ४ | १० | ३ | ३ | ० | २० |
| ४ | विधुत खपत प्रर्वद्धन | ३ | २ | २ | २ | ३ | १२ |
| ५ | विद्युतीय चार्जिङ स्टेशन प्रर्वद्धन | ५ | १० | ८ | ७ | ७ | ३७ |
| ६ | बैकल्पिक उर्जाको उत्पादन तथा प्रयोगको लागि जनचेतना कार्यक्रम | १ | १ | १ | १ | १ | ५ |
| ७ | सौर्य सडक वत्ती जडान | ४ | ३ | ५ | १० | १० | ३२ |
| ८ | विद्यालय एवं सार्वजनिक भवन सौर्य ऊर्जा प्रवद्र्घन | ७ | ७ | १० | १५ | १५ | ५४ |
| | **विद्युत् तथा वैकल्पिक ऊर्जा कार्यक्रमको बजेट जम्मा** | ३७ | ४१ | ४४ | ४८ | ५२ | २२२ |

**तालिका न.: २५ विद्युत तथा उर्जा विकास नतिजा खाका**

| सूचक | एकाई | आधार वर्ष ७९/८०को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| सडक वत्ती जडान भएका स्थान | संख्या | ० | १० | २० | ३० | ४० | ५० |
| विद्युत सेवा उपलब्ध घरधुरी | प्रतिशत | ९६.६ | ९७ | ९८ | ९९ | ९९.५ | १०० |
| खाना पकाउन इन्धनको रुपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ९५.३ | ९३ | ८८ | ८० | ७० | ६० |
| खाना पकाउन बिजुली प्रयोग गर्ने घरधुरी | प्रतिशत | ० | ५ | १० | १९ | २८ | ३८ |

स्रोतः राष्ट्रिय जानगणना २०७८, आवधिक योजना तर्जुमा कार्यशाला, २०८०

**अपेक्षित उपलब्धी**

आवधिक योजनाको अन्त्य सम्ममा शत प्रतिशत घरधुरीले विद्युतीय उर्जा प्रयोग गरेका हुनेछन भने ४० प्रतिशत घरधुरीले खाना पकाउन स्वच्छ उर्जा प्रयोग गरेका हुनेछन ।

## ६.४ वस्ति, आवास, भवन तथा सार्वजनिक निर्माण

**बिद्यमान अवस्था**

नेपालको संविधानले योजनावद्ध बसोबास, पूर्वाधारको विकास, बातावरणमैत्री सुरक्षित आवासको नागरिक हकलाई प्रत्याभूति गरेको छ। आवासको प्रकार र बस्तीको बनावट अनुसार यस गाउँपालिकामा मिश्रित किसिमको पूर्वाधार रहेको छ।यस गाउँपालिकामा अधिकांश बस्तीहरुमा अर्ध पक्कि तथा कच्चि घरहरुको संख्याको बाहुल्यता रहेको छ । गाउँपालिकाले निजी आवासहरुको नक्सा अभिलेखन राख्न सुरु गरिसकेको छ।

**अवसर**

- आवास निर्माणका निमित्त चाहिने कच्चा पदार्थ तथा जनशक्ति गाउँपालिकामा नै उपलब्ध भएकाले आर्थिक रुपले पनि सस्तो तथा सहज हुने
- ठाउँ ठाउँमा हाटबजार रहेको
- विप्रेषण आप्रवाहले आवास ब्यबस्था गर्ने क्षमता विस्तार भईरहेको
- एकीकृत वस्ती विकास गरी दिगो विकास गर्न सकिने

**चुनौती**

- गरिबीको रेखामुनी रहेका जनताको निमित्त सुरक्षित आवासको लागि आवश्यक श्रोत जुटाउन मुस्किल हुनु
- जथाभाबी रुपमा घर बनाउने परिपाटी रहेकाले खेति योग्य जमिनमा ह्रास आउनु
- सुकुम्बासी तथा भूमिहीनहरुलाई सुरक्षित आवासको पहुँचमा पुर्याउन समस्या हुनु
- छरिएर रहेको वस्ती हुनाले सेवा प्रवाह र विकास निर्माणको लागत अधिक हुने

**लक्ष्य**

स्थानीय सामग्री तथा प्रविधिको समुचित प्रयोग गरी एकीकृत र व्यवस्थित आवास तथा बस्ती विकास हुनेछ।

**उद्धेश्य**

सबै नागरिकलाई सुरक्षित आवासको ब्यवस्था र एकीकृत बस्ती विकास गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| आवास क्षेत्र निर्धारण गरी एकीकृत वस्ती विकास गर्ने | • सीमान्तकृत, लोपोन्मुख, दलित र अति विपन्नका लागी एकीकृत बस्तिको अवधारणा अघि बढाइनेछ<br>• न्यून बर्गीय परिवारहरुको लागि आवास निर्माणमा सहुलियत दिइनेछ<br>• सुकुम्बासी तथा भूमिहीनहरुलाई आवासको ब्यवस्था गरिनेछ<br>• व्यवस्थित बजार विकासका लागी आवश्यक पूर्वाधार निर्माण गरिनेछ |

## कार्यक्रम तथा आयोजना

### बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण** | | | | | | |
| १ | एकीकृत वस्ती तथा आवास निर्माण निर्माणको लागि सम्भाव्यता अध्ययन | २० | ० | ० | ० | ० | २० |
| २ | ल्याण्ड पुलिङ्ग कार्यक्रम/एकीकृत वस्ती निर्माण | ० | ० | ६० | ७० | ९० | २२० |
| ३ | ४ न. वडा कार्यालय भवन निर्माण तथा अन्य वडा कार्यलय भवन स्तरउन्नती | ३६ | ६० | ३० | ४० | ४० | २०६ |
| ४ | भू उपयोग योजना तर्जुमा | २० | ० | ० | ० | ० | २० |
| ५ | अति गरिव, सुकुम्वासीका लागि आवास व्यवस्था | १० | ११ | १० | १० | १० | ५१ |
| ६ | सार्वजनिक भवन निर्माण (विद्यालय लगायत अन्य) | ४० | ६० | ५० | ५२ | ५० | २५२ |
| ७ | मापदण्ड अनुसार सबै स्वाथ्य चौकी भवनको स्तरउन्नति | ५० | ६० | ५० | ५० | ५४ | २६४ |
| ८ | आधारभूत पूर्वाधारयुक्त बजार क्षेत्र स्तरउन्नती | १० | १० | २० | २० | २० | ८० |
| | **बस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण कार्यक्रमको बजेट जम्मा** | १८६ | २०१ | २२० | २४२ | २६४ | १११३ |

### तालिका न.: २६ वस्ती, आवास, भवन तथा सार्वजनिक निर्माण नतिजा खाका

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | संख्या | २ | २ | ३ | ५ | ६ | ७ |
| सार्वजनिक शौचालय | संख्या | ५ | ७ | ९ | ११ | १३ | १५ |
| एकीकृत आवास निर्माण | संख्या | ० | ० | ० | १ | २ | ३ प्रारम्भ |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

**अपेक्षित उपलब्धि**

आवधिक वर्षको अन्त्य सम्ममा सार्वजनिक शौचालयको संख्या १५ र आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार ७ वटा र ३ वटा एकीकृत वस्ती विकासको सुरुवात भएको हुनेछ।

## ६.५. सिंचाई विकास

**बिद्यमान अवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सा—साना सतह तथा लिफ्ट सिंचाइ प्रणालीको सञ्चालन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नति एवं अनगमन तथा नियमन गर्न सक्ने अधिकार स्थानीय तहलाई दिएको छ । कृषियोग्य भूमिमा नियमित वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषिको उत्पादन र उत्पादकत्व वढाउन सिंचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमवाट सिंचित क्षेत्र विस्तार गर्दै सिंचाइ पूर्वाधार निर्माण तथा सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने छ ।

यस गाउँपालिकामा करिव २८ प्रतिशत खेतीयोग्य जमिन रहेको छ । जसमध्ये करिब २१ प्रतिशत जमिनमा सिंचाईको सुविधा पुगेको छ। सतह सिंचाईको स्रोतहरुको कमी रहेकोले लिफ्ट सिंचाई आयोजना निर्माण गर्नुपर्ने र लिफ्ट सिंचाई आयोजनाको लागत बढी हुने हुनाले स्रोत अभाव हुने देखिन्छ ।

**अवसर**

- करिब २८ प्रतिशत भूभाग कृषि योग्य रहेकोले सिंचाई सुविधा विस्तार गरी उत्पादकत्व वृद्धि गर्न सकिने

**चुनौती**

- सबै खेति योग्य जमिनमा सिंचाई पु-याउन चुनौती
- अझै अधिकांस कृषि योग्य जमिनमा सिंचाई पुग्न नसक्नु तथा मौषमी सिंचाईको भरमा खेतीपाती भइरहेको
- सतह सिंचाईको स्रोतहरुको अभाव रहेकोले लिफ्ट सिंचाई गर्नुपर्ने बाध्यता रहेको

**लक्ष्य**

सिंचाईको विस्तार वाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि हुनेछ ।

**उद्धेश्य**

सबै खेतियोग्य जमिनमा वर्षभरी नै सिंचाई सुविधा पुर्याउनु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| सबै कृषि योग्य जमीनमा सिंचाईको पहुँचमा पु-याई कृषि उत्पादन बढाउने | • कुलो तथा नहरबाट सिंचाई गरिनेछ<br>• प्रयोग हुँदै गरेका कुलोहरुको नियमित मर्मत सम्भार गरिनेछ<br>• हाल प्रयोगमा आइरहेको कुलोहरुको गरी स्तर उन्नती गरिनेछ<br>• पोखरी, नहर, कुलोहरु निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत संभार कोषको स्थापना गरिनेछ<br>• सिंचाइ प्रणालीको दिगोपनाका लागि उपभोक्ताहरुको श्रोत सहितको सहभागितामा, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ |

**कार्यक्रम तथा आयोजना**

**तालिकाः सिंचाई विकास**

| क.स. | कार्यक्रमहरू | अनुमानित श्राेत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **सिंचाई** | | | | | | |
| १ | सतह सिंचाई आयोजना/लिफ्ट सिंचाई आयोजना | ४८ | ५४ | ६५ | ७० | ८० | ३१७ |
| २ | सिंचाई कुलो मर्मत संभार कार्यक्रम | १५ | १५ | १५ | १५ | २० | ८० |
| ३ | एकिकृत साना, मझौला तथा वृहत सिंचाई कार्यक्रम | २० | २० | २५ | ३५ | २५ | १२५ |
| ४ | सिंचाई सम्बन्धी सालवसाली योजनाहरु | १० | १० | १० | १० | १५ | ५५ |
| ५ | सिंचाई लागि बिधुत महशसल सहयता | ५ | ७ | ९ | १० | ११ | ४२ |
| ६ | पानी मुहान तथा जलाधारको संरक्षण | १० | १० | १० | १० | १२ | ५२ |
| ७ | पोखरी / सिमसार संरक्षण | १० | १० | १० | १० | १२ | ५२ |
| ८ | प्लाष्टिक पोखरी निर्माण | १० | १३ | ८ | ८ | १० | ४९ |
| ९ | वर्षाको पानीलाई जमिनको सतह मुनी / कृतिम पोखरीमा भरण गर्ने (स्रोत रिचार्ज प्रणाली स्थापना ) | १० | १२ | १३ | १३ | १५ | ६३ |
| | **सिंचाई विकास कार्यक्रमको बजेट जम्मा** | **१३८** | **१५१** | **१६५** | **१८१** | **२००** | **८३५** |

**तालिका न.: २७ सिंचाई विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| खेतियोग्य जमिन | प्रतिशत | २८ | २८ | २८ | २८ | २८ | २८ |
| खेतियोग्य जमिन मध्ये सिंचाई सुविधा पुगेको जमिन | प्रतिशत | २१ | २५ | ३० | ४० | ४५ | ५५ |

(श्रोतः पाँच वर्षीय कृषि विकास गुरुयोजना २०७९, आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

### अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्यमा ५५ प्रतिशत भन्दा वढी खेति योग्य जमिनमा बर्षैभरि सिंचाई सुविधा पुगेको हुनेछ ।

# परिच्छेद- ७ - वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन

नेपालको संविधानको भाग ३ को धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ वातावरणको हक प्रदान गरेको छ। प्राकृतिक श्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तरगत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना गर्ने प्रावधान समेत राखेको छ । विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६ ले विपद् पूर्वतयारी सम्बन्धी अवधारणाहरूको प्रभावकारी कार्यान्वयन मार्फत् विपद् व्यवस्थापनको सुनिश्चितता गर्ने ध्येय राखी विपद् उत्थानशील राष्ट्र निर्माणको दीर्घकालीन सोच राखेको छ । स्थानीय सरकारको कार्यक्षेत्र भित्र वातावरण संरक्षण तथा जैविक विविधता संरक्षण, जलाधार व्यवस्थापन, सिमसार, वन्यजन्तु, खानी तथा खनिज पदार्थ, फोहरमैला व्यवस्थापन साथै प्रकोप व्यवस्थापन पर्दछन्। यस विषयहरूको प्रभावकारी व्यवस्थापनका लागि स्थानीय सरकारले सरकारका अन्य संयन्त्रहरूसंग सहकार्य र समन्वय गर्न जरुरी हुन्छ । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य १२ (उपभोग र उत्पादनमा जिम्मेवारीपना), लक्ष्य १३ (जलवायु सम्वन्धी) यस क्षेत्रसंग जोडिएका छन् । दिगो विकासको लक्ष्य सहित दीर्घकालीन सोच कायम गरेर अगाडि बढ्न तथा संविधान तथा प्रचलित ऐन कानूनले लिएका लक्ष्यहरू समेत हासिल गर्न स्थानीय स्तरमा गाउँपालिकाको भूमिका अत्यन्त महत्वपूर्ण छ ।

## ७.१ वन तथा वातावरण संरक्षण

**बिद्यमान अवस्था**

यस गाउँपालिकाको करिब ४९ प्रतिशत भूभाग बनजंगल तथा घाँसे मैदानले ढाकिएको छ ।गाउँपालिकाले विगत देखि नै सामुदायिक बन व्यवस्थापन पक्षलाई ब्यवस्थित गरेको छ ।गाउँपालिका भित्र एक घर दुई रुख कार्यक्रम तथा एक घर एक करेसाबारी कार्यक्रम तर्जुमा गरिएको छ।सहरी क्षेत्र तथा खाली ठाउँ सौन्दर्यकरणका लागि वृक्षारोपण कार्यक्रम संचालन भएको छ। यस गाउँपालिकामा उष्णीय तथा सम-शितोष्ण दुवै खालको हावापानी पाइने हुँदा जैविक विविधताले भरिएको छ।यहाँको बनमा साल, सिसौ, बकैना, जामुन, तेजपात जस्ता बनस्पतिहरुका साथै विभिन्न प्रकारका जडिबुटीहरु जस्तै कुरिलो, हर्रो, बर्रो आदि पाइन्छ। प्रशस्त घाँसे मैदान भएकाले साना साना किरा फट्यांग्रा तथा साना चराहरु पनि प्रशस्त पाइन्छ ।गाउँपालिकाले आफै फोहर मैला व्यवस्थापन गर्दै आएको छ भने विपद् व्यवस्थापनका लागि हरेक वडामा विपद् प्रतिकार्य टोली गठन भई व्यवस्थापनका कामहरु भईरहेका छन ।

**अवसर**

- गाउँपालिकाको ४९ प्रतिशत भन्दा बढी भूभाग बनजंगल तथा घाँसे मैदानले भरिएको
- गाउँक्षेत्रमा वृक्षारोपण कार्यक्रम लागु भएको
- गाउँक्षेत्रमा रहेको पार्कको संरक्षण र विकासका लागि विभिन्न कार्यक्रमहरु तर्जुमा गरी लागु गरिएको
- बन तथा सार्वजनिक जग्गा क्षेत्रमा सामुहिक जडिबुटी खेतीको सम्भावना रहेको
- विपद् व्यवस्थापनको पक्षलाई प्राथमिकतामा राख्दै त्यसको लागि बजेटको ब्यबस्था गरिएको
- राहत बितरण कार्यविधि र वातावारण तथा प्राकृतिक श्रोत संरक्षण ऐन तयार गरी कार्यन्वयनमा रहेको

**चुनौती**

- जग्गा प्राप्ति एवम प्रयोजन प्रणालीलाई ब्यवस्थित गर्न नसकिएको
- गाउँपालिकालाई प्राकृतिक श्रोत तथा सम्पदाको उपयोग र परिचालनको पूर्ण अधिकार नहुनु
- सामुदायिक बनको उचित उपयोगको अभाव
- बन तथा विपद् व्यवस्थापन क्षेत्रमा आवस्यकता अनुसार बजेट बिनियोजन गर्न नसकिएको
- विपद् आकस्मिक उद्धार तथा राहत सामाग्रीहरु समयमा नै उपलब्ध गराउन नसकिएको
- प्राकृतिक श्रोतको उत्खनन तथा प्रसोधनको अभाव रहेको
- विपद् पुर्व तयारीका लागी विभिन्न प्रकारका श्रोत साधनहरुको अभाव रहेको
- विपद् व्यवस्थापनको लागि संघीय, प्रदेश र स्थानीय तहबाट उपलब्ध राहत वितरण प्रक्रियामा समन्वयमा अभाव रहेको

**लक्ष्य**

बनजंगल तथा जैविक बिबिधताको उचित संरक्षण तथा व्यवस्थापन गरी बातावरणमैत्री गाउँपालिका बन्नेछ ।

**उद्देश्यहरु**

- वनको दिगो व्यवस्थापन गर्नु
- जडिबुटी तथा बन पैदावारको उत्पादन प्रवर्द्धन र बजारीकरण गर्नु
- स्थानीय जडिबुटीको उत्पादन वृद्धि भई ब्यबसायिक रुपमा बिक्री बितरण गर्नु
- फोहरमैला व्यवस्थापनको लागि उपयुक्त सरसफाई केन्द्र (ल्याण्ड फिल्ड साइट) निर्माण गरी ब्यबस्थित रुपमा फोहरमैला संकलन गर्नु
- विपद् व्यवस्थापनमा स्थानीयको क्षमता विकास गर्नु
- जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्नु

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | • जडिबुटी उत्पादन तथा प्रशोधनका लागि उद्योगको स्थापना गरिनेछ<br>• बन संरक्षण तथा थप वृक्षारोपण कार्यक्रम मार्फत बन जंगल तथा घाँसे मैदानले ओगटेको क्षेत्र संरक्षण गरिनेछ<br>• छाडा चरी चरन, बन फँडानी गरी वस्ति विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बन्देज लगाई दण्ड जरिबानाको व्यवस्था गरिनेछ।<br>• व्यावसायिक मूल्य भएका जडीबुटी लगायतका बोट बिरुवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दिगो उपयोगमा जोड दिइनेछ। |
| वातावरण संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनका लागि सामुदायलाई सचेत | • डढेलो नियन्त्रणका लागि छिमेकी पालिकाहरुको समन्वयमा |

| रणनीति | कार्यनीति |
|---|---|
| बनाउने | कार्यक्रम लागु गरिनेछ<br>• पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन गरिनेछ<br>• जलवायु परिवर्तनवाट हुन सक्ने सम्भावित क्षतिलाई न्यूनीकरण गर्न कृषकहरुलाई वाली एवं पशुपंक्षी वीमाको व्यवस्था मिलाइने छ र आवश्यकताका आधारमा सहयोग उपलव्ध गराइने छ । |
| भू संरक्षण तथा जलाधार व्यवस्थापन गर्ने | • खोला किनार वरिपरीका जोखिम क्षेत्र पहिचान गरी तटबन्धनको व्यवस्थापन गरिनेछ<br>• भिरालो जमिन, खोल्साखाल्सी, पहिरो तथा भूक्षय क्षेत्रहरुमा वाँस, अम्रिसो रोपण गर्दै वायोइन्जिनियरिङ प्रविधिवाट भू–क्षयलाई नियन्त्रण गरिनेछ<br>• पानीमुहान, पानीपोखरी, सीमसार, तालतलैया लगायतका स्रोतहरुको क्षेत्राधिकार निर्धारण गरी अतिक्रमणलाई नियन्त्रण गर्दै आवश्यकताका आधारमा वृक्षारोपण एवं रिचार्जपोखरीहरु निर्माण गरी संरक्षण एवं सम्वर्द्धन गरिनेछ । |
| वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन गर्ने | • जैविक तथा अजैविक फोहरलाई छुट्टाछुट्टै संकलन गरी व्यवस्थापन गरिनेछ<br>• फोहोरहरुको सुरक्षित विसर्जनका लागि सरसफाइ केन्द्रको व्यवस्था गर्दै सो क्षेत्रलाई स्यानिटरी पार्कको रुपमा विकास गरिने छ ।<br>• घरमा नै फोहर मैला व्यवस्थापन बर्गिकरण तथा व्यवस्थापन तालिम दिएर फोहर मैला व्यवस्थापनमा स्थानीयको भूमिका बढाइनेछ<br>• कुहिने फोहोरलाई कुहाउने, पुनःचक्रीय प्रयोग गर्न मिल्ने फोहोरलाई पुनःचक्रीय प्रयोगमा पठाउने र फोहोरको निष्कासन न्यूनीकरण जस्ता विषयहरूलाई ध्यान दिई 3R (Reduce, Reuse, Recycle) को अवधारणालाई व्यावहारिक कार्यान्वयनमा ल्याइनेछ । |
| महामारी लगाएत विभिन्न किसिमका विपद् प्रतिकार्यको लागी सामुदायिक सहकार्य बढाउने | • विपद् व्यवस्थापन कोष तथा विपद् व्यवस्थापन समितिलाई सशक्त गराइनेछ<br>• स्थानीयहरुलाई विपद् प्रतिकार्यको लागि क्षमता अभिवृद्धि गर्न प्रशिक्षण दिइनेछ<br>• जोखिमयुक्त क्षेत्रहरूको पहिचान गरी सम्भाव्यता अध्ययनका आधारमा पुनः स्थापना तथा स्थानान्तरण गरिनेछ ।<br>• आपतकालीन व्यवस्थापनका लागि वस्तीहरुमा खुल्ला क्षेत्र, |

| रणनीति | कार्यनीति |
|---|---|
| | पानीपोखरी, आश्रयगृहको व्यवस्था मिलाइने छ र अत्यावश्यक पूर्वाधारको व्यवस्था गरिने छ ।<br>• बाढी, चट्याङ, डुबान, खानी तथा उद्योग क्षेत्र आदिका आधारमा बढी विपद् संवेदनशील क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूबाट बस्ती अन्यत्र सारी व्यवस्थित बनाइनेछ । |

## कार्यक्रम तथा आयोजना

**तालिकाः वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र कार्यक्रम तथा आयोजना**

| क.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र** | | | | | | |
| १ | व्यावसायिक जडिबुटी उत्पादन कार्यक्रम | १० | १३ | १३ | १३ | २० | ६९ |
| २ | जडिबुटी/ रुख नर्सरी | ५ | ५ | ५ | ५ | १२ | ३२ |
| ३ | स्थानीय वातावरण तथा प्राकृतिक स्रोत संरक्षण कानुन निर्माण | ३ | ० | ० | ० | ० | ३ |
| ४ | डढेलो नियन्त्रण कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ५ | सामुदायिक बन संरक्षण कार्यक्रम | ५ | ५ | ५ | ५ | ५ | २५ |
| ६ | फोहोर व्यवस्थापन ल्याण्डफिल्ड साइट निर्माण | १० | ३४ | ५० | ५० | ५५ | १९९ |
| ७ | बजार क्षेत्रमा जैविक तथा अजैविक फोहरको लागि छुट्टाछुट्टै डस्टबिन कार्यक्रम | ५ | ५ | ५ | ५ | ६ | २६ |
| ८ | खोला किनार वरिपरी तटबन्ध कार्यक्रम | २० | २० | २० | २७ | २० | १०७ |
| ९ | सिमसार क्षेत्र संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | १५ | १५ | १५ | २० | २५ | ९० |
| १० | वडामा विपद् ब्यबस्थापन समिति गठन तथा क्षमता अभिवृद्धि कार्यक्रम | ५ | ५ | ५ | ५ | ७ | २७ |
| ११ | आपतकालीन उद्धार सामग्रीहरु ब्यबस्थापन तथा पुनर्भरण कार्यक्रम | १५ | १५ | १५ | १५ | १५ | ७५ |
| १२ | आपतकालीन आश्रयस्थल निर्माण | २० | २० | २० | ३० | ३० | १२० |
| १३ | बिद्यालयमा विपद् जोखिम न्यूनीकरण र ब्यबस्थापन कार्यक्रम | ५ | ६ | ५ | ५ | ६ | २७ |
| १४ | विपद् उद्धार तालिम/ अभ्यास/ प्रतिकार्य | १५ | ५ | ८ | ५ | ८ | ४१ |
| १५ | आपतकालीन आकस्मिक कोष | ३० | ३० | ३० | ३० | ३० | १५० |
| १६ | विपद् पुर्व तयारी कार्यक्रम | ४ | ४ | ४ | ४ | ४ | २० |

| | वन, वातावरण तथा विपद व्यवस्थापनको बजेट जम्मा | १७२ | १८७ | २०५ | २२४ | २४८ | १०३६ |
|---|---|---|---|---|---|---|---|

तालिका न.: २८ वन तथा वातावरण संरक्षण नतिजा खाका

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| वन जङ्गलले ओगटेको क्षेत्र | प्रतिशत | ४९ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| सडक किनारामा विरुवा रोपिएको सडक | कि.मि. | ० | १ | २ | ३ | ४ | ५ |
| दैनिक सफाइ हुने हाट बजार क्षेत्र | संख्या | ३ | ४ | ६ | ८ | १० | १० |
| फोहर मैला ल्याण्डफिल्ड साइट | संख्या | ० | ० | १ | १ | १ | १ |
| विपद्कालिन आश्रयस्थल | संख्या | ० | १ | १ | २ | २ | ३ |
| खोज तथा उद्धार कार्य गर्ने दक्ष जनशक्ति | जना | ० | ३ | ६ | ९ | ११ | १३ |
| विपद् व्यवस्थापनमा संलग्न स्थानीय संस्था तथा संयन्त्र | संख्या | १ | १ | १ | १ | १ | १ |
| एम्बुलेन्स | संख्या | १ | १ | १ | १ | १ | १ |
| दमकल | संख्या | ० | ० | ० | ० | १ | १ छिमेकी पालिकाहरु संगको सहकार्यमा |

(श्रोत: आवधिक योजना तर्जुमा कार्यशाला, २०८०)

### अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा बनजंगलले ढाकेको क्षेत्र संरक्षण भएको हुनेछ भने जैविक तथा अजैविक फोहरहरुको वर्गीकरण गरी व्यवस्थापन भएको हुनेछ ।

# परिच्छेद ८ - संस्थागत विकास तथा सुशासन

स्थानीय सरकार संचालन ऐन, २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवा प्रवाह र विकास कार्यलाई विधिसम्मत ढंगले जनअपेक्षा अनुसार कुशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी प्रभावकारी बनाउने अहम दायित्व रहेको छ ।बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, साधन श्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ।यसको सम्बोधन गर्न बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरू अवलम्बन गर्न जरुरी छ। दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ। दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य—१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य—१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । यसलाई मध्यनजर गरी सेवा प्रवाह र विकास व्यवस्थापन प्रभावकारिता अभिवृद्धि गरी स्थानीय तहमा सुशासन कायम गर्न कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, राजस्व तथा श्रोत व्यवस्थापन गर्नुपर्दछ । संघीय व्यवस्था अनुसार संवैधानिक अधिकारबाट स्थापित स्थानीय सरकार जनताको घरदैलोको सरकारको रुपमा हेरिएको छ।सङ्घीयताको कार्यान्वयन पश्चात "स्थानीय सरकार गाउँ-घरमा सिंहदरबार" भन्ने अवधारणा अनुसार स्थानीय जनताले आफ्नो सरकार तथा अधिकार प्रत्याभूतिको महसुश गरेका छन र स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । तथापी सीमित अधिकार, श्रोत तथा साधन कमी भएकाले जनताले चाहे जस्तो काम गर्न स्थानीय सरकारलाई सजिलो छैन ।

## ८.१ संस्थागत सुशासन तथा क्षमता विकास

**बिद्यमान अवस्था**

गाउँपालिकाले स्थानीय सुशासन कायम राख्न हाल सम्म ४२ वटा कानून निर्माण गरी कार्यन्वयनमा ल्याएको छ । स्थानीय सरकारबाट प्रदान गरिने सेवालाई जनउत्तरदायी बनाउन गाउँपालिका र प्रत्येक वडा कार्यलयहरुमा नागरिक वडापत्र, हेल्प डेस्क लगाएतका कार्यहरुको सुरुवात भएको छ। सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटी, नागरिक वडा पत्र मार्फत सार्वजनिक गर्ने गरिएको छ।त्यसै गरी अनलाइन व्यक्तिगत फारम भर्ने व्यवस्था सबै वडामा विस्तार हुँदैछ।यस गाउँपालिकामा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई क्षेत्रमा कार्य गर्ने विभिन्न गैर सरकारी संस्थाहरु रहेका छन्। गाउँपालिकाले आ. व. २०७९/८० को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको नतिजामा ८०.२५ अंक प्राप्त गरेको छ।

**अवसर**

- जनप्रतिनिधिहरुमा जनताको पक्षमा काम गर्नुपर्छ भन्ने धारणा, विकासमा राजनीति सद्भाव, सामाजिक सहभागिता उल्लेख्य
- स्थानीय जनप्रतिनिधिहरुसंग जनताको सहज पहुँच हुनु र प्रतिनिधि मार्फत जनताका गुनासाहरु सुनुवाई हुने अवस्था
- स्थानीय क्षेत्रको न्याय प्रणालीमा जनताको पहुँच हुनु, नीति निर्माणमा जनताको सहभागिता बढ्नु तथा बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया सहभागितामुलक हुनु
- वडा वडामा आमा समुह तथा बालक्लबहरु गठन भएको

**चुनौती**

- वडा कार्यलयहरुमा कर्मचारी अभाव तथा जनशक्ति व्यवस्थापनमा समस्या
- योजना व्यवस्थापनमा समस्या
- जनशक्ति तथा कर्मचारीको क्षमता विकास हुन नसकेको
- वडा कार्यलयहरुमा सिसिटिभी जडान हुन नसकेको

**लक्ष्य**

संस्थागत हुने भ्रष्टाचार र अनियमितता नियन्त्रण गरी सुशासन सुनिश्चित हुनेछ

**उद्धेश्य**

- प्रविधिमैत्री स्थानीय सेवा प्रवाह गर्दै स्थानीय जवाफदेहिता अभिवृद्धि गर्नु
- जनशक्तीको क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्नु ।

**रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही मैत्री बनाउने | • गाउँपालिका भित्र गुनासो सुनवाई कक्ष निर्माण गरिनेछ तथा सहयोग कक्षलाई परिस्कृत गरिनेछ<br>• सबै वडा कार्यलयहरुमा सीसी टिभी जडान गरिनुको साथै सेवा प्रवाह लाई चुस्त दुरुस्त गरिनेछ |
| आवश्यक नीति निर्माण तथा गाउँपालिकाको तथ्यांक चुस्त राख्ने | • समाजमा व्याप्त लैंगिक विभेद, हिंसा जस्ता कुरीतिहरूलाई न्युनिकरण गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरणको नीति तयार गरी लागु गरिनेछ<br>• आन्तरिक नियन्त्रण प्रणालीलाई ब्यवस्थित गरिनेछ<br>• गाउँपालिकाको तथ्यांकहरु अद्यावधिक गरी वेवसाइटमा ब्यवस्थित गरिनेछ<br>• मलेप तथा आलेप सुझाव कार्यन्वयन गरिनेछ |
| सेवाप्रवाह तथा जवाफदेहिताको अवस्थामा सुधार गर्ने | • सबै वडाहरुमा डिजिटल पाटी तथा ई-हाजिरी प्रणाली लागु गरिनेछ<br>• सुशासन, ऐन, नियम पालनाममा जोड दिइनेछ<br>• सेवा प्रदायकको सामाजिक जवाफदेहिता अभिवृद्धि गर्न सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, सार्वजनिक सुनुवाई गरिनेछ<br>• विषयगत समिति तथा अन्य समितिहरूलाई प्रचलित कानून बमोजिमको कार्यक्षेत्र स्पष्ट गरी कार्य सम्पादनको स्तर सुधारको लागि क्षमता अभिवृद्धि गरिनेछ |
| जनप्रतिनिधि तथा कर्मचारीहरुको कार्य सम्पादन क्षमता सुदृढ गर्ने | • गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गरिनेछ<br>• कार्य सम्पादन करार गरी लागु गरिनेछ<br>• संस्थागत स्वमुल्यांकन नतिजामा सुधार गरिनेछ |
| स्थानीय योजना तर्जुमा तथा | • प्राथमिकता अनुसार योजना निर्माण गरिनेछ |

| रणनीति | कार्यनीति |
|---|---|
| कार्यान्वयनमा जनसहभागितालाई जोड दिने | • समाजका हरेक वर्गलाई योजना निर्माण प्रक्रियामा सामेल गरिनेछ |
| योजना छनौट कार्यन्वयन तथा अनुगमन प्रक्रियालाई व्यवस्थित गर्ने | • गाउँपालिकाले गर्ने कार्यक्रमलाई नियमित अनुगमन गरी प्रभावकारी बनाइनेछ |
| सामाजिक संघ संस्थाहरुलाई सुदृढ बनाई स्थानीय विकासमा परिचालन गर्ने | • गैर-सरकारी संस्थाहरुको कार्यक्रमहरुलाई नियमित अनुगमन तथा मुल्यांकन गरिनेछ<br>• टोल विकास समितिको क्षमता अभिवृद्धि गरिनेछ<br>• युवा क्लब, तथा गाउँपालिकामा भएका अन्य संघठन, आमा समुह, उपभोक्ता समितिहरुको प्रवर्द्धनको लागि निश्चित कोषको व्यवस्था गरिनेछ |

## कार्यक्रम तथा आयोजना

### तालिकाः संस्थागत तथा सुशासन कार्यक्रम तथा आयोजना

| क्र.स. | कार्यक्रमहरू | अनुमानित स्रोत र वार्षिक लक्ष्य (रू.लाखमा) | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पहिलो आ.व. | दोस्रो आ.व. | तेस्रो आ.व. | चौथो आ.व | पाँचौ आ.व | जम्मा |
| | **संस्थागत तथा सुशासन** | | | | | | |
| १ | नागरिक सहायता कक्ष व्यवस्थापन | १ | २ | १ | २ | २ | ८ |
| २ | नियमित सेवाग्राही सन्तुष्टी सर्भेक्षण | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ३ | आवश्यक कानून निर्माण र संशोधन | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | सुचना प्रवाह तथा प्रकाशन/ बार्षिक पुस्तिका प्रकासन | २ | ५ | ५ | ५ | ५ | २२ |
| ५ | पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास | ३ | ५ | ५ | ६ | ७ | २६ |
| ६ | सबै वडाहरूमा डिजिटल सूचना पाटी निर्माण | २ | ५ | १० | ८ | ७ | ३२ |
| ७ | विद्युतीय शासन प्रयोग र पहुँचमा बृद्धि | ३ | ५ | ५ | ५ | ७ | २५ |
| ८ | सामाजिक जवाफदेहिता वृद्धिकालागि (सामाजिक परीक्षण, जे.सी. अडिट, सार्वजनिक सुनुवाइ र सार्वजनिक परीक्षण) सञ्चालन | ८ | १२ | १० | १५ | १५ | ६० |
| ९ | प्रोफाईल अध्यावधिक | १० | ० | ० | ० | ० | १० |
| १० | न्यायीक समितिको सिकाई भ्रमण तथा क्षमता विकास कार्यक्रम | ४ | २ | ५ | २ | ४ | १७ |
| ११ | अन्तरपालिका असल अनुभव आदन प्रदान अध्ययन भ्रमण | ३ | ५ | ७ | ५ | ५ | २५ |
| १२ | संस्थागत स्व मुल्यांकन तथा क्षमता विकास | २ | २ | २ | २ | २ | १० |
| १३ | कर्मचारीहरूको मनोवल र उत्प्रेरणा अभिवृद्धि | ३ | ७ | १० | १० | १० | ४० |
| १४ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली विकास र कार्यन्वयन | ४ | ५ | ६ | ४ | ४ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५ | राजश्व परामर्श समितिका पदाधिकारीहरुको अध्ययन भ्रमण र क्षमता विकास | ४ | ३ | ४ | ४ | ४ | १९ |
| १६ | सार्वजनिक खरिद र खरिद योजना तयारी र कार्यान्वयन सम्वन्धी तालिम | १ | २ | २ | २ | २ | ९ |
| १७ | करदाता शिक्षा कार्यक्रम | ३ | २ | २ | २ | २ | ११ |
| १८ | उत्कृष्ट करदाता प्रोत्साहन कार्यक्रम | १ | २ | १ | ३ | ३ | १० |
| १९ | लेखा समितिको क्षमता विकास तालिम सञ्चालन | २ | १ | १ | १ | २ | ७ |
| २० | विषयगत गुरुयोजना तर्जुमा र अद्यावधिक कार्यक्रम | १२ | १० | ५ | १० | २० | ५७ |
| २१ | उपभोक्ता समिति क्षमता विकास कार्यक्रम | २ | २ | २ | ३ | २ | ११ |
| २२ | मद्यकालिन खर्च संरचना तर्जुमा तथा अद्यावधिक | ५ | १ | २ | २ | २ | १२ |
| २३ | पालिका भित्रका योजनाहरूको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा | ५ | १० | १२ | १५ | १२ | ५४ |
| | **संस्थागत तथा सुशासन जम्मा क्षेत्रको जम्मा बजेट** | **८६** | **९४** | **१०३** | **११२** | **१२३** | **५१८** |

**तालिका न.: २९ संस्थागत सुशासन तथा क्षमता विकास नतिजा खाका**

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| पालिकाले स्वीकृत गरेको एन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड | संख्या | ४२ | आवश्यकता अनुसार | | | | |
| नागरिक वडापत्र | संख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| सार्वजनिक सुनुवाई | संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| सामाजिक परीक्षण | संख्या | १ | १ | १ | १ | १ | १ |
| GESI अडिट | संख्या | १ | १ | १ | १ | १ | १ |
| वार्षिक जनशक्ति क्षमता विकास तालिम | पटक | २ | २ | २ | २ | २ | २ |

| सूचक | एकाई | आधार बर्ष ७९/८० को अवस्था | पहिलो वर्ष ८१/८२ | दोस्रो वर्ष ८२/८३ | तेस्रो वर्ष ८३/८४ | चौथो वर्ष ८४/८५ | पाँचौ वर्ष ८५/८६ |
|---|---|---|---|---|---|---|---|
| सेवाग्राहीले सेवा प्राप्त गर्न लाग्ने औषत समय | मिनेट | ५० | ५० | ४५ | ४५ | ४० | ३० |
| कार्य सम्पादन समिक्षा | पटक | १ | ३ | ३ | ३ | ३ | ३ |
| वार्षिक आन्तरिक आय (आ. व ७९/८०) | रु हजारमा | ४००० | ५०४९ | ५५५४ | ६१०९ | ६७२० | ७३९२ |
| कूल वार्षिक बजेट | रु हजारमा | ५२०३२५ | ४७७४९४ | ५२१५१७ | ५७०४९३ | ६२४३६७ | ६८४१२८ |
| पुँजीगत खर्चगर्ने क्षमता | प्रतिशत | ९१.१६ | ९१.५ | ९२ | ९२.५ | ९२.५ | ९३ |
| समयमै सम्पन्न हुने स्थानीय आयोजना | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ८८ | ९० |
| वस्तुस्थिति विवरण अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १ |
| नतिजामूलक अनुगमन खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन योजना | पटक | २ | ३ | ३ | ३ | ३ | ३ |
| वस्ती स्तरबाट योजना तर्जुमा प्रक्रियामा सहभागिता | जना | १००० | १२०० | १५०० | १७०० | १८०० | २००० |
| सेवाबाट सन्तुष्ट हुने जनता | प्रतिशत | ७२ | ७८ | ८२ | ८५ | ८८ | ९० |

स्रोतः आवधिक योजना तर्जुमा कार्यशाला २०८०

### अपेक्षित उपलब्धी

आवधिक योजनाको अन्त्य सम्ममा समयमा नै सम्पन्न हुने स्थानीय आयोजना ९० प्रतिशत, गुनासो सुनुवाई शत प्रतिशत, सेवाबाट सन्तुष्ट हुने जनता ९० प्रतिशत तथा सेवाग्राहीले ३० मिनेट भित्रै सेवा प्राप्त गरेका हुनेछन।

# परिच्छेद ९ - वित्तिय विश्लेषण

## ९.१ वजेट विश्लेषण र आवधिक योजना अवधिको लागि प्रक्षेपण

नेपालको संविधानले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसारपसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्ने अधिकार दिएको छ। गाउँपालिकाले सबै प्रकारको राजस्व, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुने आफ्नो स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने भनेको छ ।

गाउँपालिकाले आवधिक योजनाको लागि राजस्व र व्ययको अनुमान गर्दा सरकारी, सहकारी, सामुदायिक, निजी र गैरसरकारी क्षेत्र तथा विकास साझेदारको स्रोतको पहिचान गर्नुपर्ने हुँदा यस गाउँपालिकाको आवधिक योजनाको दीर्घकालिन सोच अनुसारका लक्ष्य तथा उद्देश्यहरू अनुरुप पहिचान गरिएका कार्यक्रमहरूको प्राथमिकिकरण गरी सोको लागि आवश्यक श्रोतहरूको व्यवस्थापन सम्बन्धी विवरणहरु यस परिच्छेदमा राखिएका छन ।

## ९.२ वित्तीय हस्तान्तरण

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनद्वारा व्यवस्थित संघ र प्रदेशहरूबाट देहाय बमोजिमका वित्तीय स्रोतहरू हस्तान्तरण भएका छन ।

- संघीय सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलव्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, विशेष अनुदान, समपूरक अनुदान र राजस्व बाँडफाँट वापत प्राप्त हुने रकम ।
- संघीय तथा प्रदेश सरकारबाट प्रत्यायोजित अधिकार अन्तर्गत यस गाउँपालिकालाई प्राप्त हुने कार्यक्रम बजेट जस्तै प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा रकम आदि ।
- वैदेशिक अनुदानतर्फ अन्तर्राष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम संघीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम ।

## ९.३ आय अनुमान

स्थानीय तहको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक प्रावधान, राष्ट्रिय आर्थिक नीति र संघ तथा प्रदेशसँगको आर्थिक अन्तरसम्बन्धलाई मुख्य आधारका रुपमा लिइ वित्तीय व्यवस्थापन सम्बन्धी विश्लेषण र प्रक्षेपण गरिएको छ। गाउँपालिकाले पाँचवर्षको अवधिमा प्रतिव्यक्ति वार्षिक आय झण्डै दोब्बर पुर्याउन, कृषि क्षेत्रको वृद्धि दर बढाइ लुम्बिनी प्रदेशको कृषि क्षेत्र सरह वृद्धिदर हासिल गर्ने, र बेरोजगारी दर उल्लेख्यरुपमा तल झार्ने महत्वाकांक्षी लक्ष्य पूरा गर्नेतर्फ लक्षित गरिएको छ। गाउँपालिकाले उल्लेखित आकारको आर्थिक सम्वृद्धि हासिल गर्न आवश्यक श्रोतका लागि सहकारी, निजी र गैरसरकारी क्षेत्रको एकिकृत र समन्वयात्मक भूमिकालाई समेत आधार मानेको छ। गाउँपालिकाको आवधिक योजनाको वित्तीय प्रक्षेपण गर्दा आ.व २०७९/८० लाई आधार वर्ष मानी अन्य निम्न आधार लिइएको छ ।

- आ.ब. २०७६/७७ देखि २०७९।८० सम्मको यथार्थ आय तथा व्ययको आर्थिक विवरण,
- आ.ब. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट,
- आ.व २०८०/८१ मा संघीय तथा प्रदेश सरकारबाट गाउँपालिका क्षेत्रमा सञ्चालित प्रत्यायोजित कार्यक्रमहरुको वित्तीय विवरण र आगामी वर्षहरुमा सञ्चालन हुन सक्ने प्रदेश सरकारबाट स्थानीय स्तरमा सञ्चालन हुने सम्भाव्य प्रत्यायोजित कार्यक्रमहरु,
- गाउँपालिकाको बजेटमा समावेश भई निजी क्षेत्र, सहकारी क्षेत्र, गैर सरकारी क्षेत्र र जनसहभागिताबाट गाउँपालिकासँगको सहकार्यमा खर्च हुने अनुमानित रकमको प्रगति विवरण ।

आय प्रक्षेपण गर्दा स्थानीय सरकार संचालन ऐनमा व्यवस्थित स्थानीय राजस्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समीति र बजेट तथा कार्यक्रम तर्जुमा समितिका निर्णयहरुलाई समेत प्रक्षेपणको आधार मानिएको छ। आर्थिक प्रक्षेपण गर्दा औसत आर्थिक वृद्धि राजस्व वृद्धिको सम्भावना तथा गाउँपालिकाले गर्नसक्ने थप प्रयासका आधारमा हरेक आ. व. मा अनुमानित वृद्धि गरिएको छ ।

विगत छ आर्थिक वर्षहरूमा भएको आयमा एकरूपता नरहेको कारण शीर्षकगत आय रकमहरुको प्रक्षेपणमा मात्रै भरपर्ने अवस्था देखिदैन। आन्तरिक आयतर्फ शीर्षकगत आम्दानी भएको देखिएको छैन ।संघीय तथा प्रदेश अनुदानहरु तर्फ कुनै अनुदान शीर्षकमा कुनै आ. व. मा अघिल्लो आ. व.को तुलनामा ह्वात्तै रकम वृद्धि भएको देखिन्छ भने सोही आ.व.को अर्को अनुदान शीर्षकमा अघिल्लो आ.व.को तुलनामा रकम न्यून देखिन्छ । गाउँपालिकामा खर्च नभइ मौज्दातको रुपमा रहेको रकम पनि गत आ.व.मा रु २ करोड ६७ लाख रहेको छ ।

शीर्षकगत रुपमा असमान प्रकृतिको आय रकमले निश्चित मापदण्ड राखी वा अघिल्लो आर्थिक वर्षहरूमा भएको वृद्धिदरको औसत राखी आगामी आर्थिक वर्षहरुका तत् शीर्षकहरुमा हुन सक्ने आयलाई प्रक्षेपण गर्न सहज नभएको कारणले गाउँपालकिाको आ. व. ०७९/८० को वृद्धि दरको सालाखाला १० प्रतिशतलाई आधार मानी सो पछीका आ.व.हरूको आय तलको प्रक्षेपण तालिकामा राखिएको छ ।

संघीय पन्ध्रौं योजना, लुम्बिनी प्रदेशको राजश्व सुधारको लक्ष्य तथा सबै तहका सरकारहरुको वार्षिक बजेटको वृद्धि दरका आधारमा तल तालिकामा प्रस्तुत गरिए बमोजिम यस आवधिक योजना अवधिमा कूल रु २ अर्व ८७ करोड ८० लाख आय प्रक्षेपण गरिएको छ। सो मध्ये गाउँपालिकाको आन्तरिक श्रोतको वाट करीब रु १६ करोड रहेको छ। आन्तरिक श्रोतको अनुमानमा आल्या १३ करोड हाराहारी छ भने राजस्व ३ करोड हाराहारी मात्र छ ।

## तालिका न.: ३० प्रक्षेपण तालिका

| शीर्षक | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०७८/७९ को यथार्थ | आ.व. २०७९/८० को अनुमान | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान | आ.व. २०८२/८३ को प्रक्षेपण | आ.व. २०८३/८४ को प्रक्षेपण | आ.व. २०८४/८५ को प्रक्षेपण | आ.व. २०८५/८६ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|---|---|---|
| **आय** | ४६२३३४४४१ | ५०६२०६८८३ | ५२०३२५६९९ | ४४९१३२३१२ | ४७७४९४१९० | ५२१५१७७५७ | ५७०४९३६८० | ६२४३६७१९५ | ६८४१२८०६१ |
| **राजस्व** | ९०७३९२२७ | १०४२५९८८३ | १३७७९४९८९ | १२२४६५३१२ | १३३१८०४९० | १४३८२२६८७ | १५५५२९१०३ | १६८४०६१६० | १८२५७०९२३ |
| **आन्तरिक श्रोत** | १३६७६३५७ | २४६३०३९५ | ४२०२१९८९ | ३०३०८५२८ | ३१८०८०२८ | ३२३१२९७८ | ३२८६८४२३ | ३३४७९४१३ | ३४१५१५०१ |
| ११९३१ सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ० | | ५००००० | | ५००००० | ५५०००० | ६०५००० | ६६५५०० | ७३२०५० |
| ११३१४ भुमिकर/मालपोत | १२००००० | ९००००० | ११००००० | ११०५०००.०० | १२१५५०० | १३३७०५० | १४७०७५५ | १६१७८३०.५ | १७७९६१३.५५ |
| ११३२१ वहाल कर | ० | ४०००० | ४०००० | ४००००.०० | ४४००० | ४८४०० | ५३२४० | ५८५६४ | ६४४२०.४ |
| ११३२२ वहाल विटौरी कर | | | | | ५०००० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | | ५०००० | ५०००० | ५५०००.०० | ५५००० | ६०५०० | ६६५५० | ७३२०५ | ८०५२५.५ |
| ११६९१ अन्य कर | | ५०००० | ७९५००० | ८०००००.०० | ८८०००० | ९६८००० | १०६४८०० | ११७१२८० | १२८८४०८ |
| १४२२१ न्यायिक दस्तूर | | १५००० | १५००० | २००००.०० | २२००० | २४२०० | २६६२० | २९२८२ | ३२२१०.२ |
| १४२२४ परीक्षा शुल्क | | ५०००० | | | ० | ० | ० | ० | ० |
| १४२२९ अन्य प्रशासनिक सेवा शुल्क | | | | | ५००००० | ५५०००० | ६०५००० | ६६५५०० | ७३२०५० |
| १४२४२ नक्सापास दस्तुर | | १००००० | | | १००००० | ११०००० | १२१००० | १३३१०० | १४६४१० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १४२४३ सिफारिश दस्तुर | ५००००० | ७८५००० | ९००००० | ९०५०००.०० | ९९५५०० | १०९५०५० | १२०४५५५ | १३२५०१०.५ | १४५७५११.५५ |
| १४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर | २००००० | ६०००० | १००००० | १०५०००.०० | ११५५०० | १२७०५० | १३९७५५ | १५३७३०.५ | १६९१०३.५५ |
| १४२४५ नाता प्रमाणित दस्तुर | २००००० | १००००० | १००००० | १०५०००.०० | ११५५०० | १२७०५० | १३९७५५ | १५३७३०.५ | १६९१०३.५५ |
| १४२४९ अन्य दस्तुर | ४००००० | १००००० | १००००० | १०५०००.०० | ११५५०० | १२७०५० | १३९७५५ | १५३७३०.५ | १६९१०३.५५ |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | ० | १००००० | १००००० | १०५०००.०० | ११५५०० | १२७०५० | १३९७५५ | १५३७३०.५ | १६९१०३.५५ |
| १४५११ बीमा दावी प्राप्ति | | ५००००० | | | ० | ० | ० | ० | ० |
| १४६११ व्यवसाय कर | | २००००० | २००००० | २०५०००.०० | २२५५०० | २४८०५० | २७२८५५ | ३००१४०.५ | ३३०१५४.५५ |
| ३२१२१ नगद | १११७६३५७.६३ | | | | ० | ० | ० | ० | ० |
| ३२१२२ बैंक मौज्दात | ० | २१५८०३९५.६७ | ३८०२१९८९.५६ | २६७५८५२८.५८ | २६७५८५२८ | २६७५८५२८ | २६७५८५२८ | २६७५८५२८ | २६७५८५२८ |
| **राजस्व बाँडफाँडबाट प्राप्त रकम** | **७७०६२८७०** | **७९६२९४८७** | **९५७७३०००** | **९२१५६७८४** | **१०१३७२४६२** | **१११५०९७०८** | **१२२६६०६७९** | **१३४९२६७४७** | **१४८४१९४२२** |
| ११३१५ घरजग्गा रजिष्टेशन दस्तुर | | | | | ० | ० | ० | ० | ० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७४४७४८७० | ३७४९९५०० | ९०८१५६४७.५९ | ८९०२३५००.०० | ९७९२५८५० | १०७७१८४३५ | ११८४९०२७८.५ | १३०३३९३०६.४ | १४३३७३२३७ |
| ११४२१ बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | ० | ३७४९९५०० | | | ० | ० | ० | ० | ० |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | २५८८००० | ४६३०४८७.३७ | ४९२०००० | ३१३३२८४.०० | ३४४६६१२.४ | ३७९१२७३.६४ | ४१७०४०१.००४ | ४५८७४४१.१०४ | ५०४६१८५.२१५ |
| १४१५३ बाँडफाँड भई प्राप्त वन रोयल्टी | ० | | ३७३५२.४१ | | ० | ० | ० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **अन्य आय** | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १४५२९ अन्य राजस्व | ० | ० | | | ० | ० | ० | ० | ० |
| १५१११ बेरूजू | ० | ० | | | ० | ० | ० | ० | ० |
| **अन्तर सरकारी वित्तीय हस्तान्तरण** | ३७१५९५२१४ | ४०१९४७००० | ३८२५३०७१० | ३२६६६७००० | ३४४३१३७०० | ३७७६९५०७० | ४१४९६४५७७ | ४५५९६१०३४ | ५०१५५७१३८ |
| **संघीय सरकार** | ३२८६७३०८० | ३६५१८५००० | ३४५५२५७१० | ३०२७००००० | ३०८४५०००० | ३३८२४५००० | ३७१५६९५०० | ४०८२२६४५० | ४४९०४९०९५ |
| १३३११ समानिकरण अनुदान | ८६७००००० | ९०७००००० | ९६६००००० | ८५७०००००.०० | ८६०००००० | ९४६००००० | १०४०६०००० | ११४४६६००० | १२५९१२६०० |
| १३३१२ शसर्त अनुदान चालु | २२०५७३०८० | २०२३७५००० | १८५५७०००० | १८७००००००.०० | १९०००००० | २०९००००० | २२९९००००० | २५२८९०००० | २७८१७९००० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ० | ४४७१०००० | ४२१५५७१० | १३००००००.०० | १४३००००० | १५७३०००० | १७३०३००० | १९०३३३०० | २०९३६६३० |
| १३३१५ विषेश अनुदान पुँजीगत | १५०००००० | २७४००००० | २१२००००० | ११५०००००.०० | १२६५०००० | १३९१५००० | १५३०६५०० | १६८३७१५० | १८५२०८६५ |
| १३३१६ समपुरक अनुदान चालु | ६४००००० | | | | | | | ० | ० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | | | ५५००००० | ५५००००० | ५०००००० | ५०००००० | ५०००००० | ५५००००० |
| १३३१८ अन्य अनुदान चालु | ० | | | | ० | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | ४२९२२१३४ | ३६७६२००० | ३७००५००० | २३९६७००० | ३५८६३७०० | ३९४५००७० | ४३३९५०७७ | ४७७३४५८४ | ५२५०८०४३ |
| १३३११ समानिकरण अनुदान | ५०८२००० | ४२१८००० | ५१०५००० | ५८१७०००.०० | ६३९८७०० | ७०३८५७० | ७७४२४२७ | ८५१६६६९.७ | ९३६८३३६.६७ |
| १३३१२ शसर्त अनुदान चालु | १६८४०१३४ | ८५४४००० | ८०००००० | १५००००.०० | १६५००० | १८१५०० | १९९६५० | २१९६१५ | २४१५७६.५ |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ० | | | ८००००००.०० | ८८००००० | ९६८०००० | १०६४८००० | ११७१२८०० | १२८८४०८० |
| १३३१४ विषेश अनुदान | ६०००००० | ९०००००० | ८९००००० | | ९५००००० | १०४५०००० | ११४९५००० | १२६४४५०० | १३९०८९५० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| चालु | | | | | | | | | |
| १३३१६ समपुरक अनुदान चालु | १५०००००० | १५०००००० | | १००००००००.०० | ११०००००० | १२१००००० | १३३१०००० | १४६४१००० | १६१०५१०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ० | | १५०००००० | | १५०००००० | १६५००००० | १८१५०००० | १९९६५००० | २१९६१५०० |
| बैदेशिक | ० | ० | ०.०० | ०.०० | ० | ० | ० | ० | ० |
| जनसहभागिता | ० | ० | ०.०० | ०.०० | ० | ० | ० | ० | ० |

## ९.४ आवधिक योजनाको बजेट अनुमान

खर्चको क्षेत्रगत बाँडफाँडका लागि विगतका आर्थिक वर्षको विषयगत क्षेत्रमा भएको व्यय र गाउँपालिकाको प्राथमिकतालाई आधार मानिएको छ ।

आवधिक योजनाले प्राथमिकतामा राखेका क्षेत्रलाई लगानी प्राथमिकतामा राखी विषयक्षेत्रगत लगानीको सिमा प्रतिशत निर्धारण गरिएको छ। गाउँपालिकाको प्राथमिक क्षेत्रमा लगानी गरिनुपर्ने नीति अनुरुप आ. व. २०८१।८२ देखि आ. व.२०८५।८६ सम्म विषयक्षेत्रगत बजेट बाँडफाँटको अनुपात आर्थिक विकास क्षेत्रमा २५%, सामाजिक विकास क्षेत्रमा २०%, पूर्वाधार विकास क्षेत्रमा ४३%, वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा ८%, र संस्थागत विकास तथा सुशासन क्षेत्रमा ४% हुने गरी गरिएको छ।

चालु आ. व. को बजेटमा चालु खर्च ६६ प्रतिशत र पुँजीगत खर्च ३४ प्रतिशत प्रस्ताव गरिएको छ, चालु खर्चलाई क्रमिक रुपमा कम गर्दै लैजाने नीति अनुरुप आवधिक योजना अवधिका लागि चालु खर्च ५५ र पुँजीगत खर्च ४५ प्रतिशतमा रहने गरी सिमा निर्धारण गरिएको छ । कुल आय रकम २ अर्व ८७ करोड ८० लाख मध्ये बाट पूँजीगत खर्चका लागि आवधिक योजना अवधिका लागि रु १ अर्व २९ करोड ५१ लाख उपलब्ध हुने देखिन्छ ।

**संक्षिप्त बजेट अनुमान (रू हजारमा)**

**तालिका न.: ३१ क्षेत्रगत बजेट अनुमान**

| क्षेत्र/आयोजना | कूल | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
|---|---|---|---|---|---|---|
| कुल अनुमानित रकम | १२९५१०० | २१४८७२ | २३४६८३ | २५६७२२ | २८०९६५ | ३०७८५८ |
| **आर्थिक विकास** | **३२३७७५** | **५३७१८** | **५८६७१** | **६४१८१** | **७०२४१** | **७६९६४** |
| कृषि विकास | १७४८३९ | २९००८ | ३१६८२ | ३४६५७ | ३७९३० | ४१५६१ |
| पशुपन्छी विकास | ३२३७८ | ५३७२ | ५८६७ | ६४१८ | ७०२४ | ७६९६ |
| घरेलु तथा साना उद्योग | ६४७५५ | १०७४४ | ११७३४ | १२८३६ | १४०४८ | १५३९३ |
| पर्यटन, संस्कृति तथा सम्पदा | ४८५६६ | ८०५८ | ८८०१ | ९६२७ | १०५३६ | ११५४५ |
| बैंक, वित्तीय संस्था तथा सहकारी विकास | ३२३८ | ५३७ | ५८७ | ६४२ | ७०२ | ७७० |
| **सामाजिक विकास** | **२५९०२०** | **४२९७४** | **४६९३७** | **५१३४४** | **५६१९३** | **६१५७२** |
| शिक्षा | ९०६५७ | १५०४१ | १६४२८ | १७९७१ | १९६६८ | २१५५० |
| स्वास्थ्य तथा पोषण | ७७७०६ | १२८९२ | १४०८१ | १५४०३ | १६८५८ | १८४७१ |
| महिला तथा बालबालिका | १५५४१ | २५७८ | २८१६ | ३०८१ | ३३७२ | ३६९४ |
| दलित, उत्पीडित, बर्ग उत्थान | ५१८० | ८५९ | ९३९ | १०२७ | ११२४ | १२३१ |
| आदिबासी जनजाती विकास | ५१८० | ८५९ | ९३९ | १०२७ | ११२४ | १२३१ |
| युवा तथा खेलकुद | १२९५१ | २१४९ | २३४७ | २५६७ | २८१० | ३०७९ |
| खानेपानी तथा सरसफाई | ५१८०४ | ८५९५ | ९३८७ | १०२६९ | ११२३९ | १२३१४ |
| **भौतिक पूर्वाधार विकास** | **५५६८९३** | **९२३९५.१** | **१००९१४** | **११०३९१** | **१२०८१५** | **१३२३७९** |
| सडक तथा यातायात क्षेत्र | ३०६२९१ | ५०८१७ | ५५५०३ | ६०७१५ | ६६४४८ | ७२८०८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सञ्चार तथा सुचना प्रविधि पुर्वाधार | ३३४१४ | ५५४४ | ६०५५ | ६६२३ | ७२४९ | ७९४३ |
| विद्युत तथा उर्जा | २२२७६ | ३६९६ | ४०३७ | ४४१६ | ४८३३ | ५२९५ |
| भवन तथा वस्ति विकास | १११३७९ | १८४७९ | २०१८३ | २२०७८ | २४१६३ | २६४७६ |
| सिंचाइ बिकास | ८३५३४ | १३८५९ | १५१३७ | १६५५९ | १८१२२ | १९८५७ |
| **वन, वातावरण संरक्षण एवम् विपद् व्यवस्थापन** | **१०३६०८** | **१७१९०** | **१८७७५** | **२०५३८** | **२२४७७** | **२४६२९** |
| वन विकास तथा वातावरण संरक्षण | १०३६०८ | १७१९० | १८७७५ | २०५३८ | २२४७७ | २४६२९ |
| **संस्थागत विकास तथा सुशासन** | **५१८०४** | **८५९५** | **९३८७** | **१०२६९** | **११२३९** | **१२३१४** |
| संस्थागत सुशासन तथा क्षमता विकास | ५१८०४ | ८५९५ | ९३८७ | १०२६९ | ११२३९ | १२३१४ |

### ९.४.१ राजस्व परिचालनको अवस्था

गाउँपालिकाको नेतृत्वमा तर्जुमा भएको दोस्रो पञ्चवर्षीय आवधिक योजना गाउँपालिका विकासका सबै सरोकारवालाहरूको सार्थक प्रयत्नबाट कार्यान्वयन हुनेछ । नतिजा तालिकामा उल्लिखित लक्ष्य प्राप्त गर्न तर्जुमा गरिएको कार्यान्वयन तथा लगानी योजनामा गाउँपालिकाले आन्तरिक र बाह्य श्रोतबाट हासिल गर्ने आयका अतिरिक्त सबै सरोकारवालाको लगानी समेत प्रक्षेपण गरी योजनाको लागि उपलब्ध अनुमानित स्रोतमा समावेश गरिएको छ।

आ.व. २०७९/८० को विनियोजित **रू. ५२ करोड ०८ लाख ६३ हजार** रहेको छ । जसमा यथार्थ खर्च **४४ करोड ७३ लाख ३७** हजार रहेको छ। यथार्थ खर्चको आधारमा चालु खर्च करिव ६२ प्रतिशत र पुँजीगत खर्च ३८ प्रतिशत छ । गाउँपालिकाको वास्तविक आन्तरिक आय ४० लाख हाराहारी रहेको र जुन कुल बजेटको १ प्रतिशत भन्दा पनि कम छ । चालु आ.व. को आन्तरिक आयको अनुमान ३५ लाख ५० हजार मात्रै छ । गत तीन आ.व.को यथार्थ र चालू आ.व.को अनुमानित आयका आधारमा विश्लेषण गरी वार्षिक १० प्रतिशतका दरले आय वृद्धि हुनसक्ने अनुमानको आधारमा ५ वर्षको कूल अनुमानित आय गणना गर्दा गाउँपालिकाको कूल अनुमानित आय करिब **रु. २ अर्ब ८७ करोड ८० लाख** हुने देखिन्छ । आय विवरणको वृद्धि प्रवृतिका आधारमा गाउँपालिकाको आय घटबढ भइरहेको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत सङ्कलन हुने राजस्वमा भने सामान्य वृद्धि आएको देखिन्छ ।

आन्तरिक श्रोतको योगदान गत आ.व.मा कूल आयको ८ प्रतिशत (आल्या सहित) रहेको छ । आन्तरिक आय आ.व. ०७८/७९ भन्दा आ.व. ७९/८० मा घटेको देखिन्छ । त्यसैगरी बाह्य श्रोतबाट आएको अनुदान सहयोग प्राप्त हुने रकमको कूल आयमा ९२ प्रतिशत भन्दा बढी योगदान रहेको छ । बाह्य श्रोतको आय पछिल्लो वर्षमा भन्दा खासै बढेको देखिंदैन भने चालू आ.व.मा लागत सहभागिताको अनुमानित रकम शून्य देखिन्छ ।

### ९.४.२ खर्च अवस्थाको विश्लेषण

गाउँपालिकामा चालू खर्च अन्तर्गत पदाधिकारीहरूको पारिश्रमिक तथा सुविधा, कर्मचारी पारिश्रमिक तथा सुविधा, कार्यालय सञ्चालन सम्बन्धी खर्च, मर्मत सम्भार खर्च र कार्यक्रम खर्च गरी ५ प्रकारका खर्च रहेका छन् । आ.व. ०७९/८० को व्यय विवरण अनुसार चालू खर्च कूल खर्चको करिब ६२ प्रतिशत रहेको छ भने पूँजीगत खर्च ३८ प्रतिशत रहेको छ । गाउँपालिकाको चालु वर्ष ८०/८१ को अनुमानित बजेटमा चालू खर्च ६६ प्रतिशत र पुँजीगत खर्च ३४ प्रतिशत प्रस्ताव गरिएको छ भने गत आ.व. ०७९/०८० को तुलनामा चालू खर्च बढेको छ । त्यसैले चालु खर्च कम गर्ने नीति अनुसार आवधिक योजनाको अवधिको लागि पूँजीगत खर्च ४५ प्रतिशत र चालु खर्च ५५ प्रतिशत सीमा निर्धारण गरिएको छ।

तालिका ३२: खर्च बाँडफाँटको प्रक्षेपण (रकम रु. हजारमा)

| क्र. सं. | विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को अनुमान | २०८१/८२ को प्रक्षेपण | २०८२/८३ को प्रक्षेपण | २०८३/८४ को प्रक्षेपण | २०८४/८५ को प्रक्षेपण | २०८५/८६ को प्रक्षेपण | आवधिक योजनाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बजेटको वर्गीकरण | | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १.१ | चालू खर्च | २७७९९४ | ३४३५६७ | २६२६२१ | २८६८३४ | ३१३७७१ | ३४३४०१ | ३०७८५७ | १५१४४८७ |
| १.२ | पूँजीगत खर्च | १६९३४२ | १०५५६५ | २१४८७२ | २३४६८३ | २५६७२२ | २८०९६५ | ३०७८५८ | १२९५१०० |
| जम्मा बजेट | | ४४७३३७ | ४४९१३२ | ४७७४९४ | ५२१५१७ | ५७०४९३ | ६२४३६७ | ६८४१२८ | २८७८००० |

स्रोतः परिवर्तन गाउँ कार्यपालिका कार्यालय, लेखा शाखा तथा आवधिक योजना तर्जुमा कार्यशाला छलफल

### ९.४.३ अपुग स्रोत व्यवस्थापन

आवधिक योजना कार्यान्वयनका लागि चालु रु.१ अर्ब ५१ करोड ४४ लाख, पुँजीगत रु. १ अर्ब २९ करोड ५१ लाख र गाउँपालिका गौरवको योजनाको लागि रु.२६ करोड ८० लाख समेत कूल लगानी बजेट रू. ३ अर्ब १४ करोड ६० लाख अनुमान गरिएको छ । आ.व. २०७९÷०८० को यथार्थ र चालू आ.व.को अनुमानित तथा आ.व. २०८०/८१ को प्रस्तावित आयका आधारमा आगामी पाँच वर्षको गाउँपालिकाको अनुमानित आय रु. २ अर्ब ८७ करोड ८० लाख देखिन्छ । यसरी कूल लगानी अनुमान र स्रोत परिचालनबाट प्राप्त हुने बजेट बीच करिब रू. २६ करोड ८० लाख बजेट अपुग देखिन्छ ।

## ९.५ स्रोत परिचालन रणनीति

गाउँपालिकाको आवधिक विकास योजना (आ.व. २०८१/०८२ देखि २०८४/०८५ सम्म) का लागि विभिन्न स्रोतहरूबाट उपलब्ध हुन सक्ने बजेटलाई आधार मानेर कार्यक्रमहरूको अनुमान गरिएको छ । गाउँपालिका कार्यपालिकाको कार्यालय, निजी क्षेत्र, गैसस तथा सहकारी आदिले खर्च गर्न सक्ने परिमाणलाई आधार मानी यसको लागि उपलब्ध हुन सक्ने वित्तीय स्रोतको अनुमान गरिएको छ । यस आवधिक योजनाको कार्यान्वयन विभिन्न आन्तरिक तथा बाह्य स्रोतहरू परिचालन गरी गरिने छ । उक्त स्रोतहरूमा गाउँपालिकाको आन्तरिक स्रोत तथा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने विभिन्न प्रकारका अनुदानहरू, स्थानीय तहलाई राजस्व बाँडफाँट बापत प्राप्त हुने रकम, स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम जस्ता स्रोतहरूबाट प्राप्त हुने रकम, विकास साझेदार संस्थाहरूबाट विभिन्न कार्यक्रमका लागि प्राप्त हुने रकम, निजी क्षेत्रबाट हुने लगानी तथा जनसहभागिता परिचालनबाट प्राप्त हुने रकम मुख्य छन् ।

यस आवधिक योजना अवधिमा कूल रु. ३ अर्ब १४ करोड ६० लाख खर्च हुने अनुमान गरिएको छ भने करिब रु. २ अर्ब ८७ करोड ८० लाख (९१.४८ प्रतिशत) विभिन्न स्रोतहरूबाट रकम प्राप्त हुने अनुमान गरिएको छ । कूल अनुमानित खर्च गर्न अपुग हुने रकम करिब रु. २६ करोड ८० लाख (८.५२ प्रतिशत) बजेटका लागि गाउँपालिकाले थप श्रोतहरू परिचालन गर्नुपर्ने हुन्छ । जसका लागि गाउँपालिकाले निम्नअनुसारका रणनीतिहरू अवलम्बन गरी श्रोत व्यवस्थापन गर्न सकिने देखिन्छ।

स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सांसद कोष) नाममा प्राप्त हुने बजेटहरूको प्रयोग यस आवधिक विकास योजनामा रहेका क्रियाकलाप कार्यान्वयनमा प्रयोग गरिनेछ । स्थानीय पूर्वाधार विकास साझेदारी

कार्यक्रमबाट गाउँपालिकामा आउने रकमलाई गाउँपालिका स्तरीय महत्त्व बोकेका ठूला आयोजना निर्माणमा उपयोग गरिनेछ ।

- गैर सरकारी संस्था तथा निजी क्षेत्रसँगको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- अन्तरराष्ट्रिय गैर सरकारी संस्था, द्विपक्षीय संस्था, बहुपक्षीय संस्थाहरूबाट प्राप्त हुने सहयोगलाई वृद्धि गर्न पहल गरिनेछ । कर तथा गैर राजस्व परिचालनमा करको दरभन्दा पनि दायरा वृद्धि गरी गाउँपालिकाको राजस्व क्षमता वृद्धि गरी स्रोतको व्यवस्था मिलाइनेछ ।
- स्थानीय बचत तथा ऋण समूहहरू, सामुदायिक वन उपभोक्ता समूहहरू जस्ता सामुदायिक क्षेत्रहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सङ्घीय तथा प्रदेश सरकारबाट विशेष तथा समपूरक अनुदान प्राप्त गरिनेछ ।
